संघीय संसद

राष्ट्रिय सभा

# संघीय शासन प्रणाली सवलीकरण विषयक अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

(प्रदेश नं. १)



संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

२०७९

संघीय संसद

राष्ट्रिय सभा

# संघीय शासन प्रणाली सवलीकरण विषयक अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

(प्रदेश नं. १)

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

२०७९

सम्पर्क नं.: ०१-४२००४९१, ४२००१३३, ४२०००२१

ईमेलः scommittee_na@parliament.gov.np

वेभ https://na.parliament.gov.np/np

## समितिको भनाई

संविधान सभामार्फत २०७२ असोज ३ गते जारी संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधान र कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्न सक्ने र तीनै तहको एकल र साझा अधिकारका सूची संविधानमा छ । एकात्मक व्यवस्थाको सिङ्गो राज्यको शक्तिलाई तीन तहका बीचमा विभक्त गरिनुलाई राज्यव्यवस्थामा आएको ठूलो परिवर्तनका रूपमा लिनुपर्दछ ।

संघीय इकाइ अर्थात संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्छन् । यसैगरी आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्दछन् ।

संघीय इकाइहरू आफ्नो एकल अधिकारभित्रको विषयमा कानुन बनाउन स्वायत्त छन् । तर साझा अधिकारका विषयमा कानुन बनाउदा समन्वय र सहकार्य गर्नुपर्ने आशय संविधानको छ । संघीय इकाइ बीचको सम्वन्ध पनि सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने व्यवस्था संविधानमा छ, जस अनुसार एक तहले अर्को तहको अस्तित्वलाई स्वीकार गर्ने र कानुन, नीति निर्माण लगायतका विषयहरूमा समन्वय र सहकार्य गर्नुपर्दछ भन्ने आशय संविधानको छ ।

२०७२ मा संविधान जारी भएतापनि यसको विधिवत् कार्यान्वयन २०७४ मा भएको तीनै तहको निर्वाचन पश्चात् मात्र भएको हो । राज्यशक्तिको अधिकार सहितको तीन तहको सरकारको व्यवस्थाबाट नेपालले संघीयता कार्यान्वयनमा विल्कुल नयाँ प्रयोगको थालनी गरेको छ । नयाँ शासन व्यवस्थामा केही समस्या र द्विविधा हुनु स्वभाविक नै हो । यी समस्याहरूको समाधान समेतमा सरकारको यथेष्ट ध्यानार्कषणका लागि राष्ट्रिय सभामा २०७९ जेष्ठ १९ मा संकल्प प्रस्ताव पेश भएको थियो । यसै संकल्प प्रस्तावका आधारमा सभाले संघीयता कार्यान्वयन सम्बन्धमा राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत लगायत सबै पक्षको अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्न २०७९ जेष्ठ २० मा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन गरेको थियो । कार्यप्रारम्भ गरेको मितिले चार महिनाको समयावधी तोकिएको समितिले विधिवत् कार्यको थालनी २०७९ जेष्ठ २७ बाट गरेको थियो ।

बजेट अधिवेशनको व्यस्तताकाबीच समितिले सातवटै प्रदेशमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने क्रममा प्रदेश नं. १ मा मिति २०७९ भदौ ७ र ८ गते संघीय शासन प्रणाली सवलीकरण विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त अन्तर्क्रिया कार्यक्रममा राजनीतिक दल, नागरिक समाज, मुख्यमन्त्री, प्रदेशका सभामुख, प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका सदस्य, स्थानीय तहका पदाधिकारी, संचारकर्मी, निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्र लगायतका व्यक्ति तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा व्यक्त विचारहरुको आधारमा संघीय शासन प्रणाली सवलीकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन तयार गरी पेश गरेको छौं। समितिलाई प्रभावकारी रूपमा कार्यसम्पादन गर्न मार्गदर्शन गर्नुहुने र अन्तर्क्रिया कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहन गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरू, कार्यक्रममा उपस्थित भएर आफ्नो राय सुझाव प्रदान गर्नुहुने राष्ट्रिय सभाका माननीय सदस्यहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं। अन्तर्क्रिया कार्यक्रममा महत्त्वपूर्ण सुझावहरू प्रदान गर्नुहुने सातै प्रदेशका मुख्यमन्त्रीहरू, पुर्वमुख्यमन्त्रीहरू, मन्त्रीहरू, प्रदेश सभाका सभामुख र प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्रका प्रतिनिधीहरू, नागरिक समाजका प्रतिनिधिहरूप्रति विशेष धन्यवाद छ ।

प्रदेशस्तरीय र पालिकास्तरीय अन्तर्क्रिया कार्यक्रमहरूको व्यवस्थापकीय कार्यमा सहयोग पुऱ्याउने प्रदेश सरकार, प्रदेश सभा र सम्बन्धित पालिका तथा समितिको केही प्राविधिक एवं समन्वयकारी सहयोगका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विशेष धन्यवाद छ ।

नेपाल सरकारका माननीय मन्त्रीहरू, मुख्यसचिव, मन्त्रालयका सचिव, प्रमुख सचिव, विभिन्न आयोगहरू, विभागहरू तथा अन्य निकायका पदाधिकारीहरू, समितिको काममा समन्वयात्मक रूपमा सहयोग पुऱ्याउनु हुने संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, राजनीतिक दलका प्रतिनिधिहरू, समितिको कार्यलाई प्रत्यक्ष र परोक्ष रूपमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने विषय विज्ञहरू, विभिन्न विषयका सरोकारवाला पक्षहरू, संचारकर्मीहरू समितिका सचिव र समितिमा कार्यरत कर्मचारीहरू लगायत प्रत्यक्ष/परोक्ष सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा, हामीलाई राष्ट्रिय सभाको सिङ्गो बैठकबाट विश्वास गरेर जुन भूमिका र जिम्मेवारी प्रदान भयो, यसका लागि पुनः सम्मानीय अध्यक्ष लगायत राष्ट्रिय सभाका सबै माननीयहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

धन्यवाद ।

| | | |
|---|---|---|
| संयोजक | - | मा. खिमलाल देवकोटा |
| सदस्य | - | मा. उदय बहादुर बोहोरा |
| सदस्य | - | मा. प्रकाश पन्थ |
| सदस्य | - | मा. प्रमिला कुमारी |
| सदस्य | - | मा. माया प्रसाद शर्मा |
| सदस्य | - | मा. रामचन्द्र राई |
| सदस्य | - | मा. डा. विमला राई पौड्याल |

२०७९ भदौ १६

## सारांश

नयाँ संविधानले तीन तहको शासन प्रणालीको व्यवस्था गरेको छ। यही संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहको पहिलो कार्यकाल पुरा भई दोस्रो कार्यकालको लागि निर्वाचन सम्पन्न भएको छ भने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको तयारी पनि भईरहेको छ। स्थानीय तहले आ.व. ०७९/८० को नीति कार्यक्रम तथा बजेट समेत पास गरिसकेको अवस्था छ। यसका साथै सबै तहका व्यवस्थापिकाहरूले एक कार्यकाल पुरा गरिसकेको अवस्थामा संघीय संसद अन्तर्गतको राष्ट्रिय सभाले नेपालमा संघीयता कार्यान्वयनको स्थिति लेखाजोखा गर्न 'संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन सम्बन्धी संसदीय विशेष समित' गठन गरी सभाले दिएको कार्यादेश अनुसार उक्त समितिले अध्ययन तथा अनुगमनको प्रकृया अगाडि बढाएको छ।

विगतमा राज्यका व्यवहारबाट पछाडि पारिएका र परेका वर्ग, जाति, समुदाय, वा सांस्कृतिक समूह वा क्षेत्रको राज्यका सबै प्रकृयामा अधिकतम पहुँच बढाउने, सहभागी बनाउने तथा यसका निम्ति उपयुक्त र सहज वातावरण निर्माण गर्ने संघीय शासन प्रणालीको उद्देश्य हो। विगत २५० वर्षभन्दा लामो अवधिको एकात्मक र केन्द्रिकृत शासन व्यवस्थाको चरित्र भत्काएर नेपालको जातीय, भाषिक, सांस्कृतिक एवम् अन्य विविधतालाई सम्मान गर्दै शोषित, उत्पीडित एवम् सीमान्तकृत समुदायका नागरिकलाई राज्य संयन्त्रको सबै इकाइमा अधिकार स्थापित गर्नु हो। त्यसैले संघीयता कार्यान्वयनको हालसम्मको अवस्था के छ उपलब्धिहरू के के प्राप्त भए र सवालहरू के छन् भन्ने विषयमा सबै प्रदेशमा छलफल गर्ने सिलसिलामा प्रदेश नं. १ को राजधानी शहर विराटनगरमा २०७९ भाद्र ७ र ८ गते सरोकारवाला निकायका प्रमुखहरूको वृहत भेलामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा प्रदेश नं. १ का मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षहरू, राजनीतिक दलका प्रतिनीधिहरू, नागरिक समाजका प्रतिनिधि, विज्ञहरू, मन्त्रालय, निर्देशनालय, आयोग तथा विभिन्न कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्युले तहगत सरकारहरूबीच आवश्यकता अनुसारको समन्वय हुन नसकेको, संघीय निजामती ऐनको सर्वत्र चासो र खाँचो महसुस भएको, राष्ट्रिय सभामा उक्त विधेयक प्राप्त भएमा शीघ्र अगाडि बढाउन सकिने, प्रदेश र स्थानीय तहको क्षमता अपेक्षित रूपमा विकास हुन नसकेको, जनप्रतिनिधि र कर्मचारीहरूमा परिवर्तित प्रणाली अनुकूलको कार्यशैली र सोचमा परिवर्तन हुन नसकेको, समस्याहरू धेरै थोरै सबै तहमा रहेका छन् तर सुधारको शुभारम्भ अभिभावकको हैसियतले पनि सर्वप्रथम संघीय सरकारबाट हुनुपर्ने जस्ता विचार राख्नु भएको थियो।

प्रदेश नं. १ का मुख्यमन्त्रीले संघीयता लागु भएपश्चात् प्रदेश नं. १ मा कानुन निर्माणमा उल्लेख्य प्रगति भएको र प्रदेश गौरवका आयोजनाहरू अगाडि बढाउन सफल भएको बताउनु भयो। पछिल्ला वर्षहरूमा सरकारको आर्थिक स्रोत बढी शहर केन्द्रित हुँदै जाँदा रोजगारी र गरिबी निवारणका मुद्दाहरू ओझेलमा पर्दा ग्रामीण क्षेत्र झन झन खाली हुँदै जाने स्थिति सृजना भएको विषयहरू प्रदेश सरकारका मन्त्रीहरू स्वयम्ले उठाउनु भएको थियो।

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक तथा कार्यक्रमका सभापतिले उक्त अन्तर्क्रिया  कार्यक्रम राजनीतिक, वित्तीय, र प्रशासनिक संघीयतामा आधारित हुने कुरा प्रष्ट्याउनु भएको थियो। उक्त कार्यक्रममा प्रदेश नं. १ का सभाका सभामुख, उपसभामुख, मन्त्री, प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष, प्रदेश तथा जिल्ला स्तरका राजनीतिज्ञहरू, नागरिक समाजका प्रतिनिधिहरू, पत्रकार, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रदेश नं. १ का विभिन्न मन्त्रालयका सचिवहरू, प्रदेश लोकसेवा आयोग र प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीहरू लगायतले आ-आफ्नो धारणा राखु भएको थियो।

संघीयता कार्यान्वयनमा जटिल मानिएको कर्मचारी समायोजनको कार्य सम्पन्न भएको, विगतमा केन्द्रमा खासगरी सिंहदरवारमा सीमित रहेको सेवा नगरिकको घर नजिक पुगेको, संघीयता लागू भएपछि संघबाट २०७९ असार मसान्त सम्ममा १२१ नयाँ ऐन निर्माण गरिएको र ४४ वटा ऐन संशोधन भएका छन्। त्यस्तै गरी प्रदेश र स्थानीय तहहरूले पनि आफूलाई आवश्यक ऐनहरू निर्माण गरेका छन्। प्रदेश र स्थानीय तहले आवधिक योजनाहरूका साथै विषयगत गुरुयोजनाहरूमार्फत आफ्नो गन्तव्य र लक्ष्य किटान गरी विकासमा अग्रसर भएका छन्। समावेशिता र सहभागिताको स्थितिमा उल्लेख्य सुधार भएको छ।सडक लगायत पुर्वाधार विकासमा उल्लेखनीय प्रगति भएको छ। सामान्य झैझगडाहरू विगतमा जिल्ला प्रशासन तथा अदालतमा पुग्ने गरेकोमा न्यायिक समितिको माध्यमबाट समाधान भएका छन्। नागरिकहरूले वडा स्तरबाटै सेवा प्राप्त गरेका छन् ।अभिलेखहरूको डिजिटाईजेशन तथ सेवा प्रवाहमा अनलाईन प्रणालीको प्रयोगले सेवा दिने र लिने दुबै पक्षलाई सहज भएको छ।

महत्त्वपूर्ण उपलब्धिहरूका वावजुद केही समस्या र सवालहरू पनि अनुभव भएका छन्। मुलतः तीन तहबीच पर्याप्त समन्वय र सहकार्य हुन नसकेको, संघीयता कार्यान्वयनमा प्रमुख दलहरू र संघीय सरकार उदासिन रहेको, संघीय कर्मचारी ऐनको अभावमा प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा सोचेजस्तो काम गर्न नसकिएको, प्रदेशको एकल अधिकार सूचीमा प्रदेश प्रहरी अग्रस्थानमा भएतापनि अहिले सम्म प्रहरी ऐन ल्याउन नसकिएको। प्रदेश सरकारले सञ्चालन गर्ने कतिपय योजनाहरू सम्बन्धित स्थानीय तहले थाहा नपाई सम्पन्न हुने गरेको, यसले आयोजनामा दोहोरोपना भएको, संघीयताको बारेमा नागरिकहरूमा वितृष्णा बढेको, संघीयताको लाभ आम नागरिकले भन्दा राजनैतिक दलका नेता तथा कार्यकर्ताले बढी मात्रमा लिएको, संघीयताले विशेषतः पिछडिएको वर्ग र समूहलाई जुन रूपमा सशक्तिकरण गर्नुपर्ने थियो सो हुन नसकेको लगायतका बिषयवस्तुहरू उठान भएका थिए।

संघीयतका कारण केही उपलब्धिहरू हासिल भएको भएतापनि नागरिकको अपेक्षा बमोजिम कार्य गर्न नसकेको कुरा स्विकारिएको थियो। हिजोको एकात्मक राज्य प्रणालीलाई विस्थापन गरी तीनतहको सरकार गठन भएसँगै सिंहदरबारको अधिकार गाउँगाउँमा पुगेको कुरालाई संघीयताको मुख्य उपलब्धिको रूपमा लिंदै यस उपलब्धिले नेपालमा समतामूलक समाजको निर्माणमा अहम् भुमिका खेल्ने कुरामा सबैबाट विश्वास व्यक्त भएको थियो ।

# विषयसूची

सारांश........................................................ i

परिच्छेद एकः परिचय

१.१ पृष्ठभूमि........................................................ १

१.२ उद्देश्य........................................................ ३

१.३ अन्तर्क्रिया विधि........................................................ ४

१.४ प्रतिवेदनको सीमा........................................................ ५

१.५ प्रतिवेदनको स्वरूप ........................................................ ५

परिच्छेद दुईः संघीयता कार्यान्वयनको स्थिति

२.१ मुख्य गतिविधि ........................................................ ६

२.२ उपलब्धि........................................................ ७

परिच्छेद तीनः अन्तर्क्रिया कार्यक्रमका उपलब्धि

३.१ उपलब्धि ........................................................ ९

परिच्छेद चारः मुख्य सवालहरू

परिच्छेद पाँचः निष्कर्ष र सुझाव

५.१ निष्कर्ष........................................................ २१

५.२ सुझावहरू ........................................................ २२

सन्दर्भ सूची

अनुसूचीहरू

अनुसूची १- सङ्कल्प प्रस्ताव........................................................ २७

अनुसूची २- समिति सचिवालयमा कार्यरत कर्मचारी........................................................ २९

अनुसूची ३- अन्तर्क्रिया कार्यक्रम गरिएको प्रदेशको परिचय........................................................ ३०

अनुसूची ४ - कार्यक्रमको विस्तृत तालिका ........................................................ ३२

अनुसूची ५- अन्तर्क्रिया कार्यक्रमका केही झलकहरू........................................................ ३४

अनुसूची ६- अन्तर्क्रिया कार्यक्रममा सहभागितासम्बन्धी मापदण्ड........................................................ ३६

अनुसूची ७- छलफलमा व्यक्त भएका विचार तथा सुझाव........................................................ ३७

अनुसूची ८- प्रदेश सभाबाट पारित भएका विधेयकको विवरण........................................................ ६४

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

लोकतान्त्रिक राज्यव्यवस्थामा राज्य शक्तिको स्रोत जनतालाई मानिन्छ र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरूद्वारा नै गरिन्छ। व्यवस्थापिका अर्थात संसद जनप्रतिनिधिमुलक संस्था हो । यसको मुख्य कार्य जनताको हितमा नीति तथा कानुन निर्माण, सरकार गठन, बजेट पारित गर्नु, सरकारको कामकारवाहीको निगरानी गरी सरकारलाई जवाफदेही र उत्तरदायी बनाउनु हो । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा संघीय शासन प्रणालीमा व्यवस्थापकीय अङ्गको स्वस्वरूप निर्धारण गर्दा केन्द्रिय तहमा दुई सदनात्मक संघीय व्यवस्थापिका र राज्य तहमा आवश्यकता अनुसार एक वा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको पाइन्छ । नेपालको संविधानले द्विसदनात्मक संघीय व्यवस्थापिका, एक सदनात्मक प्रदेश व्यवस्थापिका (प्रदेश सभा) र स्थानीय व्यवस्थापिकाको रूपमा गाउँसभा र नगरसभाको व्यवस्था गरेको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा आधारित देश हो । विविधता, आवश्यकता र विशिष्टता अनुरूप शासन प्रबन्ध आफैंले गर्ने स्वतन्त्रताको सुनिश्चितता संघीय शासनमार्फत हुने भएकोले पछिल्ला दशकहरूमा यसको अभ्यास गर्ने लहर विश्वभर विस्तारै बढ्दै गएको पाइन्छ। त्यस्तैगरी लोकतान्त्रिकरणको लहरसँगै सेवाप्रवाहको जिम्मेवारी नागरिकका नजिकका सक्षम निकायलाई दिइनुपर्दछ भन्ने मान्यताको विकास हुँदै जाँदा तल्लो तहका सरकारहरूको महत्त्व स्थापित हुँदै गएको पनि पाइन्छ । यसैक्रममा वि.सं. २०७२ मा जारी गरिएको नयाँ संविधानले नेपालमा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेछन् भनी तीन तहको शासन प्रणालीको व्यवस्था गरेको छ ।

संविधान बमोजिम संघमा संघीय सरकार, प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार गरी तीन तहका सरकारहरू रहेका छन् । संघमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अलग अलग अंगहरूले शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम कार्य सम्पादन गर्छन् । त्यसैगरी प्रदेश तहमा समेत कानुन बनाउने, कानुनको कार्यान्वयन गर्ने र कानुनको व्याख्या गर्ने निकायबीच स्पष्ट भिन्नता छ । तर स्थानीय तह प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने तह भएको र आधारभूत प्रकृतिका कार्यहरू मात्र सम्पादन गर्ने भएकाले पालिकामा एउटै संरचनाभित्र अलग कार्य गर्ने गरी कार्यविभाजन भएको पाइन्छ र तीन प्रकारका अंगहरू स्पष्ट रूपमा छुट्टिँदैनन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो। संविधानले तीन तहहरू बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व, र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने कुरा प्रष्ट्याएको छ । मुलुकमा यसै अनुरूप नै संघीय शासन प्रणालीको अभ्यास वि.स. २०७४ मा सम्पन्न तीनै तहको निर्वाचनहरू पश्चात् शुरु भएको छ।

नेपालको संविधानको धारा ८३ अनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको संघीय संसद रहने व्यवस्था छ । संसदको अभिन्न अङ्गको रूपमा राष्ट्रिय सभा र प्रतिनिधि सभा रहेका छन्। संविधानको परिधि, ऐनहरूको प्रावधान र आपसी समन्वयका आधारमा संघीय शासन प्रणालीको सवलीकरणका लागि दुबै सदनले प्रभावकारी रूपमा काम गरिरहेको पाइन्छ। राष्ट्रिय सभा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले निर्वाचित गरेर पठाएका जनप्रतिनिधिको सभा भएकोले यो संघीयताको संरक्षक सभा पनि हो । राष्ट्रिय सभामा प्रदेश र स्थानीय तहका सवालहरू बारम्बार सदस्यहरूबाट उठान भइरहेका हुन्छन् ।

विभिन्न तहहरूबीच कसिलो अन्तरसम्बन्ध, सवल वित्तीय संघीयता, कामयावी प्रशासनिक संघीयता, कानुन तर्जुमाको गतिशीलता र सेवा प्रवाहको प्रभावकारितामा संघीयताको सफलता निर्भर रहेको छ। तर सरकारका विभिन्न तहहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने संवैधानिक व्यवस्था भएतापनि यसको पालना राम्रो सँग हुन नसकेको, अपर्याप्त जनशक्ति र क्षमताका कारण प्रदेश र स्थानीय तहले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकेको, अधिकार र जिम्मेवारी प्रदेश र स्थानीय तहमा गएतापनि विभिन्न आयोजनाका नाममा संस्थागत संरचनाहरू थप गर्ने प्रवृत्तिमा कमी नआएको, सरकारका तहहरू र राज्यसंरचनाबीचको गतिशिलता, सहकार्य र समझदारीमा कमीका कारण नागरिक प्रतिको जवाफदेहिता र उत्तरदायित्वको भावनामा ह्रास आएको गुनासाहरू व्यापक रूपमा उठ्ने गरेका छन् ।

सभा उठ्ने सवाल तथा आमरूपमा उठ्ने गरेका गुनासाहरू लगायत संघीयता कार्यान्वयनमा देखिएका समस्याहरूको समाधानका लागि नेपाल सरकार लगायतका निकायहरूको यथेष्ट ध्यानार्कषण गराई संविधानले परिकल्पना गरेको उद्देश्य पुरा होस् भनी संघीयता कार्यान्वयनसम्बन्धी राष्ट्रिय सभामा दर्ता भएको संकल्प प्रस्तावमाथि २०७९ जेष्ठ १९ गते छलफल भई सर्वसम्मतिले उक्त प्रस्ताव स्वीकृत भएको थियो । सभाले उक्त संकल्प प्रस्तावमा समावेश भएका विषयहरूको कार्यान्वन गर्न सरकारलाई निर्देशन पनि गरेको छ । संघीयता कार्यान्वयनसम्बन्धी संकल्प प्रस्ताव अनुसूची-१ मा समावेश गरिएको छ ।

राष्ट्रिय सभाको २०७९ जेठ २० गतेको बैठकबाट राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १६७ बमोजिम संकल्प प्रस्तावका प्रस्तावक माननीय खिमलाल देवकोटाको संयोजकत्वमा देहायका सदस्यहरू रहने गरी सात सदस्यीय "**संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति**" गठन भएको थियो।

| | | |
|---|---|---|
| संयोजक | - | मा. खिमलाल देवकोटा |
| सदस्य | - | मा. उदय बहादुर बोहोरा |
| सदस्य | - | मा. प्रकाश पन्थ |
| सदस्य | - | मा. प्रमिला कुमारी |
| सदस्य | - | मा. माया प्रसाद शर्मा |
| सदस्य | - | मा. रामचन्द्र राई |
| सदस्य | - | मा. डा. विमला राई पौड्याल |

समितिको सचिवालयको रूपमा राष्ट्रिय सभाको सभा सञ्चालनसँग सम्वन्धित कर्मचारीहरूलाई तोकिएको थियो । सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची-२ मा समावेश गरिएको छ।

उक्त समितिलाई संघीयता कार्यान्वयन सम्बन्धमा राजनीतिक, वित्तीय, प्रशासनिक, संरचानगत लगायतका सबै पक्षको अध्ययन गरी सो सम्बन्धमा हालसम्म भएका उपलब्धिहरूको लेखाङ्कन गर्नुका साथै कमि-कमजोरी आङ्कलन गर्दै समाधानका उचित उपायहरू प्रस्तुत गर्ने कार्यदिश प्राप्त भएको थियो। उक्त कार्यदिश बमोजिम समितिले ७ वटै प्रदेशमा प्रदेश सरकार, स्थानीय सरकार एवं सरोकारवाला निकायहरूबीच अन्तर्क्रिया गर्ने निर्णय गरेको थियो । सोही सिलसिलामा प्रदेश नं. १ को विराटनगरमा २०७९ भाद्र ७ र ८ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। अन्तर्क्रिया कार्यक्रम गरिएको प्रदेश नं. १ को परिचय अनुसूची -३ मा, अन्तर्क्रिया कार्यक्रमको विस्तृत तालिका अनुसूची -४ र कार्यक्रमका केही झलकहरू अनुसूची -५ मा संलग्न गरिएको छ ।

## १.२ उद्देश्य

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको मुख्य उद्देश्य नेपालमा संघीयता कार्यान्वयनको समग्र अवस्था पत्ता लगाउनु हो। उक्त प्रयोजनका लागि प्रदेश नं. १ मा भएको प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमका विशिष्ट उद्देश्यहरू यसप्रकार छनः

- नेपालमा संघीयता (राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत र समावेशिता) कार्यान्वयनको समग्र अवस्थाका साथै प्रदेश नं. १ को यथार्थताका बारेमा छलफल गर्नु।
- संघीयता कार्यान्वयनको सिलसिलामा सम्पन्न मुख्य क्रियाकलापहरू तथा त्यसबाट प्राप्त भएका मुख्य मुख्य उपलब्धिहरूबारे छलफल गर्नु।
- संघीयता कार्यान्वयनमा विभिन्न तहबाट भएका कमी कमजोरीहरू तथा गर्न बाँकी रहेका कामहरू लेखाजोखा गर्नुका साथै अपेक्षित नतिजा प्राप्त गर्न नसक्नु पछाडिका मुख्य कारण तथा सवालहरू पहिचान गर्नु।
- संघीयता कार्यान्वयनमा भएका समस्या/सवालहरूको समाधानका उपायहरू प्रस्तुत गर्नु आदि।

## १.३ अन्तर्क्रिया विधि

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन सम्बन्धी संसदीय विशेष समितिका संयोजक माननीय डा. खिमलाल देवकोटाको अध्यक्षता र राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष ज्यूको प्रमुख आतिथ्यतामा संघीय शासन प्रणाली सवलीकरण सम्बन्धी छलफल तथा अन्तर्किया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा समितिका सदस्यहरू, राष्ट्रिय सभामा प्रमुख दलका नेताको समेत उपस्थिति रहेको थियो । प्रदेश सदरमुकाम समेत रहेको विराटनगरमा सम्पन्न उक्त कार्यक्रममा बोल्ने सहभागीहरू हरेकलाई तीनदेखि पाँच मिनेटमा आफ्ना भनाईहरू राख्न समय उपलब्ध गराईएको थियो। सहभागी बक्ताहरूका भनाईलाई अलग अलग टिपोट गरिएको थियो। अन्तर्क्रिया मा तीन प्रकारका व्यक्तित्वहरू (जनप्रतिनीधि, कर्मचारी तथा नागरिक समाज) को सहभागिता रहेको थियो।

अन्तर्किया कार्यक्रममा प्रदेशका मुख्य मन्त्री, प्रदेश सभाका सभामुख, मन्त्रीहरू, प्रदेश सभाका सदस्य तथा प्रदेशभित्रका पालिकाहरू (स्थानीय तह) का प्रतिनिधिमूलक रूपमा प्रमुख तथा उपप्रमुखहरू, प्रदेशस्थित लोक सेवा आयोगका पदाधिकारी, नीति तथा योजना आयोगका पदाधिकारी र मुख्य न्यायाधिवक्ता, राष्ट्रिय मान्यताप्राप्त दलका प्रदेश कमिटिका प्रमुखहरू, निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी संस्थाहरू, पत्रकार, प्रदेशका प्रमुख सचिव, प्रमुख जिल्ला अधिकारी, प्रदेश मन्त्रालयका सचिवहरू, मुकाममा रहेका अन्य कार्यालयका प्रमुखहरू लगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो । अन्तर्रक्रिया कार्यक्रममा सहभागिताका सम्बन्धमा समितिले बनाएको मापदण्ड अनुसूची -६ मा संलग्न छ ।

कार्यक्रमको शुरुवातमा जनप्रतिनिधिहरूबाट प्रारम्भ गरिएको छलफल नागरिक समाजका प्रतिनिधीहरू हुँदै अन्त्यमा प्रदेश नं. १ अन्तर्गतका विभिन्न मन्त्रालयका सचिवहरू, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, निर्देशनालय, आयोग एवम कार्यालय प्रमुखहरूका बीचमा अन्तर्क्रिया भएको थियो।

## १.४ प्रतिवेदनको सीमा

यस प्रतिवेदनमा संघीयता सम्बन्धी उपलब्ध सबै सूचनाहरूलाई समावेश नगरी संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन सम्बन्धी संसदीय विशेष समितिलाई प्राप्त भएको कार्यदेशको सीमाभित्र सीमित रहेको छ। प्रतिवेदन तयार गर्दा मूलतः राजनीतिक संघीयता, वित्तीय संघीयता, र प्रशासनिक संघीयताको सीमामा रहेर प्रदेशस्तरमा आयोजित छलफलका सहभागीहरूद्वारा उठाइएका विचारहरू, प्रधानमन्त्री तथा मन्त्रीपरिषद सचिवालय लगायत अन्य संघीय निकायहरूबाट प्राप्त सूचनाहरू, प्रदेश सरकार तथा सो मातहतका निकाय र स्थानीय तहबाट प्राप्त विवरणहरूलाई मुख्य आधार मानिएको छ। मुलतः प्रदेश नं. १ स्तरीय छलफलमा आधारित भई तयार गरिएको प्रतिवेदन भएको हुनाले यहाँ चर्चा गरिएको अवस्था र नतिजा अन्य प्रदेशसँग दुरुस्तै मेल नखान पनि सक्दछ।

## १.५ प्रतिवेदनको स्वरूप

प्रदेश नं. १ स्तरीय यो प्रतिवेदन विभिन्न पाँच परिच्छेदहरूमा विभक्त छ। पहिलो परिच्छेद परिचयको रहेको छ। अध्ययनको पृष्ठभूमि, अध्ययनको उद्देश्य तथा विधि आदि विषयहरू यस परिच्छेदमा समावेश छन।परिच्छेद दुईमा संघीय शासन प्रणाली कार्यान्वयनको क्षेत्रमा हालसम्म विभिन्न तहका सरकारहरूबाट सम्पादित मुख्य मुख्य क्रियाकलापहरू र त्यसबाट भएका उपलब्धिहरू समावेश गरिएको छ।

त्यस्तैगरी परिच्छेद तीनमा प्रदेश नं. १ स्तरीय अन्तर्क्रिया कार्यक्रमका मुख्य उपलब्धिहरू तथा कार्यक्रममा सहभागीहरूद्वारा राजनैतिक, वित्तीय, तथा प्रशासनिक संघीयताका बारेमा व्यक्त विचारहरू समावेश गरिएको छ । परिच्छेद चारमा संघीयता कार्यान्वयनमा देखा परेका मुख्य समस्या तथा सवालहरूको बारेमा चर्चा गरिएको छ भने अन्तिम तथा पाचौं परिच्छेद निष्कर्ष तथा सुझावका लागि रहेको छ।

## परिच्छेद दुईः संघीयता कार्यान्वयनको स्थिति

लोकतान्त्रिक व्यवस्था भएका सबै देशहरूमा संघीय शासन प्रणाली छैन। नेपालका लागि पनि संघीय शासन प्रणाली नयाँ अनुभव हो। संविधानमा उल्लेखित तीन तहका सरकारहरू बीचको सम्बन्धका आधारहरुः सहकारिता, सहअस्तित्व र समन्वय हुने व्यवस्था गरियो तर तिनको पालना राम्रोसँग हुन नसकेको जनगुनासो रहेको छ। किनभने एक स्थानीय तहको ठाडो वा तेर्सो सम्बन्ध अन्य स्थानीय तह, प्रदेश र संघ सरकार सँग रहने र सो अन्तरसम्बन्धले उक्त स्थानीय तहको शासकीय प्रभावकारितामा प्रभाव पार्दछ। वि.स. २०७४ देखि यता सबै तहका सरकारहरूले एक पूर्ण कार्यकाल पुरा गरिसकेका छन। पाँच वर्ष पार गरिसकेकोले संघीय शासन प्रणाली कार्यान्वयन सम्बन्धमा तीनले के के क्रियाकलापहरू गरे। ति क्रियाकलापहरूबाट के के उपलब्धिहरू प्राप्त भए भनी उपलब्धिहरूको लेखाजोखा गर्ने उपयुक्त समय हो यो।

### २.१ मुख्य गतिविधि

वि.स. २०७४ सालमा सम्पन्न स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचन पश्चात् नेपालमा संघीय शासन प्रणाली कार्यान्वयन चरणमा विधिवत रूपमा प्रवेश गरेको हो। विगतमा फरक कानुनी हैसियतमा स्थानीय निकायको रूपमा भएतापनि स्थानीय तह नेपालमा पहिला पनि अस्तित्वमा थिए। प्रदेश सरकार नेपालका लागि विल्कुल नयाँ अभ्यास हो। संघीय सरकार एकात्मक सरकारको रूपमा विगत देखिनै अस्तित्वमा थियो। संघीय सरकारका आफ्नै भौतिक र प्रशासनिक संरचनाहरू थिए/छन। संघीय सरकारसँग पहिला देखिनै निश्चित विधि पद्धति, कर्मचारी प्रशासन र स्थापित प्रणाली थियो/छ। तथापि वृहत प्रकारको विकेन्द्रीकरण, अन्तर-सरकारी वित्त व्यवस्थापन एवम् अन्तर तह समन्वय र प्रदेश तथा स्थानीय सरकारको अनुगमन गर्ने कार्य भने संघीय सरकारका लागि पनि नयाँ विषय हो। तथापि थुप्रै वाधा अड्चनका वावजुद यो अवधिमा संघीयता कार्यान्वयनमा केहि सुधारहरू भएका छन।

अहिले मुलुकमा राजनैतिक स्थायित्व कायम भएको छ। जटिल ठानिएको कर्मचारी समायोजनको कार्य केही हदसम्म भएपनि सम्पन्न भएको छ। जसअनुसार संघमा ४८,४०९; सात वटै प्रदेशमा २२,२९७ र स्थानीय तहमा ६६,९०८ दरबन्दी तय गरिएको छ।[१] साझा अधिकारसँग सम्बन्धित अष्पस्ट केही अधिकारहरू बाहेक अधिकांश विषय क्षेत्रमा आफुलाई आवश्यक कानुनहरू निर्माण गरेका छन्। नयाँ संविधान जारी भएपश्चात् संवत् २०७९ असार मसान्तसम्म संघीय

[१] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रेश विज्ञप्ती, मिति २०७५।१२।१४

संसदबाट १२१ वटा नयाँ विधेयक पारित भई ऐन बनेका छन। विभिन्न ४३१ वटा ऐनमा संशोधन गरी अद्यावधिक गरिएको छ। २०७९ असार मसान्त सम्म सातवटा प्रदेशले २४० वटा ऐन निर्माण गरेका छन भने प्रदेश १ सभाले ६१ वटा ऐन जारी गरेको छ।[२] प्रदेश सभाले पारित गरेका विधेयकहरूको विवरण अनुसूची-८ मा संलग्न छ ।अन्तर सरकारी वित्त हस्तान्तरण प्रकृयाको अभ्यास भएको छ। प्रदेश र स्थानीय तहले प्रत्येक महिनाको १५ गते भित्र राजश्व बाँडफाँड वापतको रकम प्राप्त गरिसक्ने व्यवस्था भएको छ। सबै तहका सञ्चित कोषहरू तथा राजश्व बाँडफाँडका विभाज्य कोषहरू सञ्चालनमा आएका छन्।

Sub-national Treasure Regulatory Application (SuTRA) को प्रयोगले वित्तीय अनुशासनमा वढोत्तरी भएको छ। प्रदेश लोकसेवा आयोगहरूले प्रदेश र स्थानीय तहका लागि दरबन्दी अनुसार पदपुर्ति थालेका छन। प्रायः सबै स्थानीय तहहरू तथा प्रदेश सरकारहरूले प्रशासकीय भवन लगायत आवश्यक भौतिक संरचनाहरूको विकास गरिसकेका छन। प्रथम पञ्चवर्षीय योजनाका साथै विषयगत गुरुयोजनाहरू सबै प्रदेश तथा स्थानीयतहरूले निर्माण गरी आफ्नो विकास लक्ष्य र गन्तव्य तय गरेका छन। केहि अपवाद बाहेक सबै तहका सरकारहरूले तोकिएकै समयमा नीति तथा कार्यक्रम र बजेट सभामा पेश गर्ने र पास गर्ने गराउने पद्धतिको अभ्यास भएको छ।

सबै तहका संरचनाहरूमा समावेशिताको अवस्थामा झन् झन् विस्तार भएको छ। सोही अनुसार महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरू, लोपोन्मुख समुदाय लगायतका व्यक्तिहरूको सहभागिता उल्लेख्य रूपमा बढेको छ। प्रदेश लोकसेवा आयोग र प्रशिक्षण प्रतिष्ठान लगायत अन्य धेरै प्रादेशिक संरचनाहरू कृयाशील भएका छन। सबै स्थानीय तहमा बैंकका शाखाहरू पुगेका छन। यसले बैंकिङ सेवा पनि समावेशी बन्न पुगेको छ।

## २.२ उपलब्धि

सेवा प्रवाह नागरिकको घर नजिक पुगेको छ। सिंहदरवारमा केन्द्रित उच्चतहको सीपयुक्त जनशक्ति विकेन्द्रित भई गाउँपालिका नगरपालिकामा पुगेको छ। यसले स्थानीय तहको सेवाको गुणस्तरीयतामा सुधार भएको छ। स्थानीय तह र प्रदेश सरकारहरूले सेवा प्रवाहको मापदण्ड विकास गरी सेवाप्रवाहलाई कसरी थप व्यवस्थित बनाउन सकिन्छ भन्ने विषयमा सजग भएका छन्। स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा आ.व. ०७६/७७ मा स्थानीय तहहरूले सेवा प्रवाहको क्षेत्रमा प्राप्त गरेको ५४.२४ प्रतिशत अङ्कमा सुधार भई आ.व. ०७७/७८ मा ६४.४६ प्रतिशत

[२] विधेयकहरू — प्रदेश सभा सचिवालय (p1.gov.np)

पुग्नुले पनि यहि सङ्केत गर्दछ।[३] प्रदेश र स्थानीय तहका विभिन्न संरचनाहरू समावेशी हुँदा निर्णय लिने स्थानमा पिछडिएका वर्ग क्षेत्र समुदायका मानिसको पहुँच बढ्न गएको छ। २०७४ को स्थानीय निर्वाचनमा ४०.९ प्रतिशत महिला निर्वाचित भएकोमा २०७९ को स्थानीय निर्वाचनमा ४१.२१ प्रतिशत देशभरबाट निर्वाचित भएका छन।[४]

योजना निर्माण र कार्यान्वयनमा जनसहभागिता बढेको छ। सबै स्थानीय तहमा बैंकका शाखाहरू विस्तार हुँदा समावेशी बैंकिङ्ग सेवाको विकास भएको छ। वडा कार्यालय सम्म सडक सञ्जाल र ईन्टरनेट सुविधा विस्तार भएको छ। फलस्वरूप स्थानीय तहहरूले सेवाप्रवाहलाई विस्तारै अनलाईन प्रणालीमा लान थालेका छन्। सरकारी भुक्तानीहरूमा नगदको प्रयोग करिब बन्द भएको छ। विपदको समयमा स्थानीय सरकारहरूले तत्काल घटनास्थलमा पुगी जनउत्तरदायी सरकारको अनुभुति दिन थालेका छन। तथापि अधिकार क्षेत्र अनुरूप कानुनहरू निर्माण हुन नसक्नु, वित्तीय संघीयताले मुर्तरूप लिन नसक्नु, विभिन्न विषयगत क्षेत्र जस्तैः सडक, सिचाईं, कृषि, पशु, वन, स्वास्थ्य लगायतका क्षेत्रहरूका कार्यक्रम कार्यान्वयनमा दोहोरोपना हुनु आदि समस्याहरू पनि छन्।

[३] LISA Nepal - Home (mofaga.gov.np) retrieved in 5th Aug., 2022.
[४] निर्वाचन आयोगको वुलेटिन, २०७९ ज्येष्ठ ६ गते।

## परिच्छेद तीनः अन्तर्क्रिया कार्यक्रमका उपलब्धि

संघीय शासन प्रणाली बहुतहका सरकारहरू बीच समुचित तवरले राजनैतिक, प्रशासनिक र वित्तीय अधिकारको बाँडफाँड गरी राज्य सञ्चालन गर्ने एक प्रणाली हो। सुशासन, समावेशी तथा सहभागितामुलक निर्णय प्रक्रिया, भौगोलिक, सामाजिक तथा साँस्कृतिक विविधताको पहिचान तथा सम्मानने संघीय शासन प्रणालीका चरित्रहरू हुन्। यस परिप्रेक्ष्यमा, नेपालको संविधानले संघीयताको प्रभावकारी व्यवस्थापन तथा सबलीकरण गर्न राज्यका सबै नीति, नियम, कानुन, संरचना, प्रक्रिया तथा पद्दतिहरूमा माथि उल्लेखित विषयहरू समाहित गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ।

संघीय शासन प्रणालीलाई सवलीकरण गर्ने सम्बन्धमा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिद्वारा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूबाट व्यक्त विचार तथा सुझावहरूको सारलाई निम्नानुसार उल्लेख गरिएको छ।

### ३.१ उपलब्धि

संघीय शासन प्रणालीलाई सवलीकरण गर्ने सम्बन्धमा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिद्वारा आयोजना गरिएको छलफल तथा अन्तर्क्रिया कार्यक्रमका उपलब्धिहरू यसप्रकार रहेका छन्ः

- राष्ट्रिय सभाले पारित गरेको १५ बुँदे सङ्कल्प प्रस्तावको कार्यान्वयन गर्न तीनै तहका सरकारहरूलाई दवाब सृजना भएको छ।
- प्रदेश र स्थानीय तहमा संघीयता कार्यान्वयन सम्बन्धमा खासगरी राजनीतिक, वित्तीय, प्रशासनिक क्षेत्रमा भएका प्रयासहरू, उपलब्धिहरू एवम समस्याहरू अध्ययन गरी दस्तावेजीकरण गर्न सहयोग पुगेको छ।
- विभिन्न तहका सरकारहरूले सञ्चालन गरेका आयोजनाहरूका साथै ऐनहरूमा भएका दोहोरोपनाका बारेमा सबै सहभागीहरू बीच समान वुझाई स्थापित हुनुका साथै आगामी दिनमा समन्वयात्मक तवरले अघि बढ्न प्रेरणा मिलेको छ।
- आगामी दिनमा संघीयताको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापनका लागि नियमित छलफल गरी अनुभव आदान-प्रदान हुने वातावरण बनेको छ।
- संघ, प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधीहरू बीच संघीय शासन प्रणालीका मुख्य सवालहरूमा सँगै बसी वहस गर्ने अवसरका कारण तीन तहका सरकारका प्रतिनिधीहरू बीचको सम्बन्ध मजवुत बनाउन सहयोग पुगेको छ।

- तीनै तहका सरकारबीच थप समन्वय, सहकार्य र सहकारिता प्रर्वद्वन भई संघीय शासन प्रणाली सवलीकरणमा थप सहयोग पुग्ने विश्वासको वातावरण बनेको छ।
- यसप्रकारका अन्तर्क्रिया हरू प्रदेश सरकारको अग्रसरतामा वेलावखतमा आयोजना गर्दा विभिन्न तह बीचको ठाडो र क्षीतिजीय सम्बन्ध थप मजवुत हुने विश्वास बढेको छ।
- संविधानको धारा २३२ मा उल्लेखित संघ प्रदेश र स्थानीय तह बीचको सम्बन्धसँग सम्बन्धित तीन वटा विशेषताहरू अर्थात संघीय शासनका मुलमन्त्रहरू सहकारिता, सहअस्तित्व र समन्वयलाई सबैले स्विकारेका छन्।

अन्तर्क्रिया मा सहभागी सरोकारवालाहरूबाट संघीयता कार्यान्वयनका सम्बन्धमा व्यक्त महत्त्वपूर्ण टिप्पणी, विचार एवम् सुझावहरू आगामी समयका लागि मार्गदर्शक हुने विश्वास छ। अन्तर्क्रिया कार्यक्रमका सहभागीहरूबाट प्रस्तुत भएका विचार तथा सुझावहरूको सारलाई तल प्रस्तुत गरिएको छः

## ३.२ राजनीतिक

सहभागीहरूबाट राजनैतिक संघीयता सम्बन्धी देहाय बमोजिमका विचार तथा सुझाव व्यक्त भएका थिए:

- दलहरू बीचनै संघीयताप्रति साझा वुझाई र तदअनुरूपको ईमान्दारिता नहुँदा विरोधका स्वर सुनिएका छन। यो अवधिमा प्रदेश सरकारका क्रियाकलापहरू अपेक्षित हुन सकेनन्। त्यस्तैगरी सरकारमा हुँदा एक कुरा र सरकार बाहिर गएपछि अर्को कुरा गर्ने दलीय बेईमानी चरित्र पनि बाधक भयो।
- संघ र प्रदेशका माननीयहरू बीच समन्वयको खाँचो रहेको छ। प्रतिष्पर्धी होइनौ सबै मिलेर मुलुकलाई समृद्धि तर्फ लैजाने हो भन्ने भावनाको विकास हुन सकेन एकातिर भने अर्कोतिर प्रदेश र स्थानीय तहसँग पनि समन्वय हुन सकेको छैन। संवैधानिक केहि प्रावधानहरूको अस्पष्टताले तीनतह बीच अधिकारको अभ्यासमा अन्यौल हुँदा संविधान संशोधनको आवाज उठेको छ। स्थानीय तहलाई सेवा प्रवाहमा र प्रदेशलाई आयोजना कार्यान्वयनमा जिम्मेवार बनाउन आवश्यक छ।
- केन्द्रिकृत मानसिकता सबै तहमा र व्यक्तिमा छ। यो भावनालाई सबैले त्यागौं। साझा अधिकारको सूचीमा रहेको एकै प्रकृतीको कामले अन्यौल बनाएकोले यसलाई स्पष्ट पारौं। स्थानीय तहको निर्वाचन दल विहिन हुँदा राम्रो हुने थियो। नेता-नेता, प्रदेश सरकार र प्रदेश सरकार बीच विकासका लागि सकारात्मक प्रतिष्पर्धा गरौं।

- खास संघीयताको आभाष दिने प्रदेश सरकारले हो। प्रदेश बलियो भयो भने मात्रै संघीयता वलियो हुन्छ। तर प्रदेशलाई संघ र स्थानीय तह दुबैबाट उपेक्षा भएको छ। प्रदेशको अधिकार सूचीमा १ नं. मा रहेको प्रदेश प्रहरी ऐन हालसम्म बन्न सकेको छैन।
- निर्णय गर्ने र कार्यान्वयन क्षमताको अभाव सबै तहमा छ। केन्द्रवाट निर्देशित भएको हुँदा प्राकृतिक स्रोतहरूको चरम दुरूपयोग भैरहेको छ। थुप्रै ऐनको अभाव खड्किएको छ तर कतिपय बनेका ऐन पनि कार्यान्वयन भएका छैनन।
- गठन आदेशवाट संरचना निर्माण गर्ने प्रवृत्ति वढेको छ। यसलाई बन्द गर्नु पर्यो। खेलकुद समिति ३ वटै तहमा आवश्यक छैन। मन्त्रालयको संख्या किन वढाउनु पर्यो। विद्यमान संघीय र प्रदेश विषयगत मन्त्रालयहरू बीच समन्वय बढाउनु पर्यो।
- तालिम अप्राप्त सिपाहीलाई अत्याधुनिक हतियार चलाउन दिए जस्तै भयो संघीय व्यवस्था। प्रदेश सरकारलाई थप क्षमतावान बनाउन आवश्यक देखियो।
- अहिले पनि तोक आदेशकै भरमा योजना बाँड्ने हो भने लोकतन्त्रको के अर्थ रह्यो र विकेन्द्रिकरणको अवस्थामा जत्तिको स्वायत्तता पनि छैन अहिलेको संघीय शासन प्रणालीमा। आफै वदलिन तयार नहुने हामी अरुको चिन्ता गर्छौं अरुलाई उपदेश दिन लाज मान्दैनौ।
- एक दलले अर्को दलको अस्तित्वलाई नै स्वीकार नगर्ने जस्तो वातावरणको विकास नेपालमा भईरहेकोले संघीयता कसरी फस्टाओस्। राजनीतिक दल, नेता र मन्त्रीकै कारण लोकतन्त्र लज्जित भएको छ।

## ३.३ वित्तीय

सहभागीहरूबाट वित्तीय संघीयता सम्बन्धी देहाय बमोजिमका विचार तथा सुझाव व्यक्त भएका थिए:

- संघ र प्रदेशको बजेट प्रणालीमा सुधार गर्न आवश्यक छ। संघ र प्रदेशका ५० हजारका टुक्रे आयोजनाहरू पनि छन। यस्तो झन्झटिलो कार्यलाई अन्त्य गर्न संघ, प्रदेश र स्थानीय तहले कति बजेट सम्मको आयोजना कार्यान्वयन गर्ने हो सिमा तय हुनुपर्यो। प्रदेश र संघबाट विनियोजन हुने बजेटमा स्थानीय सरकारहरूसंग समन्वय हुँदा कार्यान्वयन सहज हुने थियो।
- पूर्ण रूपमा संघको नियन्त्रणमा रहेको आर्थिक प्रणालीलाई सच्याउनु पर्छ। वित्तीय समानीकरण तर्फ कम बजेट र शसर्त अनुदान बढी हुने विद्यमान अवस्थामा सुधार आवश्यक

छ। त्यस्तैगरी, तीनै तहको सरकारहरू बीचको कार्यक्रम र बजेटमा भएको दोहोरोपना हटाउनु पर्छ।

- साविकको जिल्ला विकास समिति तथा जिल्ला स्थित अन्य कार्यालयहरूको सम्पत्ति हस्तान्तरण र संरक्षण आवश्यक रहेको। नदीजन्य पदार्थको विक्री वितरण स्थानीय सरकारले गर्दछन। अनुगमन र सुरक्षा जिल्ला प्रशासन कार्यालयले गर्नुपर्ने। उनीहरूबाट संरक्षणमा ध्यान दिइँदैन। जवाफदेही जिल्ला प्रशासन कार्यालय हुनुपर्ने अवस्था छ।
- दिगो विकासका लक्ष्यलाई प्रदेश आवधिक योजनामा स्थानीयकरण गरिएको छ तर सूचक कार्यान्वयनका लागि स्रोतको अभाव छ। राजश्व सङ्कलन सम्बन्धमा ठोस नीति हुनु पर्ने र दोहोरोपना न्यूनीकरण गर्न जरुरी रहेको।
- वित्त व्यवस्थापनलाई अपेक्षित रूपमा व्यवस्थित गर्न सकिएको छैन र विकास साझेदारहरूबाट प्राप्त आर्थिक स्रोतको सदुपयोग हुन सकेको छैन। त्यस्तैगरी, तल्लो तहका सरकारहरूले आन्तरिक स्रोत परिचालनमा ध्यान दिन आवश्यक छ।
- पछिल्ला समयमा आर्थिक स्रोत सुगम स्थान तिर केन्द्रित हुँदा पहाड र हिमालका दुर्गम गाउमा रोजगारी र जिविकोपार्जनका सवालहरूले स्थान पाउन सकेनन। फलस्वरूप उच्च पहाड तथा हिमाली क्षेत्रको जनसंख्यामा भारी गिरावट आएको छ। सन्तुलित विकासको नारालाई भुल्यौं । यसो भयो भने अपेक्षित विकास पनि सम्भव हुँदैन र असन्तुलनले द्वन्दको स्थिति समेत सिर्जना गर्न सक्छ ।

**३.४ प्रशासनिक**

सहभागीहरूबाट प्रशासनिक संघीयता सम्बन्धी देहाय बमोजिमका विचार तथा सुझाव व्यक्त भएका थिए:

- प्रदेशमा हस्तान्तरण गरिएका दरबन्दीमा आधा खाली हुँदा कार्यमा गुणस्तरीयता ल्याउन समस्या परेको छ। उता स्थानीय तहमा दरबन्दी भन्दा बढी कर्मचारीहरू करारमा नियुक्त भएका छन स्रोतको दुरूपयोग हुने त्यसप्रकारको कार्य बन्द गर्नु पर्यो।
- अन्तर तह समन्वय कमजोर रहेको र स्थानीय तह र प्रदेश बीच सूचना आदान प्रदान अर्थात रिपोटिङमा पनि समस्या रहेको छ। यो अवस्थाको समाधानका लागि स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेशको कानुन अनुसार हुनपर्छ।त्यस्तैगरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूमा संघको मानसिकता रहुन्जेल ती निकायहरू मजवुत हुन सक्दैनन।

- नीति, कार्यक्रम र बजेट निर्माणमा Demand र supply Side बीच खाडल छ। आयोजना छनौटमा प्रयाप्त ध्यान पुगेको छैन। खरिद ऐन, ठेकेदारको अनुकूल हुने अवस्था हटाउनु पर्छ र स्थानीय तहको कार्यको अनुगमन गर्ने अधिकार प्रदेश सरकारलाई हुनुपर्ने। विकास निर्माणका कार्यहरूमा ढिलासुस्ती र लापरवाही गर्ने ठेकेदारलाई कारवाही हुनु पर्ने।
- प्रमुख सचिव लगायत प्रदेशमा खटिने अन्य सचिवहरू कम्तिमा २ वर्ष एकै ठाउँमा बस्ने व्यवस्था जरुरी रहेको छ। त्यस्तैगरी स्थानीय तहका कर्मचारीको वृत्तिविकासको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था छ तर कार्यान्वयन भएन। स्थानीय तहका कर्मचारीहरूलाई सरुवाको व्यवस्था हुन जरुरी छ। काम गर्ने स्थानीय तहमा तर कार्यसम्पादन मूल्याङ्कन संघले गर्ने यो मिलेन।
- सबभन्दा नजिकको सरकारबाट पुऱ्याउने सेवाका आधारमा शासनका बारेमा नागरिकले धारणा बनाउने भएकाले संघीयताको सफलताका लागि स्थानीय तहलाई सशक्त बनाउनु पर्दछ। जिल्लामा कार्यरत संघीय तथा प्रादेशिक निकायहरूको जिम्मेवारी स्पष्ट छैन। संघबाट कार्यान्वयन भएका आयोजनाहरूको अनुगमनको अधिकार स्थानीय तहलाई हुनुपर्छ। यदि त्यसो हुँदैन भने के को अन्तरसम्बन्ध र सहकार्य। संघ र प्रदेशका विकास आयोजनाहरू स्थानीय तहसँग समन्वय नगरिकन कार्यान्वयन हुँदा स्थानीयतहबाट अपनत्व हुन सकेन।
- प्रदेश सरकारले प्रहरी चौकी र कारागार निर्माण गर्छ तर प्रदेश सरकारको अधिकार भित्र पर्दैन। यसलाई प्रदेश सरकारको अधिकार भित्र राख्न आवश्यक छ। शिक्षक सरुवा र व्यस्थापन गर्न स्थानीय तहमा सबै भन्दा कठिनाई रहेको छ। तीन तहका कानुनहरू बाझिएकोले कठिनाई भएको छ।
- स्थानीय तहमा रहेका सामुदायिक वन व्यवस्थापनमा कानूनी कठिनाईहरू छन। प्रदेश वन नियमावलीका सथै वातावरण संरक्षण ऐन र नियमावली वनेको छ तर संघले विभिन्न परिपत्र र कार्यविधि मार्फत हस्तक्षेप गरेको छ।वनसम्बन्धी मुद्दा छिनोफानो र वन पैदावार लिलाम गर्न कठिनाई भएको छ।
- कर्मचारीका दरबन्दीहरू धेरै रित्त छन्। लोक सेवा आयोगले जिम्मेवारी नपाउने तर प्रदेश तथा स्थानीय तहहरूले करारमा कर्मचारी नियुक्ती गर्ने गरेका छन। आवश्यकता भन्दा अति कम जनशक्तिको उपलब्धताका कारण प्रदेशले प्रशासनिक क्षमता प्रदर्शन गर्न सकेको छैन।
- न्यायिक समितिमा कानुनको विज्ञ राख्नु पर्ने। सम्बन्ध विच्छेदसम्बन्धी मुद्दामा समस्या छन्। पुनः न्यायिक समितिले हेर्नसक्ने व्यवस्था होस।

- जिल्लास्थित साविकका कृषि विकास कार्यालयहरूको सम्पत्ति हस्तान्तरण हुन सकेको छैन।
- स्थानीय तहलाई ऐन बनाउन पाउने अधिकार दिनु भएन। स्थानीय तहको ऐनलाई कतिपय अवस्थामा मलेपले पनि स्विकारेन।

संघीयता कार्यान्वयनको स्थिति सुधार गर्नै नसकिने चिन्ताजनक अवस्थामा पुगेको छैन। हरेक तहबाट स्वतन्त्र रूपमा सहजै गर्न सकिने धेरै कामहरू अझै बाँकी छन। अरुलाई दोष लगाएर उम्किने छुट कसैलाई पनि छैन। आ-आफ्ना जिम्मेवारीका क्षेत्रमा सबै सरोकारवालाहरूको ध्यान पुगोस। अस्पष्ट भएका साझा अधिकारहरूलाई थप प्रष्ट पारौं। अन्तर्क्रिया कार्यक्रममा सहभागीबाट व्यक्त धारणाहरूको विस्तृतीकरण अनुसुची-७ मा समावेश गरिएको छ।

## परिच्छेद चारः मुख्य सवालहरू

संघीय व्यवस्था नेपालका लागि नयाँ हो। स्थानीय सरकार विगतमा स्थानीय निकायको रूपमा फरक (कमजोर) हैसियतमा थिए अहिले उनीहरूको जिम्मेवारी निकै थपिएको छ। तथापि जिम्मेवारी अनुकूलको क्षमता भने विकास भईसकेको छैन। प्रदेश सरकारको व्यवस्था नेपालमा यसभन्दा अगाडि थिएन। संघीय सरकारको विगत देखिनै आफ्नै कर्मचारी संयन्त्र र प्रशासनिक प्रणाली भएतापनि संघीयतालाई समन्वय गर्ने अनुभव थिएन। यसप्रकार नयाँ शासकीय प्रणाली भएको हुनाले सुरुका केहि वर्ष सम्म संघीयता कार्यान्वयनमा केहि समस्या र चुनौतीको अनुभूति हुनु नौलो होईन। सबै तहका सरकारहरूले विभिन्न प्रकारका समस्याहरू तथा चुनौतीहरूको सामना गरिरहेकै छन। यसै सन्दर्भमा प्रदेश स्तरीय छलफलमा व्यक्त बीचारहरू समेतका आधारमा संघीयता सवलीकरणमा निम्न सवालहरू प्रवलरूपमा देखा परेका छनः

### ४.१ केन्द्रिकृत मानसिकता

शासकीय व्यवस्थामा भएको परिवर्तन अनुरूप नागरिकहरूको अवस्थामा परिवर्तनका लागि प्रमुख राजनितिक दलको नेतृत्व (शासक) र प्रशासकहरूको सोचमा पनि परिवर्तन आवश्यक थियो। तर व्यवहारमा त्यसप्रकारको परिवर्तन प्रकट हुन सकेको छैन। एकले अर्कालाई दोष लगाउने होडवाजी सबैतिर छ। हरेक तहको नेतृत्वमा तल्लो तह मजवुत भयो भने म कमजोर हुन्छु अर्थात power just up to me भन्ने मनोदशाका कारण संघीयताले जस पाउन सकेन। सबै तहका सुविधा र अधिकार खण्डित नहुने गरी संघीयताको अभ्यास गर्न खोज्दा यो समस्या पैदा भएको हो। अर्कातिर पछिल्लो समयमा मुख्य राजनैतिक दलका संगठनहरूमा संघीय व्यवस्थालाई कसरी मजवुत बनाउने भन्दा पनि कसरी सत्तामा पुग्ने र टिकिरहने भन्ने होडवाजीले मात्र महत्त्व पायो। अहिले पनि प्रदेश र स्थानीय तहको नेतृत्वमा रहेका कतिपय जनप्रतिनीधिहरूमा सामन्तवादी शैलीको तामझाम र रवाफ (मनोभाव र घमण्ड) देख्दा लाग्छ उनीहरू नागरिकका सेवक नभै मालिक हुन।

### ४.२ अन्तरतह समन्वय

तीन तहका सरकारको सम्बन्ध **सहकारिता, सहअस्तित्व र समन्वयमा** आधारित हुने व्यवस्था संविधानले गरेको छ। तर, यी आधारहरू अधिकार सूचीका कुन कुन विषयमा कसरी व्यक्त हुन्छन् भन्ने स्पष्ट भएन। संघीय सरकारमै समस्तरका इकाईहरूबीच समन्वयको समस्या छ भने संघ र प्रदेश अनि प्रदेश र स्थानीय तहका बीच नीति, योजना र कार्यक्रमको समन्वयमा झन ठूलो समस्या छ। संघीय सरोकारबाला निकायहरू बीचमै संघीयता कार्यान्वयनका कतिपय कामहरू प्राथमिकतामा परेनन। समन्वयकारी संरचनाका गतिविधिहरू निष्प्रभावी भए। सबै तहमा केन्द्रीकृत मानसिकता प्रबल छ। प्रदेश र स्थानीय तहले कसरी वढीभन्दा बढी स्थानीय स्रोत परिचालन गर्ने र आत्मनिर्भर

हुँदै जाने भन्दा पनि माथितिर मुख ताक्ने प्रवृत्ति घटेन। प्रदेश र स्थानीय तहको क्षमता अपेक्षित रूपमा वढेन। स्थानीय तह र प्रदेशसँगको सामान्य परामर्शविना केन्द्रकै स्वविकेकमा कर्मचारी खटनपटन गर्ने परिपाटी यथावत छ। प्रदेशले स्थानीय तह र संघलाई जोड्ने सेतुको काम गर्नु पर्ने हो। तर, व्यवहारमा स्थानीय तहहरूले प्रदेशलाई चिन्नै नसकेको जस्तो आभास हुन गयो। यसप्रकार स्थानीय तह र प्रदेशले आफुलाई बलियो र विश्वासिलो निकायको रूपमा उभ्याउन नसक्दा संघीयता कार्यान्वयनको समष्टिगत तस्वीर कमजोर देखियो फलस्वरूप संघीय व्यवस्थाको औचित्य माथिनै प्रश्न उठ्न थाल्यो।

## ४.३ कानुन निर्माण

एकातिर प्रदेश र स्थानीय तह सञ्चालनको लागि अत्यावश्यक कतिपय व्यवस्थापकीय र कानूनी प्रावधानहरू अहिले सम्म अपूर्ण छन। संघीय कानुनको अभावमा प्रदेश र स्थानीय तहले साझा अधिकारसँग सम्बन्धित कानुनहरू निर्माण गर्न हिचकिचाए। प्रदेश र स्थानीय तहहरूले पनि आफै स्वतन्त्र रूपमा बनाउन सकिने कानुनका लागि पनि लामो समय सम्म संघको मुख ताकेर बसे। यसले गर्दा प्रादेशिक र स्थानीय शासन पद्दति, त्यसको नियमन र प्रशासनिक प्रक्रियाबारे अन्यौलता कायमै रह्यो। फलस्वरूप कार्यक्रम र बजेटको दोहोरोपना हुने, पारदर्शिता नरहने र सार्वजनिक वित्त व्यवस्थापन अनियन्त्रित हुँदै गयो। यो अवधिका महालेखापरीक्षकका प्रतिवेदनहरूले पनि यहि सङ्केत गर्दछन। अर्कातिर प्रदेश तथा स्थानीय तहमा कानुन निर्माणका लागि दक्ष, योग्य, सीप र क्षमतायुक्त जनशक्तिको अभाव छ। हरेक विषयमा जुनसुकै संघीय इकाईले कानुन निर्माण गर्दा तीन तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गरी एक अर्काको अस्तित्व, अधिकार र क्षमताको मूल्याङ्कन तथा सम्मान गरी कानुन निर्माण हुनु पर्नेमा त्यसो हुन सकेन। त्यस्तैगरी, संघीय सरकारले स्थानीय तहका लागि ऐन, निर्देशिका, कार्यविधि र मापदण्डको नमुना पठाएकोमा केहि स्थानीय तहहरूले आफ्नो विशिष्टता र मौलिकता अनुसार परिमार्जन गरी जारि गर्नुपर्नेमा हुवहु जारि गर्दा शासकीय क्षमतामा कमजोरी देखियो।

## ४.४ संस्थागत क्षमता

कर्मचारीहरू प्रदेश र स्थानीय तहमा पठाएर समायोजना प्रकृया सम्पन्न भएको घोषणा गरियो। तर कतिपय स्थानीय तहले हाजिर गराउनै नमान्दा कर्मचारी र सम्बन्धित तहको नेतृत्वले समायोजन बाट हार हारको महसुस गरेको प्रष्ट हुन्छ। संघीय निजामति ऐनको प्रतिक्षा भएको वर्षौं भयो। एकातिर संघमा कर्मचारिको संख्या अधिक छ तर काम न्यून छ भने अर्कातिर प्रदेश र स्थानीय तहमा कार्यजिम्मेवारी सरे अनुरूप संरचना, पूर्वाधार र ज्ञान हस्तान्तरण हुन सकेको छैन। प्रदेश र स्थानीय तह पनि काम र खर्च क्षमता नहेरी अव्यावहारिक संरचना बनाउन लिप्त छन्।

संगठन संरचना निर्माण अव्यवस्थित बन्न पुगेको छ । प्रदेश मन्त्रालयहरूको संख्या अनपेक्षित रूपमा बढेको छ । अनावश्यक समिति, आयोग, परिषद्, बोर्ड, प्राधिकरण, विकास समितिहरूको गठन, विस्तारले गर्दा दीर्घकालीन दायित्व बढ्दो छ । कर्मचारीको संख्या मात्र नभै जिम्मेवारी अनुकूल उनीहरूको उपयुक्तता र क्षमता सम्बन्धी धेरै प्रश्न देखिएका छन्।

समस्या कर्मचारी समायोजनको भन्दा पनि, कर्मचारीतन्त्रकै पुनर्संरचना र उपयुक्त कार्यवातावरणको पनि हो। एक पटक स्थानीय तहमा सरुवा भई जाने प्रमुख प्रशासकीय अधिकृत सामान्यत दुई वर्ष रहनु पर्ने हो। संघीयताको सन्दर्भमा गर्नुपर्ने काम र त्यसका लागि चाहिने दक्षताको पहिचान भइरहेको छैन भने प्रादेशिक लोकसेवा आयोगहरू पनि पूर्ण रूपमा कृयाशील हुन सकेका छैनन। सरकारहरूले प्रयोगमा ल्याएका अनलाईन प्रणालीहरू user friendly हुन नसक्दा दोहरो मापदण्डले सेवाग्राहीलाई झन झन्झट बनाएको छ।

## ४.५ जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता

जनप्रतिनिधिहरूलाई आफ्नो भूमिका र संवैधानिक दायित्वबारे राम्रो बोध भएकै छैन। समावेशितामा उल्लेख्य सुधार भएको तथ्याङ्कहरूले देखाउँदछन। तर "Inclusion without empowerment is meaningless" भन्ने भनाई प्रति उदासिन हुँदा सामाजिक समावेशीकरण अझ खासगरी पिछडिएका समुदायका व्यक्तिहरूको राजनीतिक सहभागिता प्रभावशाली हुन सकेको छैन। अतः व्यवहारमा समावेशिता आउन सकेको छैन। राजनीतिक दलहरूले सञ्चालन गर्नु पर्ने शासन व्यवस्था अनुकूलका प्रशिक्षणहरूको कमी, सरकारको तहबाट गरिने स्थानीय आवश्यकताको पहिचान, आयोजनाहरूको प्राथमिकीकरण, अनुगमन तथा मूल्याङ्कन, सेवाको गुणस्तरीयता र सुशासन आदी विषयमा गरेका प्रयासहरू पनि पर्याप्त नभएकाले जनप्रतिनीधिहरूले अपेक्षाकृत भूमिका निर्वाह गर्न सकेनन। फलस्वरूप पिछडिएका समुदायका नागरिकहरूको सार्थक सहभागिता प्रायः औपचारिकतामै सीमित देखियो। त्यस्तैगरी, विगत देखिनै करारमा कर्मचारी राख्ने प्रचलन थियो र आवश्यकता पनि थियो। तर अहिले असक्षमताको आरोप लगाई हटाउँदा सीपयुक्त जनशक्तिको मानमर्दन मात्र भएन नयाँ आउनेलाई पुनः शून्यको अवस्थाबाट सिकाउनु पर्ने अवस्था रह्यो। यसले जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धिमा भएका विगतका प्रयासहरू निष्प्रभावी ठहरिए।

## ४.६ जवाफदेहिता

शासकीय अधिकारलाई तल्लो तहसम्म पुऱ्याउनुको खास उद्देश्य सहभागितात्मक लोकतन्त्रको जग सुदृढ गर्न हो। जनप्रतिनिधिलाई अधिकारसम्पन्न बनाएर मात्रै सो अभिष्ट पूरा हुँदैन। त्यसका निम्ति प्रदेश तथा स्थानीय सरकार, स्थानीय तहमा चुनिएका प्रतिनिधि लगायत सर्वसाधारण नागरिक र नागरिक समाजबीचको सम्बन्ध सहज हुनुपर्छ। राजनीतिक दलहरूमा पनि

संघीयताको औचित्य बुझाउन जागरणमुखी कार्यक्रमहरू आवश्यक पर्दथ्यो। सरकारहरूका कामको लेखाजोखा र मूल्याङ्कन गर्ने सहभागितात्मक विश्लेषणका विधिहरू अपनाईनु पर्दथ्यो। यसले सरकारलाई जवाफदेही बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने थियो। तर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको स्वमूल्याङ्कनका लागि निर्माण गरेको Local Institutional Self-Assessment Tools (LISA) प्रयोग गर्न कतिपय स्थानीय तहहरू खासगरी महानगरपालिकाहरूनै तयार देखिन्नन। जहाँ स्वमूल्याङ्कनका लागिनै तयार भईन्न त्यहाँ जवाफदेहिताको अपेक्षा कसरी गर्न सकिएला। सरकारहरूले गर्ने रिपोटिङहरूमा देखिएको उदासिनताले जवाफदेहितामा प्रश्न देखियो।

एकातिर अहिले पनि प्रदेश र स्थानीय तहको शासन पद्दतिमा केन्द्रकै कर्मचारीमुखी पद्दतिको पुनरावृत्ति देखिन्छ। अर्कोतिर हरेक तहमा औचित्यविनाका संरचनाहरू निर्माण गर्ने र मिलेमतोमा विभिन्न सुविधाका निम्ति आर्थिक स्रोतको दोहन गर्ने संस्कार मौलाउँदै छ। प्रदेश र स्थानीय तहहरू सेवाग्राही प्रति जवाफदेही हुनुपर्नेमा परिवर्तनका लक्षणहरू कमै देखिए। गण्डकी प्रदेश सरकारका आ.व. ०७९/८० का करका दरहरू विवादित हुनु यसको उदाहरणका रूपमा लिन सकिन्छ।

प्रदेश र स्थानीय तहको प्रशासनिक पुनर्गठनका लागि गरिएका भनिएका संगठन र व्यवस्थापन सर्भेक्षणहरू संघका पूर्वकर्मचारीहरूद्वारा भइरहेकाले तिनमा पनि नवीनता, प्रविधिको प्रयोगमा आधारित चुस्त र नतिजामूखी संगठनको छाँटकाँट देखिएन। यसप्रकार कर्मचारीतन्त्रको कुशलता बढाई गुणस्तरीयतामा सुधार ल्याउने र संख्या नियन्त्रण गर्ने कुरामा अपेक्षित प्रगति हुन सकेन।

### ४.७ योजनाहरूमा दोहोरोपना

स्थानीय तहहरूले योजना तर्जुमा गर्ने छुट्टै विधि छ अर्थात् विभिन्न सात चरणमा योजना तर्जुमाको प्रकृया पुरा हुने कानुनी व्यवस्था छ। विभिन्न टुल्सहरू प्रयोग गरी स्थानीय तहले योजनाहरूको प्राथमिकीकरण गर्दछन। त्यसैअनुसार योजनाहरू छनौट गर्दछन र बाँकी रहेका योजनाहरू अर्को आर्थिक वर्षका लागि प्राथमिकता क्रममा राख्दछन्। उता प्रदेशले स्थानीय तहका प्राथमिकतामा रहेका योजनाहरू चिन्दैन। त्यो खालको संयन्त्रको विकास पनि गरिएको छैन। संघीय शासन प्रणाली सवलीकरण विषयमा प्रदेश स्तरमा भएका छलफल अनुसार अहिले पनि तोक आदेशका भरमा प्रदेशबाट योजना लैजाने प्रचलन अहिले पनि छ। त्यस्तैगरी, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका योजनाहरू पनि स्थानीय तहको प्राथमिकतामा भन्दा प्रदेश सभा सदस्यको तजविजमा निर्धारण हुन्छन। ती योजनाका बारेमा पनि स्थानीय तहलाई जानकारी हुँदैन। योजना लैजाने पहुँचवाला र योजना स्विकृत गर्ने अधिकारीले सम्बन्धित स्थानीय तहको प्राथमिकतामा रहेका योजना अनुसार निर्णय गर्ने हो भने योजना प्राथमिकीकरणको महत्त्व रहन्थ्यो। स्थानीय तहले उक्त

योजनालाई अपनत्व लिन्थ्यो। जनसहभागिता जुटाउने र अनुगमन गर्ने भूमिकाका लागि बाध्य हुन्थ्यो। संविधानले विकासको मुख्य वाहकको रूपमा स्थापित गरेको प्रदेश सरकारको यो व्यवहार तीन तहको संघीय शासन प्रणाली अनुकूलको मान्न सकिन्न।

## ४.८ साझा अधिकारमा अस्पष्टता

साझा अधिकारहरू अहिले सम्म पनि प्रष्ट नहुँदा समस्या थप जटिल बन्दै गएको छ। उदाहरणका लागि कृषि, शिक्षा, उद्योग, स्वास्थ्य, वन, खानेपानी, विद्युत, सडक आदि क्षेत्रमा सबै तहका सरकारहरूले बजेट विनियोजन गर्ने गरेका छन्। माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको सूचीमा छ तर प्रदेश र संघले पनि विद्यालय भवन निर्माण, शिक्षक तलब, तालिम, पाठ्यक्रम तयारी र पाठ्यपुस्तक छपाईमा लगानी गर्ने गरेका छन। कतै प्रदेश सरकारले विद्यालय परिसरमा पर्खाल लगाउने तथा भवन बनाउने गर्दछन्। यसबाट लगानीमा दोहोरोपना आउने क्रमसँगै स्थानीय तहको एकल अधिकार क्षेत्रमा संघ र प्रदेशले बजेट खर्च गर्दा अन्य अत्यावश्यक क्षेत्रमा रकम प्रवाह नहुने स्थिति रहन्छ।

एकातिर एकल अधिकार अनुसार पनि कार्यक्रम र बजेटको उपयुक्त व्यवस्था नहुनु अर्कोतिर साझा अधिकार बाँडफाँडको अन्यौलताले संघ र प्रदेश दुबैले एउटै कार्यक्रम राख्दा कार्यक्रम, रकम विनियोजन र खर्चमा दोहोरोपना देखिएको छ। यस सम्बन्धी केही उदाहरणहरूमा (क) **सडक निर्माण** - सडक विभाग, शहरी विकास विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण र स्थानीय तहहरू। (ख) **सीप विकास तालिम** - श्रम तथा रोजगार मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा मन्त्रालय आदि अन्तर्गत सञ्चालन भईरहेका छन्। यस्तै प्रकृतिका तालिम स्थानीय तहहरूले पनि सञ्चालन गर्ने गर्दछन। र (ग) **कर्मचारी तालिम** - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान लगायत विभिन्न मन्त्रालय अन्तरगतका १८ वटा निकायबाट प्रशिक्षण कार्य सञ्चालन हुने गरेको छ।[५]

## ४.९ वित्तीय परनिर्भरता

प्रदेश र स्थानीय तहले स्थानीय आवश्यकता र नागरिकको माग अनुसार विकास निर्माण तथा सेवा प्रवाहका लागि आवश्यक खर्च आफ्नो नियमित आम्दानीका स्रोतबाट व्यहोर्न सकिने अवस्था वित्तीय सार्थकताको अवस्था हो। तर प्रदेश तथा स्थानीय तहहरूले तहगत कार्यजिम्मेवारी र आर्थिक स्रोत बीच सन्तुलन नभएको गुनासो गरेका छन। उनीहरूका अनुसार कार्यजिम्मेवारी अनुसार स्रोत साधन हस्तान्तरण भएको छैन। प्रदेशले वित्तीय हस्तान्तरण गर्दा शर्तको भारी बोकाउने गरेको स्थानीय तहको गुनासो छ भने कतिपय स्थानीय तहले प्रदेशलाई राजश्व बाँडफाँड

[5] सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन, २०७५

गर्न आनाकानी गरेको प्रदेशको गुनासो छ।[६] आर्थिक स्रोत बाँडफाँडको मुख्य नायक भएका कारण संघीय सरकारसँग प्रदेश र स्थानीय तहको सम्बन्ध केहि हदसम्म राम्रै देखिए पनि प्रदेश र स्थानीय तहहरूबीचको समन्वयको मुद्दा भने झन झन पेचिलो बन्दै गएको छ। एकातिर संघ, प्रदेश र स्थानीय तहको कर, वित्तीय साझेदारी, नयाँ स्रोतको पहिचान, वित्तीय समस्याको समाधान लगायतका अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा परामर्श तथा समन्वयका लागि गठित अन्तरसरकारी वित्त परिषदको भूमिका पनि प्रभावकारी हुन सकेन। अर्कोतिर वित्तीय संघीयता कार्यान्वयनको जिम्मेवारी पाएको संवैधानिक आयोग 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग' को तीन तहका सरकार बीच राजश्व बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने संवैधानिक अधिकार सङ्कुचन हुनेगरी कानुन बनेका छन।

त्यस्तैगरी, अहिले सम्मको प्रवृत्ति हेर्दा स्थानीय तह र प्रदेशले एकातिर आर्थिक स्रोतको अधिकतम अपेक्षा संघसँग गर्ने र आन्तरिक स्रोत बढाउनमा यथेष्ट ध्यान नदिने अर्कोतिर पूर्ण रूपमा स्वायत्त पनि हुन खोज्ने द्वैध चरित्र देखिन्छ। यसबाट 'आर्थिक स्रोतमा अत्यधिक परनिर्रभरता र अधिकारको अभ्यासमा पूर्ण स्वायत्तता' सँगसँगै जान सक्दैनन भन्ने विषयको हेक्का प्रदेश र स्थानीय तहमा हुन नसकेको ठहर हुन्छ। बढी स्वतन्त्रता चाहाने निकाय आत्मनिर्भरता तर्फ अग्रसर हुन सक्नु पर्दछ।

[६] पूर्णचन्द्र भट्टराई, २०७९ श्रावण ९ को अन्नपूर्ण (ईपेपर)

## परिच्छेद पाँचः निष्कर्ष र सुझाव

नवीन अभ्यासका रूपमा रहेको संघीय शासन प्रणाली कार्यान्वयनका दृष्टिले यो अवधि निकै चुनौतीपूर्ण हो । यस अवधिको अभ्यासले भविष्यमा संघीयताको सफल कार्यान्वयनलाई मार्गनिर्देशित गर्दछ । यहि छोटो अवधिको मूल्याङ्कनका आधारमा संघीय शासन प्रणाली नेपालका सन्दर्भमा कति ठिक कति वेठिक भनेर किटान गर्न हतार हुन्छ। संविधानको अधिकारसूची अनुसार कार्यविस्तृतीकरण, स्थानीय सरकार सञ्चालन ऐन, संघ प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड आदिको निर्माण पश्चात् तीनै तहका सरकारहरूले सम्पादन गर्नुपर्ने कार्यजिम्मेवारीहरू विस्तारै स्पष्ट हुँदै छन। तर सरकारहरूसँग नागरिकका अपेक्षाहरू वढी भएका कारण पनि असन्तुष्टीका स्वर सुनिनुलाई अनौठो मान्नु हुँदैन। प्रदेश नं. १ स्तरीय छलफल तथा अन्तर्क्रिया बाट सङ्कलित सूचनाहरूका आधारमा प्राप्त निष्कर्ष र सुझावहरू तल प्रस्तुत गरिएको छ।

### ५.१ निष्कर्ष

संविधानले परिकल्पना गरे बमोजिम हाल नेपालमा तीन तहका सरकारहरू कृयाशील छन्। संघीयता कार्यन्वयनका लागि तीनै तहको बीचमा जुन प्रकारको सहकार्य र समन्वय हुनपर्ने हो सो हुन सकिरहेको छैन र यो कुरालाई सबै तहबाट स्वीकारिएको पनि छ। यद्यपी यहि अवधिमा संघीयता कार्यन्वयनमा धेरै कार्यहरू समेत भएका छन। ५ बर्ष अगाडि संघीयता कार्यन्वयन शुन्यबाट शुरू गरेका संरचनाहरूले विस्तारै गति लिन थालेका छन। नयाँ शासकीय प्रणाली भएतापनि नागरिकको घर नजिक सेवा प्रवाह हुनु, समावेशी प्रतिनीधित्वको क्षेत्रमा उल्लेख्य प्रगति हुनु, कर्मचारी समायोजन भई तल्लो तहसम्म पुग्नु, तीनै तहका सरकारहरूले प्राथमिकताका आधारमा कैयौं ऐनहरूको निर्माण, बाझिएका ऐनहरूको खारेजी, सबै तहमा योजनावद्ध विकास प्रयासको थालनी लगायत संघीयता कार्यान्वयनबाट थुप्रै धेरै उपलब्धिहरू भएका छन। तथापि सुधार गर्नुपर्ने क्षेत्रहरू पनि धेरै नै रहेका छन। जस्तैः शासक तथा प्रशासकमा रहेको परम्परागत सोच, अन्तरतह समन्वयमा समस्या, कानुन निर्माणमा ढिलासुस्ती, कमजोर संस्थागत क्षमता, जनप्रतिनिधिहरूको कमजोर क्षमता र कार्यक्षेत्रमा दोहोरो तथा तेहेरो अवस्थाले द्विविधा हुने आदि।

केन्द्रिकृत मानसिकता कर्मचारी प्रशासनमा भएको दोष राजनीतिक तहबाट लगाउने गरेको पाईन्छ। तर उक्त समस्या राजनीतिक तहमा झन वढी छ। उच्च नेतृत्वमा सत्तामा पुग्नासाथ केन्द्रीकृत मानसिकता हावी हुन्छ । यसमा सार्वजनिक प्रशासनको उच्च तहबाट पनि अन्य तहका अधिकार क्षेत्रको अतिक्रमण गर्ने मानसिकता र व्यवहारले थप मलजल गरेको छ । लोकतान्त्रिक

व्यवस्थाका आधारभुत पाठशाला मानिने प्रदेश र स्थानीय तहको सफलतामा संघीय शासन प्रणालीको सफलता निर्भर छ भन्ने विश्वास सर्वप्रथम राजनीतिक तहमा भयो भने अन्यत्र क्रमशः सुधार हुनेछ। त्यसकारण संघीय व्यवस्थाको सफलताका लागि प्रदेश र स्थानीय तहको क्षमता र भूमिकालाई केन्द्रमा राखेर बहस चलाउन आवश्यक छ ।

## ५.२ सुझावहरू

संघीय शासन प्रणालीलाई प्रभावकारी बनाउने दायित्व सबैको हो। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा  दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरागर्न कुनै एक तहको प्रयास मात्र प्रयाप्त हुँदैन। संरचनागत सक्षमता, कानुनी नीतिगत व्यवस्था, वित्तीय स्रोतको सुनिश्चितता, प्रशासनिक चुस्तता, समावेशिता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

- साझा अधिकारसँग सम्बन्धित विषयका कानुनका सम्बन्धमा प्रदेश र स्थानीय तहले संघीय कानुनको प्रतिक्षा गरिरहेकाले सङ्कल्प प्रस्ताव अनुसार राजनीतिक, वित्तीय, र प्रशासनिक संघीयतालाई बलियो बनाउन अत्यावश्यक ऐन, नियमहरूको तर्जुमा शीघ्र होस। एकल अधिकारका विषयमा पनि संघले अधिकार सङ्कुचनको प्रयास गरेको प्रदेश र स्थानीय तहको गुनासो छ। अतः संघ, प्रदेश र स्थानीय तहका साझा तथा एकल अधिकारहरूको बाँडफाँड र विस्तृतिकरणमा रहेका अस्पष्टता हटाईयोस।
- सामन्ती, निरङ्कुस, केन्द्रिकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पिडनको अन्त्य गर्न संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने तीन तह बीचको अन्तरसम्बन्ध **सहकारीता, सहअस्तित्व, समन्वय**को सिद्धान्तमा आधारित हुने संवैधानिक प्रावधान प्रति राजनीतिक नेतृत्व उदासिन देखियो। प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने राष्ट्रिय समन्वय परिषद तुरून्त गठन होस र अन्य समन्वयकारी संरचनाहरूलाई पनि कृयाशील बनाईयोस।
- कर्मचारी समायोजन बाट समायोजन भई जाने कर्मचारी र स्थानीय तहको नेतृत्व दुबै खुशि देखिएनन। हार हारको स्थिति किन आयो ? यो विषय अविलम्ब सम्बोधन होस। अहिले प्रदेश र स्थानीय तहमा आवश्यकता भन्दा अति कम जनशक्ति उपलब्ध छ। स्थानीय तहमा अहिले धमाधम विगतमा करारमा नियुक्त कर्मचारीलाई हटाई पुनः नयां व्यक्तिहरू करारमा नियुक्त गरिएको छ। लोकसेवा आयोगसँग स्थायी पदपूर्तीका लागि माग नगरी जथाभावी करारमा नियुक्ती गर्ने गतिविधि (खासगरी स्थानीय तहले) अविलम्ब रोक्नु पर्दछ।

- बजेट बाँडफाँड र योजना कार्यान्वयनमा तीनै तहका सरकारको सहकार्यको परिकल्पना गरिएको हो तर त्यसको अभाव खड्किएको छ। आर्थिक वर्षको अन्त्यमा वित्तीय हस्तान्तरण गरी पठाउने र सशर्त अनुदानको भारी बोकाई संघीय सरकार समेतले एक/दुईलाखका टुक्रे आयोजनाहरू स्थानीय तहमा पठाउने काम बन्द होस। समानीकरण अनुदानको आकार बढाईयोस र वित्तीय संघीयताको मियोको रूपमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई स्वायत्तता सहित सक्षम बनाईयोस।
- नागरिकहरूमा संघीयताको सम्बन्धमा बढेको वितृष्णालाई न्युनीकरणका लागि सरकारहरूले मात्र नभै राजनीतिक तहबाट पनि तदारुकता जरुरी छ। स्थानीय तह र प्रदेश सरकारलाई सवलीकरण गर्न सकियो र यिनीहरूको कार्यसम्पादन राम्रो रह्यो भने मात्र संघीयताको बारेमा आम नागरिकमा सकरात्मक सन्देश प्रवाह हुनेछ।
- प्रदेश तथा स्थानीय तहले संघीय सरकारको भर नपरी स्वतन्त्र रूपमा गर्न सकिने कामहरू जस्तैः अत्यावश्यक कानुनहरू र योजनाहरू तर्जुमा गर्ने, भ्रष्टाचार नियन्त्रणमा कडाईका साथ प्रस्तुत हुने, वेरुजुहरूलाई न्युनीकरण गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, न्यायिक समितिलाई क्षमतावान बनाउनुका साथै कर्मचारी र पदाधिकारीहरूको क्षमता विकास गर्ने आदि काम गर्न कसैले छेकेको छैन। यसमा ध्यान जाओस।
- अत्यावश्यक कानुन निर्माण लगायतका कामहरूमा ध्यान नपुऱ्याउने तर सत्ता जोगाउनैका लागि मन्त्रालयहरू टुक्र्याउने र संरचनाहरू थप्ने कार्य प्रदेश सरकारबाट तुरुन्त बन्द होस। त्यस्तैगरी प्रदेश र स्थानीय तहलाई किटान भएका कार्यक्षेत्रबाट संघीय संरचनाहरू तुरून्त हटाईयोस।
- संघीय प्रणाली अनुरूप मितव्ययी र प्रभावकारी प्रशासनिक व्यवस्था कायम गर्न प्रशासनिक संरचना र कार्यप्रणालीमा सुधार गर्न आवश्यक छ। यसैगरी हाल रहेको प्रहरीको संख्या नबढ्ने गरी नगर प्रहरी, प्रदेश प्रहरी र संघीय प्रहरी गठन गर्न आवश्यक छ। जति धेरै संरचना हुन्छन द्वन्दको सम्भावना पनि त्यतिनै हुने भएकाले तिनिहरू बीच प्रतिष्पर्धा होईन आवश्यक समन्वय हुने प्रणाली आवश्यक पर्दछ।
- कानुनहरू बनाउँदा धेरै टुक्रे कानुनहरू भन्दा संहिता र एकिकृत कानुन बनाउन उपयुक्त हुन्छ। किनभने जति धेरै संख्यामा कानुनहरू हुन्छन त्यतिनै शासन कमजोर हुने सम्भावना रहन्छ। त्यसैले एउटा नयाँ कानुन बनाउँदा कम्तिमा २ वटा पुराना कानुन खारेज गर्न सकिने बारेमा सोच्ने की ? त्यस्तैगरी, विभागीय मन्त्रालयले प्रदेश र स्थानीय तहका लागि

नमुना कानुन पठाउँदा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत पठाउँदा उपयुक्त हुन्छ।

- तोक आदेशको भरमा योजना लैजाने/दिने प्रचलन लोकतान्त्रिक पद्धति अनुकूल मानिन्न। स्थानीय तहको आवश्यकता र प्राथमिकता क्रममा नरहेका योजनाहरू स्थानीय तहलाई जानकारी नदिई चोर बाटो बाट छिराउने प्रवृत्तिले स्थानीय तहको विकास लक्ष्यमा योगदान पुऱ्याउने नभई केवल द्वन्द मात्रै बढाउने भएकाले यसलाई रोक्नु पर्दछ।
- संवैधानिक प्रावधान अनुसार पनि खर्च तथा सेवा प्रवाह स्थानीय तहमा बढी हुने भएकाले स्थानीय तहको खर्चको आवश्यकता र राजश्व सम्भाव्यता निश्चित गरी हुन आउने अन्तरलाई अनुदानले पुरा गर्नुपर्ने अवस्था छ। अनुदान वितरणको सुत्र निर्धारण गर्दा जनसंख्या, भूगोल, कठिनाई, यातायातको सुगमता, बजारको पहुँच, राजधानी वा केन्द्रबाट दुरी, प्राकृतिक प्रकोप अथवा जोखिमको सघनता र राजश्व परिचालन क्षमता आदि विषयहरूलाई आधार मान्नु पर्ने देखिन्छ।
- स्थानीय तहलाई दिइएको राजश्वको अधिकार कार्य जिम्मेवारीको तुलनामा कम देखिन्छ। यसैले साविकका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिहरूले पाएको राजश्व अधिकारलाई हालका स्थानीय तहले पूर्ण उपयोग गर्न पाउने वातावरण सिर्जना गरिनु उपयुक्त हुन्छ। त्यस्तैगरी, घरजग्गा रजिष्ट्रेशन दस्तुर प्रदेश र स्थानीय तहमा भएकाले यसलाई एकै तहमा मात्र सङ्कलन गरी बाँडफाँड गर्दा उपयुक्त हुन्छ।
- पुनःसंरचना पछिका स्थानीय तहको संगठन संरचना, मानव संसाधन, आधुनिक सूचना प्रणाली, आन्तरिक तथा वाह्य सञ्चार, सार्वजनिक लेखा व्यवस्थाको विश्वसनीयता र नागरिक प्रतिको जवाफदेहिता वहन जस्ता विषयमा उच्चस्तरीय सीप र क्षमतायुक्त जनशक्ति र कार्यमुलक नतिजामुखी संगठन आवश्यक पर्दछ। यसका लागि तिनीहरूको क्षमता विकास र निश्चित अवधिसम्म आवश्यक स्रोत र साधनको सुनिश्चितता हुन आवश्यक छ।

## सन्दर्भ सूची

कानुन किताब व्यवस्थापन समिति (२०७२)। *नेपालको संविधान।* कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाण्डौं।

कानुन किताब व्यवस्थापन समिति (२०७४)। *स्थानीय सरकार सञ्चालन ऐन ,२०७४*। कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाण्डौं।

महालेखा परीक्षकको कार्यालय (२०७९)। *महालेखा परीक्षकको ५९औं वार्षिक प्रतिवेदन, २०७९*। महालेखा परिक्षकको कार्यालय काठमाडौ।

सार्वजनिक खर्च पुनारवलोकन आयोगको प्रतिवेदन, २०७५

राष्ट्रिय सभाद्वारा संघीयता कार्यान्वयन सम्बन्धमा पारित सङ्कल्प प्रस्ताव

LISA Nepal - Home (mofaga.gov.np) retrIeved In 5th Aug., 2022.

# अनुसूचीहरू

# अनुसूची १- सङ्कल्प प्रस्ताव

दर्ता नं. ९६
२०७६/०२/०५
(रा.स.)

संघीय संसद
राष्ट्रिय सभा

श्री सचिव
राष्ट्रिय सभा ।

राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ७८ बमोजिम देहाय बमोजिमको संकल्प प्रस्ताव पेश गर्न अनुमतिका लागि सूचना दिएका छौं ।

**संकल्प**

ऐतिहासिक संविधानसभाद्धारा २०७२ मा जारी नेपालको संविधानको विधिवत कार्यान्वयन २०७४ को चुनावपश्चात भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो । यस बमोजिमको अभ्यासका क्रममा केही उपलब्धिहरु भएका छन । सिंहदरवारको अधिकार नागरिकको घरदैलोसम्म पुगेको छ । सानातिना कामका लागि केन्द्रसम्म धाईरहनुपर्ने परिस्थितीको अन्त्य भएको छ । राज्यका हरेक अंगमा समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चित भएको छ । नागरिक सार्वभौमसत्तासम्पन्न भएका छन । तर कार्यान्वयन तहमा देखिएका कमजोरीका कारण नागरिकमा असन्तोष वढेको आभाष भएको छ । केन्द्रिकृत राज्यव्यवस्था परिवर्तनसँगै नागरिकले स्थायी शान्ति, सुशासन, दिगो विकास र समृद्धिको ठूलो अपेक्षा लिएतापनि सो बमोजिम काम हुन सकिरहेका छैनन ।
सरकारका तहहरुबीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने संविधानको व्यवस्था भएतापनि यसको पालना राम्रोसँग भएको देखिदैन । अपर्याप्त जनशक्तिका कारण प्रदेश र स्थानीय तहले अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिरहेका छैनन । विना औचित्य शशर्त अनुदानका नाममा स-साना कार्यक्रम तथा योजनाहरु प्रदेश र स्थानीय तहमा पठाउने गरिएको छ । अधिकार र जिम्मेवारी प्रदेश र स्थानीय तहमा गएतापनि विभिन्न परियोजनाको नाममा संस्थागत संरचना थपगर्ने प्रवृत्ति मौलाएको छ । सरकारका तहहरु र राज्यसंरचनाबीचको गतिशीलता,सहकार्य र समभ्रुदारीमा कमीका कारण नागरिकप्रतिको जवाफदेहिता र उत्तरदायित्वको भावनामा ह्रास आएको छ ।
कसिलो अन्तरतहसम्वन्ध, सवल वित्तीय संघीयता, कामयावी प्रशासनिक संघीयता, कानून तर्जुमाको गतिशिलता र नागरिकमा सेवा प्रवाहको प्रवाभकारितामा मात्रै सुधार हुने हो भने संघीयताको कार्यान्वयनमा खासै समस्या रहदैन । यसै परिप्रेक्ष्यमा संघीय शासनप्रणालीको सवलीकरण लगायतमा नेपाल सरकार र अन्य सरोकारवाला निकायहरुको यथेष्ट ध्यानाकर्षणका लागि देहायअनुसारको व्यहोरा निर्देशन हुन यो संकल्प प्रस्ताव प्रस्तुत गर्दछौ ।

**निर्देशन :**

१. अन्तरतहसमन्वयकारी संस्थाहरु क्रियाशील गराउन ।
२. सरकारका तहहरुबीचको कार्यक्षेत्रमा देखिएको दोहोरोपनाको अन्त्य गराउन आवश्य कानूनी व्यवस्था गर्ने ।
३.सरकारका तहहरुबीचको नीति निर्माण र कानून तर्जुमाका बीचमा तादम्यता कायम गराउन ।
४.अन्तरप्रदेश परिषद वैठकको २०७५ मार्गमा अनुमोदित २९ बुंदे संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको पूर्ण कार्यान्वयन गर्न ।
५.अधिकार र कार्यवोभ्रुका आधारमा मात्र संस्थागत संरचनाहरु निर्माण गराउन ।
६.शशर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रमहरु बाँडफाँड बन्द गराउन ।
७. सहभागितामूलक योजनातर्जुमा पद्धतीलाई कार्यान्वयन गराउन ।

८. प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश वमोजिम हुने संविधानको व्यवस्थाको कार्यान्वयन गराउन ।
९. प्रदेश र स्थानीय तहमा देखिएको कर्मचारीहरुको न्यूनता पुरा गर्न ।
१०.प्रहरी लगायत प्रदेशमा समायोजन र हस्तान्तरण गर्न बाँकी संरचनाहरुको व्यवस्थापन गराउन ।
११. स्थानीय तहका पदाधिकारीहरुको सेवा-सुविधा ( सवारी साधनसहित ) मा एकरुपता कायम गराउन ।
१२. प्रदेशमा हुने मन्त्रालय र मन्त्रीको संख्यालाई चुस्त बनाउन आवश्यक गृहकार्य गराउन ।
१३. कानून तर्जुमामा तिव्रता दिन र यसको मस्यौदा निर्माणमा प्रदेश र स्थानीय तहको सहभागिता सुनिश्चित गर्न ।
१४. संघ, प्रदेश र स्थानीय तहवीचको सम्वन्धलाई सुदृढ समन्वयात्मक र सहज बनाउन आवश्यक प्रवन्ध मिलाउन , र
१५.सार्वजनिक खर्च पुनरावलोकन आयोग २०७५ को प्रतिवेदन सार्वजनिकरण र कार्यान्वयन गराउन ।

**सम्वन्धित मन्त्रालय :** प्रधानमंत्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थमन्त्रालय, संघीय मामिला तथा सामन्य प्रशासन र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय ।

अन्तमा, संघीयता कार्यान्वयनको सवै पक्षको गहन अध्ययनका लागि संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय समिति वान्छनीय देखिन्छ । समितिले सातवटै प्रदेशको ( केही पालिकासमेतको) स्थलगत अध्ययन गरी यस सम्मानित संसदमा प्रतिवेदन प्रस्तुत गर्नेछ । निश्चयपनि, संघीयता कार्यान्वयन पश्चात यसले सही मार्ग लिए/नलिएका बारेमा अध्ययन-विश्लेषण आवश्यक छ ।

**समर्थक**
हस्ताक्षर :
नाम, थर : जितेन्द्र नारायण देव
सम्वन्धित दल : नेपाली कांग्रेस

**समर्थक**
हस्ताक्षर :
नाम, थर : गोपी बहादुर सार्की आछामी
सम्वन्धित दल : नेकपा, माओवादी केन्द्र

**प्रस्तावक**
हस्ताक्षर :
नाम, थर : खिमलाल देवकोटा
सम्वन्धित दल : स्वतन्त्र

**समर्थक**
हस्ताक्षर :
नाम, थर : नन्दा चपाई
सम्वन्धित दल : नेकपा (एकीकृत समाजवादी)

**समर्थक**
हस्ताक्षर :
नाम, थर : प्रमिला कुमारी
सम्वन्धित दल : जसपा,नेपाल

**समर्थक**
हस्ताक्षर :
नाम, थर : देवेन्द्र दाहाल
सम्वन्धित दल : नेकपा, एमाले

मिति : २०७९/०२/०३

## अनुसूची २- समिति सचिवालयमा कार्यरत कर्मचारी

| | | |
|---|---|---|
| श्री सीता काफ्ले वाग्ले | - | समिति सचिव |
| श्री दशरथ धमला | - | उपसचिव |
| श्री जीवनकुमार निरौला | - | शाखा अधिकृत |
| श्री नवीन कुमार बस्नेत | - | शाखा अधिकृत |
| श्री पवन महत | - | शाखा अधिकृत |
| श्री जितेन्द्र राय | - | नायब सुब्बा |
| श्री विमल कुमार श्रेष्ठ | - | नायब सुब्बा |
| श्री श्याम के.सी. | - | खरिदार |
| श्री श्रीजन खनाल | - | रा.प. अनं. पाँचौं |
| श्री पूर्ण गुरुङ | - | कार्यालय सहयोगी |

## अनुसूची ३- अन्तर्क्रिया कार्यक्रम गरिएको प्रदेशको परिचय

हिमाल, पहाड र तराईसम्म फैलिएको प्रदेश नं. १ मा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन्। यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन्। यसैगरी उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ प्रदेश नं. २ र वागमती पर्दछन्। यो प्रदेश ८६ डिग्री १ मिनेटदेखि ८८ डिग्री ३ मिनेट पूर्वी देशान्तर र २८ डिग्री २ मिनेटदेखि २६ डिग्री ३ मिनेट उत्तर देशान्तरको बीचमा रहेको छ। यस प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि. मि. तथा कूल जनसङ्ख्या ४५,३४,९४३ रहेको छ।जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा ब्राम्हण, क्षेत्री, राई, लिम्बू, थारू, लेप्चा, मुस्लिम, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, राजवंशीलगायतका जातिहरूको बसोबास रहेको छ भने नेपाली, मैथिली, किराँती, तामाङ, लिम्बू, गुरुङ, लेप्चा, मुस्लिम, मगर र थारू भाषा मुख्य रूपमा बोलिन्छन्। विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत कञ्चनजङ्घा, मकालु, चोयु, ल्होत्से, जन्नु आदि हिमालहरूको अवस्थितिले मित्रराष्ट्र चीनसँग प्राकृतिक सीमाको काम गरेको छ। यस प्रदेशमा इलामको अन्तुडाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चे बजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका पर्यटकीय स्थलहरू रहेका छन्।

आफ्नो भौगोलिक विविधता, आवश्यकता र विशिष्टता अनुरूप शासन प्रवन्ध आफैले गर्ने स्वतन्त्रताको सुनिश्चितता संघीय शासन मार्फत हुने भएकोले पछिल्ला दशकहरूमा यसको माग विश्वभर विस्तारै वढ्दै गयो। त्यस्तैगरी लोकतान्त्रिकरणको लहरसँगै सेवाप्रवाहको जिम्मेवारी नागरिकका नजिकका सक्षम निकायलाई दिईनुपर्दछ भन्ने मान्यताको विकास हुँदै जाँदा तल्लो तहका सरकारहरूको महत्त्व स्थापित हुँदै गयो। यसैक्रममा वि.स. २०७२ मा जारी गरिएको नयाँ संविधानले नेपालमा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेछन् भनी तीन तहको शासन प्रणालीको व्यवस्था गर्यो। यसप्रकार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो। संविधानले तीन तहहरू बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व, र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने प्रष्ट्याए सँगै मुलुक संघीय शासन प्रणालीमा विधिवत रूपमा प्रवेश गर्‍यो। तर यसको कार्यान्वयन चरण भने वि.स. २०७४ मा सम्पन्न तीनै तहको निर्वाचनहरू पश्चात् शुरु भएको हो।

प्रदेश नं. १ मा एउटा महानगरपालिका २ वटा उपमहानगरपालिका ४६ वटा नगरपालिका र ८८ वटा गाउँपालिका समेत गरी १३७ वटा पालिकाहरू रहेका छन् ।

नेपालमा संघीयतालाई राज्य सञ्चालनको प्रणालीका रूपमा अङ्गिकार गर्नुका पछाडि मुख्यत तीनवटा कारणहरू रहेका छन। पहिलो, नेपालका विविध जातजाति, भाषाभाषी र भौगोलिक क्षेत्रको पहिचानको रक्षा गर्दै विद्यमान सामाजिक, आर्थिक विभेदहरूको अन्त्य गर्ने। दोस्रो, विकास प्रकृयालाई क्षेत्रीय, सामाजिक सांस्कृतिक र आर्थिक हिसावले न्यायोचित र समातामूलक बनाउने। तेस्रो, केन्द्रिकृत राजनैतिक, प्रशासनिक र वित्तीय प्रणालीलाई तल्लो तहसम्म निक्षेपित गर्ने। यसको अर्थ सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायका नागरिकहरूप्रति समान हिसावले जवाफदेही हुने, लोकतान्त्रिक प्रणालीलाई संस्थागत गरी नागरिक सहभागितालाई प्रवर्द्धन गर्ने, सेवाप्रवाहलाई नागरिकको घर नजिक पुर्‍याउने र विकासलाई नतिजामुखी बनाई जनउत्तरदायी शासनको अनुभुति दिलाउने भन्ने हो।

## अनुसूची ४ - कार्यक्रमको विस्तृत तालिका

**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिद्वारा आयोजित**

**संघीय शासन प्रणाली सवलीकरण विषयक**

**अन्तर्किया कार्यक्रम**

प्रदेश नं.१ विराटनगर

स्थानः होटल इस्टर्न स्टार

**२०७९/५/७ गते मंगलबार (पहिलो दिन)** **कार्यक्रम संचालकः** उपसचिव दशरथ धमला

| कार्यक्रम | समय |
|---|---|
| **ब्रेकफास्ट** | ८:०० - ९:०० |
| **आसन ग्रहण**<br>**कार्यक्रमका सभापतिः** माननीय खिमलाल देवकोटा<br>**प्रमुख अतिथिः** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना<br>**विशेष अतिथिः**<br>✓ प्रदेशका माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई,<br>✓ प्रदेश सभाका माननीय सभामुख प्रदिप कुमार भण्डारी<br>**अतिथिहरु** | ९:००-९:०५ |
| **राष्ट्रिय गान-** सामूहिक | ९.०५ - ९:०७ |
| **स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाशः** माननीय सदस्य डा. विमला राई पौड्याल | ९.०७ -९.१५ |
| **कार्यक्रमको उदघाटनः** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना | ९.१५ -९.२० |
| **अन्तर्क्रिया (सहजीकरणः समितिका संयोजक तथा कार्यक्रमका सभापति माननीय खिमलाल देवकोटा)**<br>✓ प्रदेश सरकार (मुख्य मन्त्री, प्रदेशका मन्त्रीहरू, नीति तथा योजना आयोगका पदाधिकारीहरू, मुख्यन्यायधिवक्ता)<br>✓ प्रदेश सभा (सभामुख/उपसभामुख, विपक्षी दलको नेता, विषयगत समितिका सभापतिहरू, दलका नेता/ मुख्य/प्रमुख सचेतक, सांसदहरू)<br>✓ प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू<br>✓ स्थानीय तह (उपमहानगरपालिका, नगरपालिका, गाँउपालिकाका प्रमुख/उपप्रमुख<br>✓ राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रदेश कमिटिका प्रमुखहरू<br>✓ निजी क्षेत्र, सहकारी, गैरसरकारी क्षेत्र, नागरीक समाज, पत्रकार | ९.२० -११.०० |
| **चिया ब्रेक** | **११.०० -११.१५** |
| ✓ अन्तर्क्रिया कार्यक्रमको निरन्तरता | ११.१५ -१.०० |
| **दिवा खाना** | **१.०० - २.००** |
| ✓ अन्तर्क्रिया कार्यक्रमको निरन्तरता | २.०० - ३.३० |

| | |
|---|---|
| **धारणा प्रस्तुतः** | ३.३० -३.५० |
| ✓ प्रदेश सभाका प्रमुख प्रतिपक्ष दलका नेता माननीय भिमप्रसाद आचार्य | ३.३० -३.४० |
| ✓ राष्ट्रिय सभाका माननीय सदस्यहरू | ३.४०- ३.५० |
| **मन्तव्यः** | **३.५० -४.४५** |
| ✓ प्रदेश सभाका माननीय सभामुख प्रदिप कुमार भण्डारी | ३.५० - ४.०० |
| ✓ प्रदेशका माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई | ४.०० - ४.१५ |
| ✓ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना | ४.१५ - ४.३५ |
| **पहिलो दिनको कार्यक्रमको समापनः**<br>✓ कार्यक्रमका सभापति तथा समितिका संयोजक माननीय खिमलाल देवकोटा | ४.३५ - ४.४५ |
| **चिया ,कुकिज** | ४.४५ |

**२०७९/५/८ गते (दोस्रो दिन)** **कार्यक्रम संचालकः** उपसचिव दशरथ धमला

| | |
|---|---|
| **ब्रेकफास्ट** | ७.००-८.०० |
| **आसन ग्रहण**<br>**सभापतिः** समितिका माननीय संयोजक माननीय खिमलाल देवकोटा<br>**प्रमुख अतिथिः** राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना<br>**विशेष अतिथिः**<br>✓ १ नं. प्रदेशका माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई<br>✓ राष्ट्रिय सभाका माननीय सदस्यहरू<br>**अतिथिहरू** | ८.००-८.०५ |
| **स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाशः** माननीय सदस्य प्रकाश पन्थ | ८.०५-८.१० |
| **कर्मचारीहरूसँग अन्तर्क्रिया**<br>✓ **सहजीकरणः** कार्यक्रमका सभापति एवं समितिका संयोजक माननीय खिमलाल देवकोटा<br>✓ प्रदेश प्रमुख सचिव, प्रदेश मन्त्रालय, सचिवालय र आयोगका सचिवहरू, प्रमुख जिल्ला अधिकारी, प्रदेश मुकामस्थित विभिन्न निर्देशनालय/कार्यालयका प्रमुखहरू लगायत प्रमुख प्रशासकीय अधिकृतहरू) | ८.१०- ११.०० |
| **चिया ब्रेक** | ११.००-११.१५ |
| **मन्तव्य** | ११.१५-११.४० |
| ✓ १ नं. प्रदेशका माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई | ११.१५-११.२५ |
| ✓ राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना | ११.२५-११.४० |
| **धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन**<br>✓ कार्यक्रमका सभापति एवं समितिका संयोजक माननीय खिमलाल देवकोटा | ११.४०-११.४५ |
| **दिवा खाना** | ११.४५-१२.४५ |

## अनुसूची ५- अन्तर्क्रिया  कार्यक्रमका केही झलकहरू


















## अनुसूची ६- अन्तर्क्रिया कार्यक्रममा सहभागितासम्बन्धी मापदण्ड

**प्रदेश सरकारबाट प्रतिनिधित्व**

- प्रदेशका मुख्य मन्त्री र मन्त्रीहरू सबै
- प्रदेश सभाका सभामुख र उपसभामुख
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता र सचेतकहरू
- प्रदेश सभाका संसदीय समितिका सभापतिहरू
- प्रदेश सभाका सदस्यहरू मध्येबाट (सबै राजनीतिक दल, क्षेत्र, लिङ्ग, सम्प्रदायको समानुपातिक प्रतिनिधित्व हुने गरी प्रतिनिधिमूलक रूपमा)

**स्थानीय तहबाट प्रतिनिधित्व**

- प्रदेश अन्तर्गतका महानगरपालिका, नगरपालिकाका मेयर र उपमेयरहरू तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरू मध्येबाट (सबै राजनीतिक दल, क्षेत्र, लिङ्ग, सम्प्रदायको समानुपातिक प्रतिनिधित्व हुने गरी)

  **नोटः** मेयर र उपमेयर, महिला र पुरूष तथा दोहोरिएर पुनः निर्वाचित र नयाँ निर्वाचित ५०/५० प्रतिशत हुने गरी)

**कार्यक्रम जिल्लास्थित कर्मचारीहरूको प्रतिनिधित्व**

- प्रमुख जिल्ला अधिकारी
- प्रदेशका प्रमुख सचिव
- प्रदेश मन्त्रालयका सबै सचिवहरू
- कार्यक्रम सञ्चालन हुने जिल्लास्थित कार्यालयहरूबाट कार्यालय प्रमुखहरू (संघ, प्रदेश र स्थानीय तहको प्रतिनिधिमूलक रूपमा)

**अन्य सहभागी**

- राष्ट्रिय मान्यताप्राप्त दलका प्रदेश कमिटिका प्रमुखहरू
- प्रतिनिधिमूलक रूपमा निजी क्षेत्र, नागरिक समाज, सहकारी, गैरसरकारी संस्था र पत्रकारहरू

## अनुसूची ७- छलफलमा व्यक्त भएका विचार तथा सुझाव

**पहिलो दिन**

### रण बहादुर राई, प्रमुख ,सुर्योदय  नगरपालिका, इलाम

- संस्था दर्ता सम्बन्धी  ऐन २०३४ खारेज गरेर स्थानीय सरकार सञ्चालन ऐन अनुसार सम्पूर्ण अधिकार स्थानीय तहलाई दिनु पर्ने ।
- मालपोत ऐन, २०३४ संशोधन नगरिँदा स्थानीय तहमा मालपोत कार्यालय पुग्न नसकेको।
- घर जग्गा धनि पुर्जा वितरण सम्बन्धी एकल अधिकार स्थानीय तहलाई दिएको खण्डमा सेवाग्राही जनताहरूले राहात पाउने छन्।
- स्थानीय तहले बनाएको कानुन संघ र प्रदेशले बनाएको कानुनमा के फरक छ? संघले बनाएको कानुन माथिको जस्तो र स्थानीय सरकारले बनाएको कानुन तलको जस्तो देखिएकोले स्थानीय सरकारले बनाएको कानुनलाई संघ र प्रदेशले मान्यता नदिएको होकी ? ती कानुनहरूमा विभेद देखियो र यसलाई अध्ययन हुन जरूरी देखियो।
- माध्यमिक तह सम्मको शिक्षाको राष्ट्रिय शिक्षा नीति आएपनि संघले शिक्षा नीति नबनाएकोले काम गर्न समस्या भएको छ।
- वन सम्बन्धी नियमावली, २०७९ मा स्थानीय तहलाई कुनै अधिकार नदिएको।
- संघले स्थानीय सरकारसंग समन्वय नगरी नै कर्मचारी खटाई खटाई पठाउने गरेकोले यसलाई पनि बिशेष व्यवस्था गरिनु पर्छ।
- स्थानीय तहमा बिद्युत, सडक, सिचाई, कृषि सम्बन्धमा संघ, प्रदेश, स्थानीय तह बीच समन्वय र सहकार्य नभएकोले लक्ष्य प्राप्तिमा कठिनाई भएको।

### मान बहादुर छाप्की मगर, अध्यक्ष, उदयपुर गाउँपालिका, उदयपुर

- स्थानीय तहमा संघीय सरकारले खटाएको कर्मचारी वा प्रमुख प्रशासकिय अधिकृतहरू जानकारी नगराई चाडै सरुवा गर्ने गरेको.
- कम्तिमा २ वर्षमा सरुवा गर्ने व्यवस्था छ भन्ने बुझेका छौं। समयअगावै सरुवा गर्दा संघले स्थानीय तहहरूलाई जानकारी दिने गरेमा राम्रो हुने थियो।

**प्रमिला राई, उपप्रमुख, षडानन्द गाउँपालिका, भोजपुर**

- संघीय शासन प्रणाली आवश्यकताको आधारमा र भौगोलिक जटिलताका आधारमा महत्त्व दिएर निर्णय गरेर अगाडी बढाउनु पर्ने। संघीय शासन प्रणालीमा बजेट दामासाही रूपमा विभाजन नभई आवस्यक्ताको आधारमा हुनु पर्ने।
- संघीय शासन प्रणालीलाई दरो बनाउन सर्वप्रथम पार्टीहरूमै दलीय सहअस्तित्व हुनुपर्ने।
- संघीय शासन प्रणालीमा स्वास्थ्य, शिक्षा, सडक आवश्यकताको आधारमा निर्णय गर्नु पर्ने।

**देवेन्द्र शर्मा, अध्यक्ष, वार्ड नं ९, सुर्योदय नगरपालिका, इलाम**

- सार्वजनिक खरिद नियमावली छिटो छिटो गरेर संशोधन गर्दा काम गर्न कठिनाई भएको।
- स्थानीय तहका विकासात्मक कामकारवाहीहरू प्रभावित हुने गरी कानुनहरूको संशोधन गर्नु हुँदैन ।
- कुनै कानुनहरूको संशोधन भएमा त्यसको जानकारी समयमै स्थानीय तहलाई जानकारी गराउने परिपाटीको विकास गरिनुपर्छ ।

**सुमन शाक्य, प्रमुख, जिल्ला समन्वय समिति, संखुवासभा**

- संविधानले स्थानीय तह भन्नाले जिल्ला समन्वय समितिलाई पनि लिएको छ। तर त्यहि कतै स्थानीय तह भनेको नगरपालिका र गाउँपालिका मात्रै नै बुझिएको छ। यसमा स्पस्ट हुनु पर्नेछ।
- जिल्ला समन्वय समिति कार्यकारी अधिकार आफुसंग नरहेकोले भाडामा लगाएका आफ्ना हलहरूको रकम पनि संघीय कोषमा जाँदा बत्ति, पानीको विल तिर्न पनि समस्या भइरहेको छ।
- संघ र प्रदेश सरकारबाट आउने अनुदान र बिशेष अनुदान कार्यक्रमहरू सूत्र प्रणाली अन्तर्गत अघि बढाउनु पर्ने।
- जिल्ला भित्रका सरकारी कार्यालय र स्थानीय तहको खर्च वा लेखा प्रणालीको आन्तरिक लेखा परीक्षण जिल्ला समन्वय अधिकारी वा खटाएको लेखा अधिकृतबाट गर्ने व्यवस्था मिलाउनु पर्ने।
- प्रदेश अनुगमन मूल्याङ्कन सम्बन्धी कानुन जिल्ला अनुगमन तथा मूल्याङ्कन समिति निर्माण गरी जिल्ला समन्वय समितिलाई दिनु पर्ने ।
- सुशाशन व्यवस्थापन ऐनमा संशोधन गरी जिससको समन्वयकारी भूमिका स्पस्ट परिभाषित हुनुपर्ने।

- प्राकृतिक स्रोत सम्बन्धी (नदी तथा खानीजन्य) बस्तुको स्थानीयले डी.पि.आर. बनाउदा धेरै रकम लाग्ने भएकाले जीससलाई जिम्मा दिंदा राम्रो उपलब्धि हुनेछ।
- मौजदात कोष सञ्चालन सम्बन्धी कार्यविधि खारेज गरी जिसस सञ्चित कोषमा जम्मा गर्ने व्यववस्था गर्नुपर्ने।
- प्रदेश सभाले जिल्लासभा ऐन २०७५ बनाएको छ। एउटा बुँदामा कार्यान्विन गर्न प्रदेश सभाले नियम बनाउने भनेको छ। तर स्थानीय सरकारले बनाउने भनेको तर बनाउन व्यवधान भएकोले स्पस्ट हुनु पर्ने।
- स्थानीय सरकार सञ्चालन २०७४ मा संशोधन गरी जिल्ला समन्वय समितिको सञ्चित कोष खडा गरी सोहि कोषबाट बजेट बिनियोजन गरी सोहि कोषमा अख्तियारीमा जम्मा गर्ने व्यवस्था गर्नु पर्ने।
- वातावरण संरक्षण ऐनमा जिल्ला भित्रको जुनसुकै सरकारी निर्माणमा, बिकास निर्माण, निजी तथा गैरसरकारी संस्थाको निर्माण सम्बन्धी कामलाई प्रभावकारी बनाउन जिसस मार्फत अनुगमन गर्नुपर्ने।
- राष्ट्रिय सभामा जिल्ला समन्वय समितिलाई पनि मताधिकार दिनु पर्ने व्यवस्था मिलाउनु पर्ने।
- जिल्लामा रहेको संघ, प्रदेश, र स्थानीय तहमा सञ्चालित योजना सम्बन्धमा र निजीक्षेत्रमा हुने जिल्लामा अनुगमन गर्न जिल्ला अनुगमन समिति गठन गरी जिससलाई जिम्मा दिनुपर्ने।
- संघ, प्रदेशको ठुला आयोजनाहरूको प्रभावकारी अनुगमन गर्न जिल्ला अनुगमन सञ्चालन ऐन तथा जिल्ला अनुगमन कार्यविधि सञ्चालनमा ल्याउनु पर्ने।

**बलदेव चौधरी, अध्यक्ष, एकीकृत समाजवादी, प्रदेश कमिटि**

- संघ, प्रदेश र स्थानीय तहको आधिकारको बारेमा कानुन बनाएर नै कार्यान्वनमा लैजानु पर्ने।
- लोकतन्त्रमा व्यक्तिवाद हाबी हुँदै गएको र केन्द्रिक्रित शासन प्रणालीको बिकास भएको पाइएको।
- स्थानीय तह, प्रदेश, संघको साझा अधिकारको विषयमा अन्यौलता रहेको।
- कानुनको विधिमा रहेर काम, कर्तब्य र अधिकारको प्रयोग गर्नु पर्ने।

**उद्धव थापा, सभापति, नेपाली कांग्रेस, प्रदेश १**

- भ्रस्टाचार र अनियमितताको कारण संघीयतामाथि प्रश्न उठेकोले स्थानीय जनप्रतिनिधिले इमान्दारिताका साथ काम गरे संघीयतामा प्रश्न नउठ्ने।

- केहि प्रतिगामी तत्वहरूले संघीयतामाथि प्रश्न उठाइरहेको भन्दै दलहरू सचेत हुनुपर्ने।
- संघीयता कार्यान्वयन गर्न पारदर्शिता तथा जिम्मेवारी वोधका साथ काम गर्नुपर्ने।

**तुलसी न्यौपाने, अध्यक्ष नेकपा. ए. मा. ले, प्रदेश १)**

- साझा अधिकारका सूचीमा संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई अधिकार दिनुपर्ने।
- बजेट निर्माण, योजना तर्जुमा आदिमा प्रदेशमा योजना निर्माणको प्रक्रिया निर्धारण गर्नुपर्ने।
- संबैधानिक तथा कानुनी बिषयमा पुनर्वालोकन हुनुपर्ने।
- समन्वय र अनुगमनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ध्यान दिनुपर्ने।
- साझा अधिकारको सूचीको बिषयमा पुनरावलोकनको जरूरी रहेको।
- प्रदेशमा मन्त्रालयको संख्यामा पुनरावलोकन जरूरी रहेको।

**गफार अन्सारी मिया, अध्यक्ष, हरिनगरा गाउँपालिका, हरिनगरा**

- प्रदेश सरकार र स्थानीय सरकार बीच कानुन कार्यान्वयन प्रक्रियामा सहज बाताबरण नभएको।
- संघ, प्रदेश, स्थानीय सरकार बीच बिकास निर्माणको काममा साझेदार नभएको।
- प्रदेश सरकारले स्थानीय सरकारलाई सहयोग र साझेदार भएको उपस्थिति र अनुभूति नभएको।
- स्थानीय तहमा कर्मचारीको अभाव तथा व्यवस्थापन पदपूर्ति प्रदेश लोकसेवा आयोग मार्फत दिन नसकेको।

**फुलवती राजवंशी, अध्यक्ष, गौरीगंज गाउँपालिका**

- स्थानीय निकायमा बनेको कानुन फितलो भएको कारण स्थानीय तहमा बेरुजूको समस्या बढ्दै गएको।
- समावेशीको आधारमा महिलाहरूको मागलाई प्राथमिकतामा राखी योजनामा बिशेष ध्यान दिनु पर्ने।

**अन्जु खड्का, सदस्य, प्रदेश योजना आयोग**

- संघीयता सम्बन्धी समस्या र चुनौतीलाई व्यवस्थित गर्न परियोजना बैंकको आधारमा बजेट बिनियोजन हुनु पर्ने।
- प्रदेश सरकारको कारण सरकारी अस्पताल, सडक व्यवस्थित हुदै गएको।
- रेड बुकमा अध्ययन र अनुसन्धानको लागि बजेटको व्यवस्था गर्नुपर्ने।

- मध्यकालीन खर्च संरचनाको आधारमा बजेट बाडफ़ाड हुनुपर्ने।

**सर्वध्वज साँवा लिम्बु, सभापति, प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति**

- दलका नेताहरू नै संघीयताप्रति उतरदायी र इमान्दार नभएको र नेताहरूकै कारण संघीयता के हो भन्ने बारे दलहरू अलमल भएको।
- प्रदेश नामकरणमा संघीय तहबाट हस्तछेप भएको कारण नामाकरण हुन नसकेको।
- प्रदेशको काम, कर्तब्य र अधिकार संघीय तहबाट प्रत्यायोजन नभएको।
- संघ, प्रदेश, स्थानीय निकायमा समन्वय हुन नसकेको।
- बिकास समिति अपुरो रहेको कारण कार्वान्यनमा कठिनाई रहेको।
- प्रदेशमा कर्मचारीहरूको अपुग रहेको।

**शिव नारायण सिंह गनगाई, सभापति, सार्वजनिक लेखा समिति**

- संघीय शासन प्रणालीलाई सफल पार्न साझा सूचीमा रहेका कानुनहरू बनाउने काम संघबाट सुरु गर्नुपर्ने।
- प्रहरी ऐन बनाए पनि लागु हुन् नसकेको।
- स्थानीय निवामवाली अनुसार सम्झौता भएका कामहरू समयमा सुरु र सम्पन्न गर्नमा जोड दिनुपर्ने।
- १४ बिमल कार्की, सचेतक, नेकपा एमाले संसदीय दलका
- संघीय शासन प्रणालीको सवलिकरणका सन्दर्भमा सबै भन्दा ठुलो बाधक केन्द्रिकृत मनस्थिति र मनोविज्ञान हो।
- जिल्ला प्रशासन कार्यालयलाई परिमार्जन गरी इलाका प्रशाशन कार्यालय मार्फत प्रत्येक स्थानीय तहमा राख्नु पर्ने।
- स्थानीय तहमा दरबन्दी सम्बन्धमा प्रदेश लोकसेवा आयोग सक्रिय हुन जरुरी छ।
- बजेट बिनियोजन गर्दा सिद्धान्त र आवश्यकताको आधारमा बाडफाड गर्नुपर्ने।

**अर्जुन राई, सभापति, सुशासन तथा योजना समिति**

- संविधानमा व्यवस्था गरिएका कुराहरू संशोधन तथा सवलिकरण तिर ध्यान दिनुपर्ने।
- संघीय कानुनहरूले गर्दा प्रदेशमा काम गर्न कठिनाई भएको।
- संघीय निजामती ऐन जारी गर्नुपर्ने।
- संबिधान संशोधन गर्नु पर्ने आभाष हदै गएको।

- राष्ट्रिय सभाले सरकारलाई दिएको निर्देशनले गरेका निर्णयहरू कार्यान्वयन जोड दिनुपर्ने।

**मा. जयराम यादव, मन्त्री, स्वास्थ्य मन्त्रालय**

- संघीयताले राष्ट्रिय एकता, भौगलिक, सामाजिक, जातीय पहिचानको एकतालाई जोड्ने काम गरेको छ। आम जनताको पहुचमा नआएको कुराहरू संघीयताले जोड्ने काम गरेको छ।
- संघीयता कार्यान्वयन, अधिकार, पहिचानको बिषयमा प्रदेश सरकारले काम गर्ने नसकेको।
- बैदेशिक लगानीको अधिकारलाई प्रदेश सरकारले उपभोग गर्न नपाएको।
- राष्ट्र सेवक कर्मचारी व्यवस्थापन हुन नसकेको।स्थानीय तह प्रदेश तह मातहत रहनु पर्ने।

**माननीय बिष्णु तुम्बाहाम्फे, राज्य मन्त्री, सामाजिक विकाश मन्त्रालय**

- प्रदेश नं १ मा अल्पमत र बहुमतको कारणले पहाड विकाश र निर्णयहरूमा छुटेको छ। यसले पहाड छुटाउने कम गरेको छ। पहाड र मधेशमा जनघनत्वको अन्तर छ। मधेशमा धेरै जनसंख्या प्रदेश १ को  नामकरण पनि रोकिएको छ। यसरी पहाड सुकाउने नीति मा हिडिरहेको छौ र यो कारणले जनता खुशी छैनन।
- हाम्रो प्रदेशमा के छैन। हाम्रोमा खोला नाला छन्। बन, जडिबुटी, खानिहरू, प्रकृति स्रोतहरू छन्। तर खोइ त्यसलाई परिचालन तथा उपयोग गर्ने अधिकार र नाका नाकामा कर उठाउने अधिकार? संघमा सबै अधिकारहरू निहित छन्।

**माननीय खिनु लंग्वा लिम्बु, मन्त्री, पर्यटन तथा मन्तसंस्कृती मन्त्रालय**

- संघीय सरकारलाई राष्ट्रिय गौरवका योजनाहरू बाहेक प्रदेश नं १ ले सम्पूर्ण योजनाहरू सञ्चालन गर्न पाउनु पर्छ। अहिले सम्म ५ लाख देखि १० लाख सम्मका योजनाहरू संघीय सरकार अन्तर्गतका मन्त्रालयहरूलेनै गर्ने गरेका छन् र यो प्रक्रिया भनेको एकात्मक प्रणाली अन्तर्गत हो र संघीय सरकाले यो गरीराख्नु पर्दैन। त्यसैले अब उपरान्त प्रदेश ले नै कार्यक्रमहरू सञ्चालन गर्नु पाउनु पर्छ।
- प्रदेश नं १ सगरमाथा देखि कन्चनजंगा हिमालहरू पर्दछन। ठुला ठुला हिमालहरू संघको एकल अधिकारहरूमा पर्छन। अरु हिमालहरूको रोयल्टी लगायत आरोहन गर्ने र गराउने अधिकार प्रदेशलाई हुनुपर्दछ। यस्ता अधिकारहरू संघमा निहित हुनु हुदैन।
- धार्मिक स्थल बिकाश समितिहरू पनि हालसम्म पनि संघ अन्तर्गतनै दर्ता नवीकरण, नियमन गर्ने गरेको छ। त्यो अधिकार प्रदेशलाई हस्तान्तरण हुनु पर्ने छ।

- प्रदेश नं १ अन्तर्गत पर्ने महत्त्वपुर्ण पर्यटकीय र धार्मिक गन्तव्यहरू संघले होइन प्रदेशले नै घोषणा गर्न पाउनु पर्छ। संगसगै साना किसिमका पालिकाले नै घोषणा गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ।
- प्रदेश नं १ मा प्याराग्लैडिंग जस्ता खेलहरू र जलयात्राको कार्य सञ्चालन गर्न धेरै सम्भावना रहेको छ। तर यस्ता कार्यहरू सञ्चालन गर्न कम्पनि दर्ता, नवीकरण जस्ता कार्यहरू संघबाटै हुने र सञ्चालन पनि हुने गरेकाले अब उपरान्त संबिधान संसोधन गरेर प्रदेश बाटनै हुने व्यवस्था हुन जरुरि छ।
- प्रदेश नं १ मा ठुला र साना बिमान स्थलहरू छन।ठुलालाई नागरीक उड्डयानले सञ्चालन गर्छ। साना साना विमान स्थलहरू सञ्चालनमा छैनन। यो संघको एकल अधिकारको सुचिमा पर्छ। तर यी विमानस्थलहरू सञ्चालन गर्दा प्रदेशसंग समन्वयनै नगरीएकाले अब यसलाई सहजीकरण गर्न अथवा सबलीकरण गर्न कुन हिसाबले अघि बढ्नु पर्ने हो वा कानुन संसोधन गरी प्रदेशको अधिकारमा ल्याउन पर्ने हो।
- प्रदेशलाई सबलीकरण गर्न आवस्यक रहेको निजामती कर्मचारी ऐन र प्रहरी ऐन संघबाट चाडै पास हुन जरुरि छ। प्रदेश अन्तर्गतका जिल्लाहरूमा रहेको जिल्ला प्रशासन कार्यालयहरू प्रदेश मातहत हुन जरुरि छ।
- जिल्ला समन्वय समितिको भूमिकालाई अलिक फराकिलो बनाउन आवस्यक छ। त्यसैले जिल्ला समन्वय समितिको भूमिका थप गर्न संबिधान संसोधन आवस्यक रहेको छ।
- बार्षिक बजेटको अवस्था हेर्ने हो भने, यस प्रदेशमा लगभग २५ अरब बजेट मात्र रहेको, धेरै जस्तो बजेट संघकै मन्त्रालयहरूमा रहने भएकाले प्रदेश सञ्चालनमा धरै बाधा अडचन रहेको छ। त्यसैले आगामी दिनमा यी कुराहरूलाई संसोधन गर्दै जानु पर्छ।

**माननीय राजन राई, मन्त्री, सामाजिक विकास मन्त्रालय**

- संघीयताले महत्त्वपुर्ण तीनवटा कुराहरूमा राष्ट्रलाई योगदान गरेको छः पहिलो नपाली जनतालाई आफ्नु अधिकारको सन्दर्भमा व्यापक जानकारी भएको छ। दोस्रो भौतिक पूर्वाधारको क्षेत्रमा पनि हाम्रो क्षमता अनुसार भौतिक पूर्वाधारको क्षेत्रमा पनि उन्नति गरेका छौं। तेस्रो संघीयताले सबैको लागि राज्य सत्ता हो भन्ने बोध गराएको छ।
- प्रदेश सरकार संघको इकाई हो भन्ने कुरा पनि आएको छ तर यो कुरा संघीयताको बिरुद्धमा रहेकाले हामीले खबरदारी गर्ने काम भई रहेको छ।

**ज्ञान बहादुर गुरुङ, उपाध्यक्ष, संघीय लोकतान्त्रिक राष्ट्रिय मंच, प्रदेश नं १ को संसद**

- प्रदेशलाई कसरि बलियो बनाउने, अधिकार सम्पन्न बनाउने र प्रदेशमा भएका माननीय मन्त्रीज्यूहरूले कसरि प्रदेशलाई कार्यान्वयन गर्ने भन्ने बिषयमा केन्द्रित नहुनाले पनि होला आज प्रदेश खारिज हुनुपर्छ गणतन्त्र खारिज हुनुपर्छ भन्ने आवाज आई रहेको छ। फेरी हामी एकात्मक प्रणालीमा जान तथा रमाउन खोजेको जस्तो भान भई रहेको छ।

- प्रदेशलाई सम्पन्न गराऊन काठमाडौंले सबै काम गर्नु हुन्न।

**माननीय देवेन्द्र दाहाल, सदस्य राष्ट्रिय सभा**

- संघीयता कार्यन्वयन सम्बन्धमा स्थानीय तहमा आफ्नो कानुन आफै बनाउन बजेट विनियोजित भएको ठाउँमा काम सदुपयोग भएको साथै नभएको हुँदा यस बिषयलाई लिएर बहस गर्न जरुरी नभएको।
- स्थानीय तह प्रदेश मातहत ल्याउने भनेको संघीयता बिरुद्ध कुरा भएको।
- संघीयता कार्यन्वयनमा सम्बन्धमा पूर्वाग्राही चिन्तनलाई त्याग्नुपर्ने।
- कुन कुन कानुन बाधक छ। कुन कुन कानुन अभाव छ। कुन कुन कानुन संशोधन गर्न आवश्यक छ त्यस सम्बन्धमा ठोस कुरा आउनु पर्ने।
- संघीयता सम्बन्धमा power exercise चिन्तनलाई त्याग्नु पर्ने।
- सबिधानको कुन कुन कानुन संघीयताको प्राब्धानको लागि बाधक छ त्यस सम्बन्धमा ठोस कुरा आउनु पर्ने।
- संघीयता प्रदेश खारेज हुन्छ भन्ने हुने कुराको पछाडी नलागी अगाडी बढ्नु पर्ने।

**माननीय रमेश जंङ्ग रायमाझी ,राष्ट्रिय सभा, सदस्य**

- संघीयताको बिषयमा आफै प्रदेश कमिटिमा बस्ने आफै संघीयता आवश्यक छैन भन्नु संघीयतालाई खतरामा पार्नु हो।
- राजनीतिमा आलोचना पनि हुन्छ र समर्थन पनि हुने भएकोले आलोचना हुन्छ भनेर आत्तिन्न नहुने।
- राम्रो पक्षलाई लिएर जाने र नराम्रा पक्षलाई सुधार गर्दै जानुपर्ने।
- आँफुले चाहेको भन्दा बढि अधिकार खोजेको।
- संबिधानमा चाहिने कुरालाई राख्नु पर्ने र नराम्रा कुरालाई हटाउनु पर्ने र कानुनमा संशोधन गर्ने कुरा सभाबाट उठाई संशोधन गर्नु पर्ने।
- राष्ट्रिय सभामा जिससलाई मतदान गर्ने अधिकार दिनु पर्ने हो भने संबिधानमा संशोधन गर्नुपर्ने।

**माननीय गोपी आछामी, सचेतक, राष्ट्रिय सभा सदस्य**

- संघीयताको बिषयमा जनताको लेबलमा बिद्रोहको स्वर आईरहेकोले र सरकार जनताको घर दैलोमा अधिकार जाओस् र नेपालमा उत्पीडित जातजाति, वर्ग, क्षेत्र र महिलाको अधिकारमा सुधार हुँदै जाओस् भनेर व्यवस्था बन्ने स्थिति असन्तुस्ट ब्यक्त हदै भ्रम सृजना हदै गएको।

- संघ, प्रदेश, स्थानीयले संबिधानमा उल्लेख गरिएका अधिकारहरू फुकाउदै जानुपर्ने।
- स्रोत साधनको कमिको करण जन अपेक्षा पुरा हुन नसकेको।
- हाम्रा कानुन, जनशक्ति, स्रोत साधनलाई जनअनुरूप सहकार्यमा आधारित भएकोले अपेक्षित आउन नसकेकोले।
- राजनीतिक पार्टी एकजुट भएर गएकोमा राम्रो परिणाम आउदै गएको।
- कानुनको जटिलताको कारण जनअपेक्षा अनुसार कम गर्न नसकिएको।
- तीन तहको समन्वयलाई थप सुधार गर्दै जानु पर्ने।

**माननीय प्रमिला कुमारी, राष्ट्रिय सभा सदस्य**

- अधिकार प्राप्तिको लागि भएका विभिन्न चरणका आन्दोलन मधेश आन्दोलन,जनआन्दोलन,जनजाती, आदिबाशी, राष्ट्रिय आन्दोलन थारु आन्दोलनद्वारा हामीले रास्ट्रियता, संघीयता, धर्मनिरापेक्ष्यता, समावेसीता, धर्मनिरपेक्ष स्थापित गर्न सफल भएका छौ। तसर्थ केहि उपलब्धि संस्थागत गर्न संघीय लोकतन्त्र, गणतन्त्रलाई मजबुत बनाउने कर्तब्य हाम्रो रहेको जानकारी भएको।
- संघीयतालाई मजबुत भए federal system मा पछि परेका समुदाय मधेशी, जनजाती, आधिवासी, मुस्लिम, थारु, पहाडका खस आर्य र महिला, अल्पसंख्यकलाई equal|ty, freedom, dignity, social justice, peaceलाई राज्यको अधिकारमा समानुपातिक गर्न संघीय गणतन्त्रलाई मजबुत बनाउनु पर्ने।
- संघीयता मजबुत भए human development |ndex मा पछि परेका समुदायले समानुपातिक साझेदारी पाउँछ।
- प्रदेश र स्थानीय तहमा प्रशासनिक, राजनीतिक र वित्तीय दह्रो भएमा भने federal system दह्रो हुने।

**माननीय प्रदिप भण्डारी, सभामुख,प्र देश सभा**

- स्थानीय तहले प्रदेश सरकारले बनाएका कानुनको कार्यान्वयन नगरेको।
- प्रदेशले बनाएका कानुन व्यवहारिक रूपमा नियमन गर्दा अधिकांश कानुनको कार्यान्वयन नभएको पाइएको।
- असार १० गते बजेट विनियोजन गर्नुपर्छ, बजेट वक्तव्य आउनुपर्छ, नीति कार्यक्रम आउनुपर्छ भने पनि स्थानीय सरकारले संविधानको मर्म, प्रदेश सभाले बनाएको कानुन अनुसारको भावनामा अघि बढ्न नसकेको।
- प्रदेशले बनाएका कानुन व्यवहारिक रूपमा कति स्थानीय तहबाट कार्यान्वयन भएका छन् भन्ने बारेमा पनि नियमन गरेको।

- स्थानीय सरकारले एकैपटकमा बजेट पास गरेर बिना छलफल टुङ्ग्याएको।
- तीन तहको सरकार भनिरहँदा स्थानीय सरकारमा सरकार चलाउन कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका संविधानले व्यवस्था गरेको कुरा भए पनि त्यो अनुसारको व्यवस्था नभएको।
- स्थानीय सरकारले ५ वर्ष बिताइसकेको भन्दै अब प्रदेश र स्थानीय सरकारलाई नयाँ अभ्यासमा छौं भनिरहने छुट नरहेको।
- कतिपय कानुनहरू निर्माण गर्न नसकेको र एकल अधिकारका कानुनहरू प्रशस्त बनाएको र साझा अधिकारका सूचीमा रहेका कानुनहरूका कारण स्थानीय तहलाई काम गर्न अप्ठ्यारो परिरहेको।
- हामी नयाँ अभ्यासमा थियौं। तर अब नयाँ अभ्यासमा छौं भनिरहने छुट छैन। यो ५ वर्षमा संघीयताको बारेमा आलोचना र टिकाटिप्पणीहरू पनि भइरहेका छन्। कानुन बनाउने थलोलाई हेर्दा कतिपय कानुनहरू निर्माण गर्न सकेनौं। एकल अधिकारका कानुनहरू प्रशस्त बनायौं। साझा अधिकारका सूचीमा रहेका कानुनहरू जसले गर्दा स्थानीय तहलाई काम गर्न अप्ठ्यारो परिरहेको अवस्था छ। त्यसले अलि बढी आलोचित हुनुपरेको अवस्था छ।
- नयाँ संरचनामा गइसकेपछि आफैंले बनाएर ल्याएको संविधानअन्तर्गतका संरचनामार्फत काम गरीरहेको सन्दर्भमा अप्ठ्यारा, प्रभावका बारेमा जानकारी हुनुपर्ने।साथै संघीयतालाई सबलीकरण गर्नका निमित्त के गर्नुपर्छ? भन्ने कुरामा जोड दिन आवश्यक रहेको।

**माननीय मुख्यमंत्री राजेन्द्र राई**

- संघीयता कार्यान्वयनको बाधक संघीय सरकार नै भएको।
- संघीयता आएपछि विकासको दामासाहीकरण भएको छ। जिल्ला जिल्लामा केन्द्रका धेरै छन् कि प्रदेशका योजना धेरै छन्? एक पटक हेरौं,र विकासको दामासाहीकरण भएको छ। एउटा पनि विकास योजना नपरेर सांसदहरूले संघीय संसदमा धर्ना दिएको।
- प्रदेश सरकार भएकैले देशका सबै भूगोलमा सडक पुगेको र प्रदेश सरकार नभएको भए सोलुखुम्बु र ताप्लेजुङले पिच बाटो देख्न वर्षौं लाग्थ्यो र 'सयौं पक्की पुल र भवनहरू बनाइएको साथै भोजपुर जोडिने बाटोमा पहिले एउटा पक्की पुल नभएको र अहिले ३० वटा पक्की पुल बन्दै गरेको अवस्था रहेको।
- संघीय सरकार मात्रै हुँदा ठेकेदारले नटेरेको सुनाए र पहिले पहिले काम गर्दैनथे अहिले ठेकेदार बोलाइ बोलाइ काममा लगाइरहेका हुनाले 'संघीयताको समीक्षा सही रूपमा हुनुपर्छ। संघले बजेट र अधिकार मुठ्याएर प्रदेश र स्थानीय सरकारलाई निम्छरो बनाईएको।

- अधिकार र बजेट दिए विकासको काम गरेर देखाउने र ,हामी खर्च गरेर देखाउने साथै संघले ६५ प्रतिशत खर्च नगर्दा प्रदेशले ८७ प्रतिशत खर्च गरेर देखाएको।
- वृद्धभत्ता घर घरमा पुग्न नसकेको।
- नागरीकता र राहदानी बनाउने सुबिधा स्थानीयतहलाई र प्रदेशलाई दिन नसक्दा जनताहरूलाई संघमा गएर लिन जाँदा कठिनाई भएकोले नागरीकता र राहदानी बनाउने सुबिधा स्थानीय तह र प्रदेश तहलाई जिम्मेवारी दिनु पर्ने।
- स्थानीय, प्रदेशमा संघको तुलनामा योजना तथा कार्यक्रमको बांडफांडमा एकरूपता नदेखिएको।

**सम्माननीय गणेश प्रसाद तिमल्सिना, अधक्ष्य, राष्ट्रिय सभा**

- चुनावमा मन्त्री र सांसदका लागि मात्रै उम्मेदवारी दिने नभइ के गर्ने हो भन्ने योजनासहित जनतामाझ जानुपर्ने र नागरीकले पनि विकास गर्नसक्ने नेतालाई जिताउनुपर्ने आवश्यक रहेको।
- दलहरूले क्षमता, योग्यता हेरेर प्रतिनिधि अघि बढाउनु बढाउनु पर्ने।
- अहिले पार्टीका नेता, कार्यकर्ता कहिले पुराना नेताहरूको जीवन अन्त्य हुन्छ र टिकट पाउँला भनेर प्रार्थना गरीरहेका छन्। अब दलहरूले क्षमता, योग्यता हेरेर प्रतिनिधि अघि बढाउनु पर्ने।
- दुर्गम ठाउँको विकासका लागि र निर्धाहरूको आवाज बनेर संघीयता आउनुपर्ने।
- देशलाई प्रगतिपथमा कसरी अघि बढाउन भ्रष्टाचारलाई कसरी नियन्त्रण गर्ने भन्ने कुरा अब जनतासमक्ष सैद्धान्तिक नभइ व्यवहारमा जोडिनुपर्ने।
- देशलाई गरीबीबाट धनी बनाउने, अविकसितबाट विकसित बनाउने दिशामा अघि बढ्नुपर्ने आवश्यकता रहेको।
- नीति नहुँदा साना आयोजनाहरू पनि सङ्घबाटै आइरहेको हुँदा कठिनाई भएको।
- राष्ट्रिय गौरवको आयोजना संघीय सरकार मातहत हुँदा संघीय सरकारमा केही बजेट बढी हुने कुरालाई स्वाभाविक रूपमा हेर्नुपर्ने।
- राष्ट्रियस्तर, प्रदेशस्तर र स्थानीयस्तरका आयोजनाको वर्गीकरण गरेर काम गर्न आवश्यक रहेको।
- जनसङ्ख्या, भूगोल र बजेटको आधारमा योजनाहरू छुट्याउन सकिने उल्लेख गर्दै दुई प्रदेशसँग जोडिने। आयोजना, जनसङ्ख्याको सीमा तोकेर समेट्ने आयोजना र बजेटको सीमा तोकेर तीनै तहका सरकारले काम गर्नुपर्ने।
- करोड रुपैयाँभन्दा तलका योजना प्रदेशले पालिकालाई दिनुपर्ने व्यवस्था राख्नुपर्ने।

## दोस्रो दिन

**उमेश बस्नेत, प्रमुख प्रशासकीय अधिकृत, बिराटनगर महानगरपालिका**

- मुख्य कमजोरी र समस्या संघीयताको सिद्धान्तमा नै रहेको।
- संबिधानमा व्यवस्था भएनुसारको संघ, प्रदेश, र स्थानीय तह बिचको सम्बन्ध सहकारिता, सह-अस्तित्व, र समन्वयको आधारमा हुने भनिएतापनि कार्यन्वयन हुन नसकेको।
- सहकारिता तर्फ हेर्दा साझा अधिकारका सूचीहरू कार्यन्वयन हुन नसकेको। संविधानको अनुसूची ७, ९ मा कतिपय कानुन बन्न बाकि रहेको। बनेका कानुनहरूमा पनि साझा रूपमा सहकार्य गर्ने बातावरण नबनेको। संघ, प्रदेश, स्थानीय तहले आफ्नै तरिकाले काम गरिरहेको अवस्था छ। जस्तै भू-उपयोग नीति पनि साझा अधिकारको बिषय रहेको। भू-उपयोग ऐन बनेको तर नियमावली नभएको कारणले तिन बर्ष काम नभएको। नियमवाली आयो र ऐनले भू-उपयोग अधिकार स्थानीय तहलाई दिने भनिएता पनि, स्थानीय तहले निर्णय गरेर बर्गिकरण गरेका क्षेत्रहरूलाई मालपोत र नापी कर्यलयले मान्यता नगर्ने कुराहरू आएको। नापी बिभागले बनाएको पुरानो नक्सा अनुसार निर्णय गर्नु पर्ने कुरा आएको। स्थानीय तहलाई दिएको अधिकार कार्यन्वयन हुन सकेको छैन।
- राजस्व बाँडफाँड अनतर्गत स्थानीय तहलाइ ५२% जिम्मेवारी भएको तर स्रोतसाधन २५ % मात्र रहेको। जस्तै प्राकृतिक स्रोतको बांडफांडको कुरामा स्थानीय तहलाई अन्याय भएको महसुस। राजस्व बाँडफाँडमा कनुन संशोधनको सुझाब।
- सिधान्त अनुसार तल्लो स्तरको सरकारले पहिला बजेट पेश गर्नु पर्ने, त्यसपछि प्रदेश, संघले गर्नु पर्ने तर नभएको हुँदा सिफारिश गर्ने व्यवस्था नभएको; बजेट तर्जुमा गर्दा र पेश गर्दा स्थानीय तह बाट सिफारिश हुन नसकेका बिषयहरूलाई प्रदेश र संघले सम्बोधन गर्न सकेको छैन। सहकारिता हुन नसकेको।
- ठुला परियोजना गर्न स्थानीय तहका संस्थागत क्षमता कम छ, जनशक्ति कम रहेको।
- समन्वयको संयन्त्रको व्यवस्था राम्रो रहेको तर कार्यन्वयन नरहेको; अन्तर प्रदेश समन्वय परिषद ३/४ वर्षदेखि हुन नसकेको।
- तिन तहको समन्वय र समिक्षा नभएको कारण नीति प्रतिक्रिया हुन सकेको छैन।
- अन्तर सरकारी बित्त परिषदबाट समाधान हुने बिषयहरू समाधान हुन सकेको छैन। समन्वय संयन्त्रलाई क्रियाशील बनाउनु पर्ने।
- तल्लो तहमा अधिकार दिन नचाहने, संबिधान कानुनमा भए पनि व्यवहारमा प्रयोग गर्न नचाहने समस्या भएको हुँदा मनोवृत्तिमा सुधार गर्नुपर्छ।

**चुडामणि गुरागाई, प्रमुख प्रशासकीय अधिकृत, देवानगंज गाउँपालिका, सुनसरी**

- तीन तहको सरकार गठन भएतापनि कर्मचारीको समायोजना र ब्यबस्थापन समयमै नहुनाले प्रदेश र स्थानीय तहमा कर्मचारीको आकर्षण कम देखिएको।
- स्थानीय सरकार गठन भइ संचालनमा आएतापनि यसको संचालन विधि, प्रक्रिया र सुशासनको सुद्रिधिकरणमा पर्याप्त काम हुनसकेन।
- प्रदेश लोकसेवा आयोग मार्फत सिफारिस भएर पदस्थापन भएका स्थानीय तहका कर्मचारीहरू नियम/कानुनको मर्म विपरित अन्तरस्थानीय वा अन्य निकायमा सरुवा मागेर जाने परिपाठी बढेर गएको। स्थानीय सेवा ऐन नहुनाले कर्मचारीको वृत्तिविकास र मनोबल खस्कदै गएको छ।
- संघीयताले गर्दा स्थानीय तहबाट धेरै सेवाप्रवाह हुने पक्ष सकरात्म रहेको र अझ स्थनीय तहलाई थप सेवा प्रवाहको जिम्मेवारी दिनुपर्ने जस्तै : नागरिकता, पासपोर्ट, मालपोत, विधुत, वन आदि सेवा वडा स्तरबाटै प्रदान गर्न सकेमा गाउ गाउमा सिंहदरबारको अवधारण सार्थक हुने।
- स्पष्ट नीति नियमको अभावले गर्दा स्थनीय तहमा करार र स्थायी कर्मचारी ब्यबस्थापनमा समस्या रहेको।
- तीन तहको सरकारवीच बजेट निर्माण प्रक्रियामा थप समन्वय हुनआवश्यक रहेको।

**गणेश दाहाल, प्रमुख प्रशासकीय अधिकृत, फिदिम नगरपालिका, पाँचथर**

- सहकार्य, समन्वय र सहअस्तित्वको आधारमा स्थानीय सरकार सञ्चालन गरीरहंदा संघीयताको अनुभवमा प्रदेशले समन्वयकारी भूमिका गर्नु पर्ने ।
- स्थानीय तहले गर्ने काम राष्ट्रिय योजना आयोगले प्रगति समिक्षा सम्बन्धमा समन्वयकारी भूमिका निभाउनु पर्ने।
- निजामती सेवाका कर्मचारी साविकका स्थानीय निकायका कर्मचारीहरू स्थानीय तहमा समायोजन भएर गएको तर साविकका स्थानीय निकायका कर्मचारीहरूलाई समायोजन भएर जाँदा motlvatlonal factor को आवश्यकता रहेको।
- वित्तीय हस्तान्तरण सम्बन्धमा स्थानीय तहमा स्थानीय कर,स्थानीय आयका स्रोतलाई दिगो गर्न स्थानीय करको दायरालाई समायोजन गर्ने,स्थानीय आयस्रोतलाई फराकिलो पर्ने,परिमार्जन गर्ने काममा प्रदेश सरकारवाट ध्यान नगएको।
- सहभागितामूलक योजना तर्जुमा गर्ने प्रकियालाई सशक्तिकरण गरेर स्थानीय तहमा लैजानु पर्ने।
- प्रदेश सरकार र स्थानीय सरकारले बनाएको योजनाहरूलाई lnter-llnkage गर्न नसकिएको र योजना बैंकको रूपमा मात्रै रहेको।

- स्थानीय सरकारले नगरसभा र गाउँसभा समयमा सम्पन्न गरेर feedback सहित योजना तर्जुमा सहित प्रदेश सभामा लैजान नसकिएको।
- स्थानीय सरकारमा महालेखा परिक्षणमा बेरुजूको आकार बढ्दै गएकोले बित्तिय अनुशासनको सम्बन्धी शिक्षालाई सशक्त रूपमा लैजानु पर्ने।
- माध्यमिक बिद्यालय स्तरको शिक्षा स्थानीय कानुन बनाएर अगाडी बढाऊन सक्नु पर्ने।

**दिनेश ढुंगाना, अधिकृत, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**

- राष्ट्रियसभा नै विधायिकी अन्तरसम्बन्ध कायम गर्ने सभा रहेकाले संघीय निजामती ऐन छिटै ल्याउनमा आवश्यक पहलकदमी भूमिका निर्वाह गर्न जरुरी रहेको।
- कर्मचारी समायोजन : कारण र प्रभाव - संघिय निजामती सेवा ऐन नहुँदा प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीले असुरक्षा महसुस गरेको र काम गर्न प्रेरित नभएकोले अपेक्षा अनुसारको नजिता/सेवा प्रबाह राम्रो हुननसकेको।
- संघीयतामा कर्मचारीको आचरण र व्यवहारमा पनि परिवर्तन हुन जरुरी रहेको। कर्मचारी स्वयमले नै परिवर्तनलाई आत्मसाथ गर्ने संस्कारको विकास हुनसकेको छैन, व्यवहारगत सुधार गर्नु आवश्यक रहेको।
- ३ तह मध्ये प्रदेश तहको प्रशासनिक संरचना क्रियाशील हुननसकेको, कर्मचारीहरू कामकाजमा आउने गरेको र यो केवल एक विश्राम स्थल जस्तो देखिएको।
- राम्रो नजिता तथा सेवा प्रवाहका आमुल परिवर्तन गर्नलाई प्रदेश र स्थानीय तहले आफ्ननो कर्मचारी आफै ब्यबस्थापन गर्नु पर्ने।
- राजनैतिक समन्वयका लागि राष्ट्रिय समन्वय समिति, प्रदेश समन्वय समिति भएको तर प्रशासनिक तवरमा कर्मचारीहरू वीचमा समन्वय गर्ने संस्थागत संरचना आवश्यक रहेको।

**पशुपति पोखरेल, वरिष्ठ कृषि विकास अधिकृत (योजना महाशाखा)–प्रदेश कृषि मन्त्रालय**

- प्रदेश सरकारको संघीय सरकारबाट स्विकृत संगठन संरचना अनुसार दरबन्दी परिपूर्ति नभएको कारणले गर्दा यो ४ वर्ष एता गुणस्तरीय, प्रभावकारी रूपले कार्य गर्न नसेको ।
- प्रदेश तथा स्थानीय जनशक्तिको संख्या धेरैनै न्युन रहेको कारणले आफुले गर्नुपर्ने उत्तरदायित्वको भार धेरै बेहोर्नु परिरहेको ।
- संगठन संरचनामा अलि भूमिका निर्वाह गर्न सक्ने कर्मचारीहरू संघमामात्र निहित भएको र अलि पेलिएर र हेपिएर आएको कर्मचारी चाहिँ प्रदेश र स्थानीय तहमा रहेको ।
- हरेक step – step मा गुणस्तरीय, छिटो र सबैले भनेको कुरा परिपूर्ति गर्नुपर्ने, तर त्यो कसरी सम्भव हुन्छ ?(जसले गर्दा संघीयतामा नै चुनौती दिन सक्छ )

- ४-५ वर्ष सम्मा पनि निजावती सेवा ऐनको issue सरकारले resolve गर्न नसेको कारणले स्थानीय तहमा कर्मचारीहरू कसरी काम गर्न सक्छन् ?
- नीतिगत स्पस्टता नभएको जस्तै — प्रदेश सरकारको नेत्रित्वमा आउँने Political leadership ले आफ्नो कार्यलय सबै जिल्लाहरूमा विस्तार गर्नुपर्छ भन्ने धारणा तर प्रसासकिय नेत्रित्वले एउटा पनि बढाउन हुदैन भन्ने धारणा। यसमा स्पस्टता हुनुपर्ने अन्यथा कर्मचारी (विशेषगरी समायोजन भएर आएका) संयन्त्र सधैं पिसिरहने हुन्छ। र यस्तो मुद्दालाई रास्ट्रीय स्तरमा नै एकरूपता हुने गरी निर्णय गर्नुपर्ने।
- संघीय स्तरबाट प्रसासनिक नेत्रित्वमा सचिवज्यूहरू frequently transfer हुने भएकोले कार्यगर्न गारो महसुस भएको किनभने नयाँ नियुक्ति कर्मचारीलाई बुझाई नसक्दा सरुवा हुने प्रविर्ति चलिआएको जुन व्यवस्थित रूपले गरिनु पर्ने।
- दिगो विकासको लक्ष्य अनुसार कार्य भए नभएको टिपोट गर्न संयन्त्र र दक्ष जशक्तिको माग भएको।

**टंक प्रसाद गौतम, इकाई प्रमुख (उपसचिव), शिक्षा, समन्वय तथा बिकाश इकाई, मोरंग**

- संबिधानमा उल्लेखित सहकारिता, सह-अस्तित्व र समन्वय गर्ने कार्यलाई कुनै पनि ऐन कानुनखोज्नु पर्ने आवस्यकता नरहेता पनि यी तिनै सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको ।
- संघिय सरकारले दात्री निकयाहरूसंग सम्झौता गरि ल्याएको बजेट सोध भर्ना गर्नु पर्ने हुन्छ । पहिला संघिय सरकारले स्थानीय सरकारलाई बजेट पठाउने र स्थानीय तहले कार्य सम्पन्न गरि खर्च प्रतिवेदन सङ्घमा पेश गर्नु पर्ने साथै संघले दात्री निकायलाई प्रतिवेदन पेश गरिसके पछि मात्र रकम निकासा हुने व्यवस्था रहेको छ । तर कतिपय स्थानीय सरकारहरूले प्रतिवेदन पेश नगरेको कारणले समस्या भई रहेको छ ।
- संबिधानमा प्रावधान गरे अनुसार लोक सेवा आयोग प्रदेश स्तरमा र शिक्षा सेवा आयोग केन्द्र स्तरमा छ, संघले शिक्षक नियुक्ति गर्छ र हाल १ लाख ५८ हजार शिक्षकहरू शिक्षा सेवा आयोग अन्तर्गत देश भरि खटिएका छन् । त्यसैले अब आउने शिक्षा नियमावलीले शिक्षक व्यवस्थापनमा तिनवटै सरकारको भूमिका हुनु पर्छ ।
- स्थानीय तहलाई आफ्नु क्षेत्रमा रहेका नि.मा.वि र मा.वि. स्तरको प्ररिचालनमा पनि भूमिका हुन जरुरि छ ।
- अब हुनु पर्ने कर्मचारी व्यवस्थापनमा शिक्षकको पहिलो नियुक्ति नै स्थानीय तहबाट गर्नु पर्ने र त्यहाँ निश्चित अवधिसम्म काम गरिसकेपछि प्रदेश तहमा जाने र त्यसको पनि निश्चित अवधि पछि संघमा जाने किसिमको ऐन आउनु जरुरि छ ।

**बाबुराम खतिवडा, सचिव, प्रदेश लोक सेवा आयोग**

- प्रदेश १ मा ५०% जनशक्तिको अभाव, आपूति गर्न प्रदेश लोक सेवा आयोग तयार तर प्रदेश सरकारबाट कुनै माग नभएको।
- दशैं अगाडि ६०० जनशक्ति स्थानीय तहमा आपूर्ति गर्ने प्रक्रियामा रहेको।
- समस्या संघीय निजामती ऐन मै रहेको। अन्य प्रदेशहरूमा प्रादेशिक निजामती कानुन बनाइसकेको र जनशक्ति आपूर्ति गर्न आयोगमा माग गरिसकेको तर प्रदेश १ को सरकारले माग नगरेको आबस्था रहेको।
- गाउँ घर सम्म सेवा प्रवाह पुग्नु, ठुलो बजेट पुग्नु उपलब्धि हो तर संगसंगै स्थानीय तहमा भ्रस्टाचार को लहर पुग्नु चाही संघीयताको  समस्या हो।
- समस्याको उत्पत्ति मानसिकतामा रहेको। राजतन्त्र समाप्त गरेर गणतन्त्र आएपनि सामन्ती मानसिकता राजनीतिक अभिनेता बाट हट्न नसकेको । जति नीति नियम, प्रतिबेदन तयार गरे पनि, जब सम्म राजनीतिक अभिनेताको मानसिकता परिवर्तन हुँदैन तबसम्म केहि हुन सक्दैन।
- कर्मचारीतन्त्र ध्वस्त भएको छ। हरेक सरुवा, बढुवामा, पोस्टिंगमा पैसाको खेल/भ्रष्टाचार भएको छ ।
- संकल्प प्रस्तावमा पारित भएका बिषयहरू कार्यन्वयन भयो भने संघियेता सफल हुने, अन्तर्क्रिया  आवश्यक नरहेको। कानुन बनाउनेले कानुन उल्लंघन गर्नु समस्या हो। धेरै प्रतिबेदन, अध्यन, समिति, कार्यदल बनिए तर कार्यन्वयन गर्नलाई  मानसिकताको आवश्यकता रहेको।
- वित्तीय हस्तान्तरण सम्बन्धि संविधानको व्यवस्था कार्यन्वयन गराउन मात्र नभई संविधानको अक्षर अक्षर कार्यन्वयन गराउनु पर्ने साथै ऐन, कानुन, बिधि पनि अक्षर अक्षर कार्यन्वयन गराउनु पर्ने।
- लोक सेवा आयोगले दरबन्दी र माग बमजिम ६ महिना भित्र जनशक्ति आपूर्ति गर्न सक्षम रहेको।
- प्रशासनिक संघियेताको लागि कर्मचारीतन्त्र बलियो हुनु पर्ने, कर्मचारी स्वतन्त्र रूपले काम काम गर्नु पर्छ।
- जबसम्म संबिधान, ऐन, कानुनमा प्रतिबद्ध हुँदैनौ तब सम्म संघियेता कार्यन्वयन हुन गाह्रो छ ।
- स्थानीय तहहरूले करारमा कर्मचारी राखेको, स्थायी पदपूर्तिको लागि माग नगरेको जसले गर्दा मुलुक दोबाटो मा पुग्ने र जुन सुकै व्यवस्था आए पनि मानसिकता परिवर्तन नभए सम्म केहि पनि हुन नसक्ने।

**काशीराज दाहाल, प्रमुख जिल्ला अधिकारी, मोरङ**

- संघीयता कार्यान्वयनको सवालमा कर्मचारी समायोजन ऐन, संगठनिक संरचना तयार अतिआवश्यक विषय रहेपनि समयमै यसलाई ब्यबस्थापन नगर्नुमा तिनै तह सरकारको कमजोरी रहेको।
- सघ प्रदेश र स्थानीय तहको कार्य सहकारिता-सहअस्तित्व र समन्वयमा आधारित रहेपनि परमपरागत केन्द्रित मानसिकताले अधिकारको प्रत्यायोजन नगर्ने समस्या तिनै तहको सरकारमा देखापरेको।
- संघीयता कार्यान्वयनको लागि कतिपय संस्थागत संरचना (मन्त्रालय/निकाय/आयोग) हरूको पुनसंरचना गर्न जरुरी देखिएको छ।
- सुरक्षा निकायहरूको स्थानीय तहमा ठुलो माग रहेकाले यसलाई पनि ब्यबस्थापन गर्दै लानु आवश्यक रहेको छ।
- सघियताको सफल कार्यान्वयन र जनतामाझ सरकारको प्रत्याभूति दिलाउन सबैभन्दा पहिला स्थानीय सरकारकको सवलिकरण गर्नु पर्दछ।
- स्थानीय तहमा पठाउने अनुदलाई ब्यबस्थित बनाई लानुपर्ने, हाल केहि प्रदेशमा प्रदेश सभा सदस्यहरू मार्फत वितरण गरिएको कारणले त्यसको उचित अनुगमन गर्न नसकेको र वित्तीय जोखिम निम्त्याउने खतरा रहेको।
- प्रदेशबाट स्थानीय तहमा पठाउने बजेटमा प्रदेश सांसदहरूको होडबाजी चल्ने गरेको।
- संघीयता नहुँदाको अवस्थामा संघबाट टुक्रा टुक्रा बजेट स्थानीय तहमा जाने प्रवृत्ति अझैसम्म रहेको।
- प्रदेश समन्वय परिषद,अन्तर प्रदेश समन्वय परिषदलाई थप क्रियाशील बनाउनु आवश्यक छ। यस किसिमका संरचनामा उठेका सवालहरूलाई ऐन, कानुन मार्फत समाधान गर्ने बाटो तर्फ लाग्न जरुरी रहेको।

**गोपाल प्रसाद पराजुली, प्रदेश सचिव, प्रदेश सभा**

- न्यायिक समितामा जानु पर्ने उजुरीहरू जि.प्र.का.मा जाने गरेको।
- प्रहरीमा आउनु पर्ने उजुरीहरू जि. प्र. का. मा आउने ।
- प्रदेश १ मा यो अवधि सम्म ६३ वटा कानुन पारित गरिएकोले प्रदेश सरकारको काम कानुन बनाउने र सरकार सञ्चालन गर्ने भएकोले काम छैन भन्न नमिल्ने ।
- यस पाँच वर्षमा भौतिक पूर्वाधार निर्माण गर्ने काम भने जस्तो हिसाबले गर्न नसकिएको।
- संघीयताको सबलीकरण र संस्थागत बिकासमा जोड दिनु पर्ने ।

- प्रदेश खारेज गर्नु पर्छ भनेर राजनीतिक घोषणा पत्र लिएर जाने राजनीतिक दलले संबिधान अनुसार चुनावमा भाग लिन पाउने हो वा होइन भन्ने कुरा स्पस्टता हुनु पर्ने ।
- संघीयता देखिने भनेको प्रदेश रहेको र प्रदेश बलियो नभए सम्म संघीयता कार्यान्वन नहुने।

**शिवकुमार कार्की, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय**

- संघीयताको कायान्वयन सम्बन्धमा यसका सजिला तथा अप्ठ्यारो पक्ष विशेष समिति अवगत नै रहेको।
- संकल्प प्रस्तावमा भएको १५ बुंदा कार्यन्वयन भएमा संघीयता सवल हुन्छ। त्यसमध्ये पनि बुँदा नं २, ३, ५, ६, ९ र १२ अति महत्त्वपूर्ण रहेको।
- प्रदेश आफैमा वितिय रूपमा आत्मनिर्भर तथा सक्षम हुनु पर्ने, तर एकल अधिकार कृषि आयमा मात्रै रहेको , राजस्व बांडफाड बाट प्राप्त हुनु आय निम्न रहेको।
- वार्षिक बजेट मा अन्तरिक आय मात्र १२ % योगदान हुने गरेको बाकी ८८% को लागि संघीय सरकारसंग निर्भर हुनुपर्ने।
- प्रदेशमा करको दायरालाई बढाउनु पर्ने चुनौती रहेको।
- विशेष गरि ढुंगा गिट्टी तथा बालुवा जुन प्राकृतिक स्रोत साधनबाट प्राप्त हुनु कर/ आय घुमाउरो पारामा प्रदेशमा नआउने व्यवस्था गरिएको।
- संगठन तथा व्यवस्थापन (O&M) प्रदेश तथा स्थानीय तहमा नभएको कारणले कार्यबोझ विश्लेषण नभएको अवस्थाले कर्मचारीको अभाव हुँदा पनि माग गर्न न सकिएको अवस्था रहेको ।
- प्रदेश तहमा संगठन तथा व्यवस्थापन कार्यविधि स्वीकृत भएको छ र अव सोही बमोजिम गरिने अग्रेको।
- योजना तर्जुमा प्रक्रियामा नै तादाम्यता नरहेको , स्थानीय तह- प्रदेश तह तथा संघ को बजेट तथा योजना निर्माण प्रक्रिया फरक समयमा भएको कारणले ३ तहमा आयोजना/योजनाहरू दोहोरिने प्रबृत्ति रहेको। यस्तो अवस्थामा वित्तीय जोखिम (fiduciary risk) पनि उच्च हुने गरेको।
- वित्तीय अनुसाशन कायम गरि सुशासन प्रवर्धन गर्नेको लागि राख्न प्रदेश तहमा कुनै पनि संयन्त्र /आयोग/निकाय नरहेको ,संघीय प्रणाली अन्तर्गत रहेका संयन्त्रले नै काम गरिरहेको।
- संघीयतामा संघमा रहने विषयहरू के के हुन्, प्रदेशमा रहने विषय के के हुन्, स्थानीय तहले गर्ने काम के के हुन् अधि स्पष्ट भयो भने संघिय व्यवस्था सवल हुने।

- नीतिगत विषयहरू संघमा, कार्यक्रम सहित नीतिगत विषय प्रदेशमा र कार्यक्रमहरू स्थानीय तहमा हुनु पर्ने।
- सबै तहमा संरचनाको विस्तार भएको अवस्थाले गर्दा प्रशासनिक खर्च अनियन्त्रित रूपमा बढेको कारणले संघीयता खर्चिलो भएको दोष लाग्ने गरेको।

**नविनराज सिंह, प्रदेश सचिव-खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय**

- प्रदेश कर्मचारीको संख्या कम भएको अवस्था अवगत गराउदै भएको कर्मचारी जो ८०% eficiency मा काम गरिरहनु भेकोछ उहालाई कार्यभार नपुगेको महसुस त्यसैले कर्मचारी थप गर्दा कार्यभार पनि थप गरिनुपर्छ।
- संघबाट नियुक्ति कर्मचारी महिनामा १ हप्ता काठमाडौं जान-आउन समय बितिरहेको।
- कर्मचारीहरूको उदेश्य भनेको संघीय शासन प्रणाली सवलिकरणमा संघ, प्रदेश र स्थनीयतहलाई दिएका अधिकार कार्यन्वयन गरी जनमानससामु पुऱ्याउनु हो।
- प्रदेश स्थानीय तहमा बजेट विनियोजन कार्यमा समय अवधि धेरै लाग्ने कारणले सेवा प्रभावमा ढिलाई।
- प्रदेशको कार्यक्षेत्रमा पर्ने कार्यहरू पनि संघ मातहत भेरहेको जसको कारणले थप खर्चमा वृद्धि भएको।
- निर्णयकर्ताको स्थानमा बस्नुभएको निर्णयकहरूले संविधान, कानुन, कार्यविधिमा के लेखिएको छ त्यसमा ध्यान दिन अनुरोध।

**माधव प्रसाद पोखेल, सचिव, उद्योग, श्रम तथा रोजगार मन्त्रालय**

- प्रदेशलाई एउटा खुट्टामा उभ्याउने काम भएको छ। राजनीति र प्रशासन दुईवटै खुट्टामा प्रदेश र स्थानीय सरकार उभिनु पर्ने तर प्रदेशलाई भने प्रशासनको पाटोलाई बिर्सिएका छ। राज्य व्यवस्था समितिमा निजामती ऐनको बिषयमा लामो छलफल र बहस भएको, फेरी बिधेयक फिर्ता आउने, हालपनि कर्मचारीहरू आन्दोलनमा हुनुहुन्छ, मन्त्रालयको बाहिर कर्मचारीहरूको मागहरू देख्न सकिन्छ, त्यसैले प्रदेश र स्थानीय तहहरूलाई एउटा खुट्टामा उभ्याउने काम हुनु हुँदैन ।
- जनसक्तिको बारेमा प्रदेशमा आवस्यकता धेरै रहेको छ र संघले निजामती कर्मचारी ऐन र नियमावली छिटो भन्दा छिटो स्वीकृत भई लागु गरेमा संघियता सबलीकरण गर्न सहज हुनेछ।
- राजनीतिज्ञ र कर्मचारीहरू आवाज मात्र दीई राखेका छन् तर काम चाँही कम गरिराखेको अवस्था छ। तर अब हामीले के के कामहरू संघियताको बिषयमा गर्न सकेनौ त्यसको स्टकटेकिंग गर्नुपर्छ।

- मुख्य कुरा संघीयतालाई दलियकरण गरिएको जस्तो भएको छ तर गर्नु पर्ने राजनीतिकरण थियो तर दलियाकरण भयो, एउटा दलले एउटा कुरा राख्ने अर्को दलले अर्को कुरा, यी कारणले संघियताको कार्यान्वयन गिजोलियो त्यसले गर्दा सबल नभएको ।
- संघियताले प्रदेश र स्थानीय सरकारलाई एउटा खोज केन्द्र अथवा नवप्रवर्तन केन्द्रको रूपमा विकाश गर्नु पर्ने मा संघियता पूर्वकै केहि रोगहरू र समस्याहरू सारिएको छ।
- संघीयतालाई कसरि प्रवर्धन गर्ने बढाउने भन्ने कुरामा केन्द्रीय सरकारको नै धेरै भूमिका हुन जरुरि छ ।

**डा. अनुज भट्टचन, सचिव, स्वास्थ्य मन्त्रालय**

- स्वास्थ्य मन्त्रालयले संकल्प प्रस्ताब सम्बन्धि लिखितम बुझाएको ।
- कुनै पनि प्रणालीको सबलिकरण, सुधारका लागि संयन्त्रहरू हुन्छ त्यसलाई संचालन गर्ने भनेको जनशक्ति नै हो ।
- राजनीतिक नेतृत्व जनसमुदाय संग जोडिएको हुनाले उनीहरूको अगुवा जनता हो, र कर्मचारिहरूलाई बाटो देखाउने भनेको राजनीतिक नेतृत्व । कर्मचारीतन्त्र भित्र रहेको दलीय राजनीतिकको कुराहरू संकल्प प्रस्तावमा सम्बोधन नगरिएको ।
- सम्बेदनशील, सुरक्षासंग जोडिएको र जिबन देखि मरण सम्मको बिषय भएको हुनाले स्वास्थ्यको क्षेत्रमा मिहिन ढंगले अनुसन्धान गर्नु पर्ने जरुरि देखिएको ।

**किशोरकुमार चौधरी, कानुन सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**

- प्रशासनिक संघीयताको कार्यान्वयन गर्ने भनेको कर्मचारी समायोजन गर्ने हो भन्ने संकुचित मानसिकता विकास भएको। संघीय निजामति सेवा अत्यन्त आवश्यक रहेको ।
- संघले नीति, मापदण्ड, अध्ययन र अनुगमनको भूमिका खेल्नुपर्नेमा केन्द्रबाट अन्य प्रदेश र स्थानीय निकायले गर्ने कामहरूसमेत हुने गरेको छ जुन संघीयताको मर्म विपरित रहेको छ।
- साझा अधिकार क्षेत्रका विषयहरूको हकमा संघीय नीति,कानुन नबनेको हुनाले प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रधिकारको सवालमा दुविधा र अधिकार पुर्णरूपमा अभ्यास गर्ने सकेको छैन जसले गर्दा स्थानीय तहको सेवा प्रवाहमा असर परेको छ ।
- कर्मचारी समायोजनालाई बढी प्राथमिकता दिईदा अन्य ब्यबस्थापनमा सरकारकको पर्याप्त ध्यान पुग्न नसकेको।
- संघीय निजामती ऐन नआएकोमा प्रदेश निजामती तथा स्थानीय सेवा ऐन बनाउन बाधा भएको।

- नेपाल सरकारको कार्य विस्तृतिकरण प्रतिवेदन अनुसार अझै पनि संघीय सरकार मातहत बढी कार्य जिम्मेवारी राखेको पाइएको छ। जसबाट अझै पनि हामी केन्द्रिकृत मानसिकताबाट माथि उठ्न नसकेको देखेको छ। यस प्रतिवेदनलाई पुन तिनै तह सरकारको व्यापक छलफल र पृष्ठपोषणबाट परिमार्जित गर्न जरुरी छ ।

**संजीव कुमार राई, सचिव, वन तथा भू-संरक्षण मन्त्रालय**

- कतिपय कानुनका लागि संघीय सरकारमा जानुपर्ने अवस्था रहेको भन्दै प्रदेशलाई अधिकार दिनुपर्ने।
- प्राकृतिक स्रोत व्यवस्थापनको विषय स्थानीय निकाय, प्रदेश र केन्द्र सरकारसँग पनि जोडिएकोले यसलाई कानुनी रूपमा नै स्पष्ट गर्न आवश्यक रहेको।
- सङ्घीय , प्रदेश,स्थानीय  सरकारसँग प्रशासनिक र राजनीतिक सहमति जरुरी रहेको।
- २०७६ मा जन सङ्घीय बन लागु भयो तर  प्रदेशमा समोयोजन भएका  नेपाल सरकारले डिभिजनल बन अधिकृत तोक्ने बारे  निर्णय गर्न पर्ने ,फैसला गर्ने बारे  र बन मुद्दा फौजदारी मार्फत जाने हुँदा  नेपाल सरकारको  सबिधानमा बाझिएको हुँदा कठिनाई भएको।
- सङ्घीय सरकार र प्रदेश सरकार बिचमा  सवलिकरणमा जोड दिनु पर्ने ।
- संघिय सरकार बिचको व्यवस्थापनको बिषय सङ्घीय सरकारसंग जानु पर्ने भएकोले  ।
- प्राकृतिक स्रोत व्यवस्थापन तिनै तह संग जोडिएकोले  कानुनमा  स्पस्ट नभएकोले कार्यन्वयनमा कठिनाई भएको
- संघ र प्रदेश बीच प्रशासनिक र राजनैतिक, कानुनी  सहमति हुन जरूरी  भएको ।
- वन मुद्दा फौजदारी मुद्दा भएकोले सरकारी वकिल मार्फत निर्णय गर्दा  कानुनी समस्याले गर्दा कठिनाई  भएको ।
- वन नियमावली जारी भएको तर अधिकार सम्पूर्ण सङ्घीय सरकारमा रहेकोले प्रदेश सरकारलाई निर्णय गर्न कठिनाई भएको।

**दिर्गराज मैनाली, प्रदेश सचिव - सामाजिक विकास मन्त्रालय**

- प्रदेश मन्त्रालयको विभाजन संख्या र नामकरणमा एकरूपता नहुनाले ७ प्रदेशको अन्तर समन्वय गर्न परेको खण्डमा पत्रचार गर्न समस्या देखिएको ।
- निर्माण भएको प्रदेश स्तरीय कानुनमा एकरूपता नहुनुक साथै गुढस्तरको कमि ले गर्दा कार्यन्वयनमा समस्या र उक्त विषयको अध्ययन जरुरी भएको ।
- संघबाट कानुन नबनेको कारणले समस्या - विशेष गरी शिक्षा ऐन संघीय शासन प्रणाली अनुरूप नआएको कारणले प्रदेश तथा स्थानीय तहमा काम गर्न कठिनाइ भएको ।

- संघ अन्तर्गत प्रदेशको १४ वटा जिल्लामा कार्यलय भएको तर पूर्ण कार्य जिम्मेवारी नदिएको ।
- संघ अन्तर्गतको शिक्षा विकास निर्देशनालयमा सोझै बजेट पठाउदा प्रदेश सरकारमा जानकारी समेत नभएको ले केन्द्रिकृत मानसिकताले कार्यन्वयनमा समस्या ।
- संघ / प्रदेश सरकारले अधिकारको बाडफाड नगर्ने मानसिकता जस्तै बजेटको बाडफाड जुन कुराको अन्त्यगरी आवश्यकताको प्राथमिकताकरण हुन जरुरी छ ।
- राजनीतिक र प्रशासनिक दुबै तहको अस्थिरता (सोच, व्यवहार र कार्यन्वयन) परिवर्तन गरी इमान्दारिता, सदारचरिता र शुसासित हुनुपर्ने ।
- संघीय सासन प्रणाली सवलिकरणमा समाजिक विकासको अत्यन्त आवश्यक भएको तर विकास भनेको केवल सडक निर्माण मात्र हो भन्ने सोचको कारणले अरु सामाजिक क्षेत्र जस्तै - शिक्षा, महिला, बालबालिका, जेष्ठ नगरिक, युवा खेलकुद आदिमा न्युन लगानी भईरहेको हुनाले उक्त विषयमा ध्यान दिन आग्रह ।
- साथै संघीय शासन प्रणाली सवलिकरण भड्किलो, समस्यमूलक र खर्चिलो अवस्थाको न्यूनीकरणगरी पारदर्शीता र उत्तरदायि बनाउन आवश्यक देखिन्छ ।

**बिदुर पौडेल, अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय**

- संघियता कार्यान्वयनको शुरुवात चरणमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तर्जुमा गरियो, प्रदेश र स्थानीय तहहरूमा राजस्व संकलन र खर्चको डाटाहरू नभएको, शुरुमा तर्जुमा गरिएको अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले प्रदेशलाई खर्चको आवस्यकता पुग्ने गरि बांडफांड गरियोकी गरिएन भन्ने कुराहरू बिस्लेशन नगरिकन ऐन तर्जुमा गरिएको हुनाले आब यो राजस्व बांडफांडलाई न्याययोचित हुनेगरी परिमार्जन गर्नु पर्ने ।
- कृषि आयामा कर संकलन सम्बन्धमा संबिधानमा व्यवस्था भएता पनि त्यसलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा परिभाषित नगरिएको हुनाले यसलाई समावेश गर्नु पर्ने ।
- संघले प्रदेशको ससर्त अनुदानको आधार सिफारिश गर्ने भन्ने वित्त आयोगमा अधिकार दिएको छ, ति अधारहरूमा थप सहज हुन जरुरि रहेको छ । कस्तो कस्तो आयोजनाहरू प्रदेश र स्थानीय तहमा पठाउने भन्ने बारे स्पस्ट मापदण्ड नहुँदा स-साना आयोजनाहरू पनि संघबाट प्रदेशमा संचालन गर्ने प्रवृत्ति देखिएको छ ।
- संघ बाट ससर्त अनुदानहरू संघको बजेट पारित भई सकेपछि मात्र प्राप्त हुन्छ, जसको कारणले प्रदेशमा के कस्तो आयोजनाहरू प्राप्त भयो भन्ने बारे समय छोटो भएकाले रुजु गर्न नपाईएको । त्यसैले संघबाट प्रदेशमा ससर्त अनुदान प्रदान गर्दा चैत्र कि बैसाख महिनामा बजेट सिमा र योजना सहित पठाउदा राम्रो हुने ।

- संविधानको धारा ६० को उपदफा ३ मा प्रदेशले स्थानीय तहलाई वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक तथा वित्तीय आयोगको सिफारिश बमोजिम हुनेछ भन्ने प्रावधान रहेको छ तर कार्यान्वयनमा रहेका ऐनहरूमा राष्ट्रिय प्राकृतिक तथा वित्तीय आयोगलाई राजस्व बांडफांड गर्ने र अनुदानको सुत्रहरू मात्र निर्धारण गर्ने कार्य अंक दिएको छ, तर चारवटै अनुदानहरू मध्ये कति प्रतिसत छुट्ट्याउनु पर्ने अथवा कति स्थानीय सरकारलाई दिनु पर्ने भन्ने आधार नभएको ।
- प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान मात्र दिने व्यवस्था रहेको, ससर्त, समपुरक र बिशेष अनुदानहरू नेपाल सरकारले मात्र दिने प्रावधान रहेको तर अन्तरसरकारी वित्त व्यवस्था ऐनमा प्रदेशले स्थानीय तहलाई चारवटै अनुदानहरू दिन पाउने व्यवस्था गरिएको छ । यो बिषय संबिधानसंग बाजिएको हो भने स्पस्ट गर्न जरुरि रहेको छ ।
- संविधानको अनुसूची ६ (२) मा राष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको संचालन र व्यवस्थापन गर्ने प्रावधान रहेको तर संघिय ऐन अथवा नेपाल राष्ट्र बैंकको ऐनमा व्यवस्था नभएको कारणले प्रदेशले यस सम्बन्धि कार्यसंचालन गर्न नसकेको ।
- संघिय नियमावली तर्जुमा गर्दा प्रदेश र स्थानीयतहहरूसंग छलफल र परामर्श हुन आवस्यक रहेको।
- संघले निर्माण गरेका साफ्टवयेरहरू र सूचनाप्रणालीहरू प्रदेशलाई स्वामित्व हस्तान्तरण गरेर प्रदेशबाटै संचालन गर्ने व्यवस्था हुन आवस्यक छ ।

**राजेन्द्र फुयाँल, सचिव, राष्ट्रिय सभा**

- संघियताको जग सुशासन र पार्दर्सितामा निर्भर हुने हुनाले प्रदेश सरकारबाट सुशासन र पारदर्शितामा प्रबर्धनमा  योगदान हुनु पर्ने ।
- कर्मर्चारीतन्त्र बलियो भए संघियता कार्यान्यवन वलियो हुने हुनाले कर्मचारीतन्त्र सेवा प्रदान बलियो हुनु पर्ने ।
- प्रादेशिक,सुशासन,बिज्ञ कर्मचारीतन्त्रबाट भएन भनेर मुक्ति पाउन लागि समस्याको ब्याखाकर नभएर सामाजीकरणको प्रबर्द्धकको रूपमा काम हुनु पर्ने ।
- तिन तहको अन्तरसम्बन्ध महत्त्वपुर्ण भएकोले व्यवस्थापिकाले कानुन कार्यान्वयन पनि हेर्ने भएको ले सचिवालयले तुरुन्त बाँधा अड्चन फुकाउन सहयोग गर्ने ।
- वन सम्बन्धि कार्यविधि फुकाउन सङ्घीय सचिवालय मार्फत तुरुन्त सघाउने कम गर्ने ।

**माननीय मन्त्रि श्री ईन्द्र ब. आङ्बो, आर्थिक मामिला तथा योजना मन्त्रालय**

- वित्तीय संघीयता कार्यान्वयनको सन्दर्भमा संघ सरकारको काम कारवाही सन्तोषजनक नरहेको, रास्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको भूमिका प्रभावकारी हुननसकेको

यो केवल आर्थ मन्त्रालयको छायामात्र बन्न सक्यो ,परिकल्पना अनुसार शक्तिशाली र स्वतन्त्र आयोग बन्न नसकेको जसले गर्दा संघीयता नै अधुरो हुन पुग्यो ।

- अन्तरसरकारी वित्तीय ऐन नै यस संविधानको मर्म विपरित रहेको जसले गर्दा रास्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगले पूर्णरूपमा काम गर्न नसकेको । राजस्व र अनुदान बाडफाड बाहेक अन्य कुनै प्रभवकारी भूमिका निर्वाहा गर्न नसकेको ।
- प्रदेश-स्थानीय सरकारको वस्तुगत स्थिति,माग र बैज्ञानिक आधारमा भन्दा अब्यबहारिक र स्वबिबेकीय ढंगबाट राजस्व र अनुदान बाडफाड गर्ने गरेको ।
- केन्द्र सरकारबाट सशर्त अनुदानका आयोजनाहरू प्रदेशमा हस्तान्तरण गर्ने प्रवृत्ति रहेको।
- प्रशासनिक संघीयता सवलिकरण गर्ने संघीय निजामती ऐन आउन आवश्यक रहेको, प्रदेश मातहतका सचिव, अन्य कर्मचारी प्रदेश निजामती ऐन बमोजिम हुनुपर्न ।
- शान्ति सुरक्षाको क्षेत्र प्रदेशको पनि रहेकाले प्रहरी समायोजन हुनु अवाश्यक रहेको ।
- वन ऐन र यस संग सम्बन्धित कार्यालय,कर्मचारी अझै पनि संघ मातहत रहेको ,प्रदेशको धेरै भूभाग वन जंगलले ओगटेको र रावस्व पनि उठ्ने गरेको, प्रदेशले यस क्षेत्रमा निकै लगानी गरेता पनि यसबाट संकलन हुने करको न्यायोचित बाडफाड हुनेनगरेको ।
- यी यावत न्युनतम गर्नुपर्ने कार्य समेत समयमा नगरेकाले जनतामाझ संघीयता र प्रदेश सरकारसंग वितृष्णा बढ्दै गएको, तथापि प्रदेश सरकारले आफ्नो पूर्ण क्षमताका साथ कार्य गर्दै जनतालाई सेवामार्फत जोड्ने कार्यमा निरन्तर लागि परेको ।
- संघीयता अपेक्षित नहुनुको दोषी संघ सरकार र संघीय संसद रहेको ।
- संघीय सांसदहरूले नै संघीयतामाथि प्रश्न उठाउनु गलत रहेको ।

**माननीय गोपी अछामी, सचेतक. राष्ट्रिय सभा सदस्य**

- नेपालमा संबिधान जारी भएपश्चात् संघियता कार्यान्वयनकै चरणमा रहेको , राजनैतिक हिसाबले संघियताको विषयमा ३ तहको सरकारको व्यवस्थाको अभ्यास भएको धेरै भएको छैन, विभिन्न समस्या र बाधा अड्चनका वीच यो पहिलो कार्यकाल ५ वर्ष पुग्न लग्दैछ ।
- नेपालमा लामो समयसम्म केद्रिकृत र एकात्मक राज्य संचालन प्रणालीबाट आएको हुनाले यस संघीयतामा अभ्यस्त हुन मानसिकता तयार नभएको आभास देखिएको ।
- सिद्धान्त संघियताले जनतालाई पहिचान सहितको अधिकार, सेवा दिने र समग्र रस्त्रलाई समृद्ध पनि बनाउने उद्देश्य रहेकोमा त्यो हाल ब्यबहारमा नदेखिएको ।

- समन्वय, सहकारिता र सह-अस्तित्वको आधारमा ३ तहको संघिय व्यवस्थाको परिकल्पना व्यवहारमा रुपान्तरण गर्नका निम्ति कानुनी जटिलता, स्रोत साधनको वितरणमा अभाव फुकाउनु पर्ने आवश्यक रहेको ।
- संरचना, कानुन, स्रोत साधनको अभाव समयमा पनि यो संघिय व्यवस्था सबैको सहयोगमा धेरै नै व्यवस्थित भएको र निरन्तर हुनु पर्नेमा जोडदिनुपर्ने ।

**माननीय देवेन्द्र दाहाल, सदस्य, राष्ट्रिय सभा सदस्य**

- संघियताको व्यवहार जनताको तह समा पुग्नु पर्ने।
- वित्तीय संघीयतालाई व्यवस्थित गर्नु पर्ने।
- संविधानको धारा २३४ (हुनु पर्ने) मा संघ, प्रदेश र स्थानीय तहको अंतरसम्बन्धको सम्बन्धमा विभिन्न कानुनमा केहि संयन्त्रहरू परिकल्पना गरिएको।
- भएका संयन्त्रहरू पनि सक्रिय नभएको अवस्थाले संघियताको कार्यन्वयनमा समस्या।
- औचित्य पुस्टि भएमा संबिधान नै संसोधन गर्न सखिने।
- आवश्यक कानुनहरू बनाउने, मानसिकता परिवर्तन गर्नु पर्ने commitment गर्नुपर्ने।

**माननीय प्रमिला कुमारी, सदस्य, राष्ट्रिय सभा**

- संघिय लोकतान्त्रिक गणतन्त्र मजबुत बनाउन राजनीतिक दल लगायत कर्मचारीहरूको पनि अहम भूमिका रहेको छ ।
- केन्द्रले समयमा प्रदेशहरूको निम्ति आवस्यक कानुनहरू बनाएमा प्रदेश र स्थानीय तहहरूमा कार्य संचालन गर्न सहज हुन छ । धेरैनै पुरानै कानुनहरू कार्यान्वयनमा रहेका छन् उदाहरणको लागि शिक्षा ऐन २०२८ पुराना कानुनहरूलाई संघिय प्रणालीमा ल्याउन उत्तर बिधायेकी परिक्षण गरिने। पुराना कानुनहरूको उत्तर बिधायेकी परिक्षण सम्पन्न पश्चात् निश्चितरूपमा मानव विकाश सूचांकमा पछि परेका समुदायहरू र महिलाको हितमा राम्रो कानुनहरू तर्जुमा हुने छन् ।
- राज्यको सार्वभौमसत्ता, राज्य शक्ति र शासन अधिकारमा प्रदेश र स्थानीय तहले पनि समानुपातिक साझेदारी पाउन राजनीतिक, प्रशासनिक र वित्तीय संघियता मजबुत हुन जरुरि हुन्छ ।
- संघले स्थानीय तह र प्रदेशले स्थानीय तहको लागि कानुन बनायो भने निश्चितरूपले संघियता मजबुत हुने छ ।

**माननीय मुख्यमन्त्री राजेन्द्र कुमार राई**

- कामको जटिलता र संघ सरकारले अधिकार नियन्त्रण गरेर बसेको सन्दर्भ।

- निर्वाचन आयोगले अचार संहिता लागु नहुँदै नीति कार्यक्रममा आएको, बजेट वक्तब्यमा आएको, रातो किताबमा बजेट बिनियोजन गरेको प्रहरी कार्यालयहरू बनाउने कार्यक्रम नगर्नु भनेर वक्तब्य जारि गरेको। "प्रदेश प्रहरी" प्रदेशको एकल अधिकारमा परे पनि प्रहरी भवन निर्माण गर्न संघ सरकारको अनुमति/ स्वीकृति चाहिने भएकोले काम रोकेको उदाहरण ।
- काम/कार्य स्थान्तरण भए पनि सो सम्बन्धि बजेट अझै संघमा नै रहेको अवस्था; प्रदेश सरकारले प्रदेश र जिल्ला खेलकुद समिति गठन गर्न पाउने, खेलकुद गतिविधिहरू बनाउन पाउने व्यवस्था रहेको तर सो सम्बन्धि बजेट स्थान्तरण नभएको; आधारभूत शिक्षा र माध्यमिक शिक्षा स्थानीय निकायलाई दिएपनि बजेट हस्तान्तरण नगरिएको।
- मन्त्रीहरूले कर्मचारीहरूको सरुवा गर्नु हस्तक्षेप नभएर सैधान्तिक काम रहेको। राजनीतिक संगठनले सुशासन दिनुपर्ने, बजेट बनाउनु पर्ने, कार्यक्रम बनाउनु पर्ने र सो काम राजनीतिक संगठनले मात्र सम्भव नभएको हुनाले सहयोगका लागि कर्मचारी संगठन सुरुवात भएको।
- कर्मचारीको जिम्मेवारी भनेको राजनीतिक संगठनले गरेको कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नु हो र सरकारले आफ्नो बजेट कस्तो बनाउने, कस्तो कार्यक्रम लेराउने र त्यसको सफलताको लागि आवश्यकता अनुसारको कर्मचारी परिचालन गर्न सोच्नुपर्ने र यो कुनै नौलो कुरा नरहेको।
- जनताको सेवा, बिकास, सुशासन दिनका लागि नै सरकार र कर्मचारी बनेको।
- मन्त्रि वा कर्मचारीहरूले गरेको सरुवामा रित पुगेको नपुगेको/ कानुन मिलेको नमिलेको हेरिनुपर्छ; राम्रो/नराम्रो नियत हेरिनुपर्छ।
- जनशक्ति भर्ति सम्बन्धि भोलिका दिनमा अफ्टेरो नहुनेगरि ऐन ड्राफ्ट बनाएर अघि बढ्न सकिने कुरा पहिलै देखि छलफल भएको र सोको जिम्मा कर्मचारी परिवार सचिव, प्रमुख सचिवलाई दिइएको।
- सकारात्मक परिवर्तनको अनुभूति हुन नसकेको; मूल दोषी राजनीतिक नेत्रित्वो होला तर राजनीतिक नेत्रित्वोको कार्यक्रमलाइ संचालन गर्न बनाएको कर्मचारी, प्रहरी, आदि संरचना दोषी होला कि नहोला

**सम्माननीय राष्ट्रिय सभाका अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना**

- संघीय निजामती सेवा ऐनको माग सबैजसो प्रदेशमा उठेको र सरकारले अहिले नै राष्ट्रियसभामा ल्याए पनि विधेयक पारित गर्न सकिने। सरकारले अहिले विधेयक पेस नगरे अहिलेसम्मको मिहिनेत शून्यमा परिणत हुने सम्भावना रहेको।

- कतिपय विधेयकहरू मन्त्रालयपिच्छे परिमार्जित हुँदै जाँदा कुरूप बनिरहेको, मुल मर्म एकातिर बनाइ भएको विधेयकलाई झनै बंग्याएर पठाउने समस्या नेपालमा विद्यमान रहेको।
- निजामति सेवा ऐनका लागि विधेयक यही राष्ट्रिय सभा रहँदा ल्याउनुपर्ने कुरा प्रधानमन्त्री, कानुनमन्त्री र संघीय मामिलामन्त्रीहरूलाई भनिसकेकोले यही राष्ट्रिय सभामा विधेयक पेस हुनेमा आशावादी रहेको।
- कर्मचारीतन्त्रले कसरी सेवा प्रवाहबाट देशलाई माथि उठाउने भन्ने बारेमा सोच्न जरुरी रहेको। कर्मचारीहरू कुनैपनि दलको नेताहरूसँग चाप्लुसी गर्न छोडेर जनतामा सहज सेवा बिस्तार र व्यवस्थापनमा लाग्न आवश्यक रहेको।
- तिन तहको सरकारमा कर्मचारीको नियुक्ति, सरुवा आदिमा एक अर्काको मुख ताक्ने हों भने कुनै तह प्रभावकारी हुन सक्दैन।

## अनुसूची ८- प्रदेश सभाबाट पारित भएका विधेयकको विवरण

| क्र. स. | बिधेयकको नाम | पारित | दर्ता मिति | अधिवेसन |
|---|---|---|---|---|
| १. | प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ | २०७४ बैशाख ८ | २०७३ चैत्र २२ | पहिलो |
| २. | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ बैशाख २४ | २०७५ बैशाख २० | पहिलो |
| ३. | गाँउ तथा नगर सभाका सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ बैशाख २४ | २०७५ बैशाख २० | पहिलो |
| ४. | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ बैशाख २४ | २०७५ बैशाख २० | पहिलो |
| ५. | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ बैशाख २४ | २०७५ बैशाख २० | पहिलो |
| ६. | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ बैशाख २४ | २०७५ बैशाख ७ | पहिलो |
| ७. | जिल्ला सभाको संचालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ बैशाख २३ | २०७५ बैशाख ७ | पहिलो |
| ८. | प्रदेश नं. १ आकस्मिक कोष संचालन विधेयक, २०७५ | २०७५ जेष्ठ ६ | २०७५ बैशाख ५ | पहिलो |
| ९. | गाउँ सभा र नगर सभा संचालन (कार्यविधि) विधेयक, २०७५ | २०७५ बैशाख १२ | २०७४ चैत्र २९ | पहिलो |
| १०. | प्रदेशको सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) विधेयक, २०७४ | २०७५ बैशाख ११ | २०७४ चैत्र २९ | पहिलो |
| ११. | विनियोजन विधेयक, २०७४ | | २०७४ बैशाख ४ | पहिलो |
| १२. | प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४ | २०७४ चैत्र १९ | २०७४ चैत्र ८ | पहिलो |
| १३. | सिंचाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ आश्विन १४ | २०७५ श्रावण १४ | दोस्रो |
| १४. | प्रदेश घरेलु हिंसाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ आश्विन १२ | २०७५ श्रावण १३ | दोस्रो |
| १५. | प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको | २०७५ आश्विन १० | २०७५ असार १५ | दोस्रो |

| | | | | |
|---|---|---|---|---|
| | विधेयक, २०७५ | | | |
| १६. | प्रदेश नं १ प्रदेश वित्त व्यवस्थापन विधेयक, २०७५ | २०७५ भदौ २६ | २०७५ असार २५ | दोस्रो |
| १७. | प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा बनेको विधेयक,२०७५ | २०७५ भदौ २५ | २०७५ बैशाख ७ | दोस्रो |
| १८. | प्रदेश नं. १ सामाजिक विकास संस्था विधेयक, २०७५ | २०७५ भदौ २५ | २०७५ श्रावण १३ | दोस्रो |
| १९. | विपद व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ भदौ २० | २०७५ श्रावण १४ | दोस्रो |
| २०. | जिल्ला सभाको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ श्रावण १६ | २०७५ जेष्ठ २१ | दोस्रो |
| २१. | अन्तर प्रदेश वासिन्दाको सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५ श्रावण १६ | २०७५ असार १५ | दोस्रो |
| २२. | विनियोजन विधेयक, २०७५ | २०७५ असार १० | २०७५ असार १ | दोस्रो |
| २३. | प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७७ असार ५ | २०७५ जेष्ठ २१ | दोस्रो |
| २४. | प्रदेश सभा नियमावली (पहिलो संशोधन), २०७४ | २०७५ चैत्र १० | २०७५ फाल्गुन २९ | तेस्रो |
| २५. | विपद व्यवस्थापनका ऐन, २०७५लाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६ बैशाख २२ | २०७६ बैशाख ४ | तेस्रो |
| २६. | प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७६ | २०७५ चैत्र २६ | २०७५ चैत्र २२ | तेस्रो |
| २७. | वृहत विराट क्षेत्र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६ बैशाख १५ | २०७६ बैशाख ५ | तेस्रो |
| २८. | प्रदेश खेलकुद सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ | २०७६ बैशाख १२ | २०७५ आश्विन १९ | तेस्रो |
| २९. | प्रदेश सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६ बैशाख ३ | २०७५ असार १८ | तेस्रो |
| ३०. | प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६ बैशाख ४ | २०७५ भदौ २१ | तेस्रो |
| ३१. | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक | २०७६ जेष्ठ २९ | २०७५ चैत्र २८ | चौथो |
| ३२. | गाउँ तथा नगर सभाका सदस्यहरूको | २०७६ जेष्ठ २९ | २०७५ माघ २८ | चौथो |

| | | | | |
|---|---|---|---|---|
| | सुविधा सम्बन्धी ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक | | | |
| ३३. | जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक | २०७६ जेष्ठ २९ | २०७५ चैत्र २८ | चौथो |
| ३४. | मनमोहन प्राविधिक विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६ आश्विन ६ | २०७६ श्रावण २२ | चौथो |
| ३५. | सार्वजनिक निजी साझेदारी तथा लगानी प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७६ | २०७६ आश्विन १० | २०७६ श्रावण १६ | चौथो |
| ३६. | प्रदेश सवारी तथा यातायातका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६ भदौ २६ | २०७६ भदौ ८ | चौथो |
| ३७. | प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बिधेयक, २०७५ | २०७६ भदौ २२ | २०७५ मंसिर ९ | चौथो |
| ३८. | विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६ भदौ २० | २०७६ आश्विन १८ | चौथो |
| ३९. | प्रदेश स्वायत्त संस्था गठन गर्ने सम्बन्धमा बनेको बिधेयक, २०७६ | २०७६ भदौ ११ | २०७६ असार २३ | चौथो |
| ४०. | प्रदेश लोक सेवा आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७६ | २०७६ भदौ १० | २०७६ असार २९ | चौथो |
| ४१. | भवन निर्माण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७६ भदौ ९ | २०७६ आश्विन १८ | चौथो |
| ४२. | प्रदेश नं.१ जाँचबुझ तथा अनुसन्धान आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७६ | २०७६ श्रावण २३ | २०७६ असार २० | चौथो |
| ४३. | प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ | २०७६ असार २९ | २०७५ फाल्गुन ३ | चौथो |
| ४४. | प्रदेश विनियोजन विधेयक, २०७६ | २०७६ असार २० | २०७६ असार १ | चौथो |
| ४५. | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ | २०७६ असार ६ | २०७६ असार १ | चौथो |
| ४६. | प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | २०७६ चैत्र ६ | २०७६ माघ २१ | पाँचौं |
| ४७. | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को पहिलो संशोधनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७ श्रावण ४ | २०७७ असार २६ | छैटौं |
| ४८. | प्रदेश सार्वजनिक सडकको सम्बन्धमा | | २०७७ असार ३० | छैटौं |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था गर्न बनेको विधेयक, २०७७ | | | |
| ४९. | प्रदेश प्रहरीका सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७७ | | २०७७ असार १७ | छैटौं |
| ५०. | प्रदेश विनियोजन विधेयक, २०७७ | २०७७ असार १७ | २०७७ असार १ | छैटौं |
| ५१. | प्रदेश आर्थिक विधेयक, २०७७ | २०७७ असार ५ | २०७७ असार १ | छैटौं |
| ५२. | प्रदेश नं. १ बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | | २०७६ फाल्गुन २ | छैटौं |
| ५३. | प्रदेश नं. १ जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | | २०७६ फाल्गुन २ | छैटौं |
| ५४. | प्रदेश वनको ब्यवस्था गर्नका लागि बनेको बिधेयक, २०७६ | | २०७७ श्रावण ८ | छैटौं |
| ५५. | प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७६ | | २०७६ माघ २१ | छैटौं |
| ५६. | प्रदेश स्तरमा फर्म दर्ता, नवीकरण तथा ततसम्बन्धी अन्य व्यवस्था गर्नका लागि बनेको विधेयक, २०७६ | | २०७६ माघ २१ | छैटौं |
| ५७. | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७८ चैत्र ११ | २०७८ असार ३० | आठौं |
| ५८. | प्रदेश विनियोजन विधेयक, २०७८ | २०७८ असार २५ | २०७८ असार १ | आठौं |
| ५९. | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न बनेको विधेयक, २०७८ | २०७८ असार ९ | २०७८ असार १ | आठौं |
| ६०. | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ | | २०७७ फागुन २६ | आठौं |
| ६१. | प्रदेश विनियोजन विधेयक, २०७९ | २०७९ असार १९ | २०७९ असार १ | दशौं |
| ६२. | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९ | २०७९ असार १९ | २०७९ असार १ | दशौं |